सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ वैशाख २०८१, सोमबार (15 April 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

संसद् अन्त्यप्रति कांग्रेसको आपत्ति

७० दिन चलेको हिउँदे अधिवेशनमा २३ बैठक बसे, ८१ घण्टा ५५ मिनेट काम गर्दा तीन विधेयक पारित भए



आइतबार बसेको प्रतिनिधिसभा बैठक । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका



● **केपी ओली**
अध्यक्ष, एमाले

बजेट अधिवेशन, नीति तथा कार्यक्रम, प्रिबजेट छलफल, बजेटको तयारी र विभिन्न विधेयकहरूको तयारी एवं छलफल गर्नुपर्नेछ । अहिले अल्झिएर मात्रै बस्ने कुरा भएन । हिउँदे अधिवेशन यतिवेला अन्त्य हुनैपर्ने थियो । बजेट अधिवेशन बोलाउनैपर्छ । त्यसका लागि १५ दिनको ग्याप हुनैपर्छ । समयको हिसाबले पनि अधिवेशन अन्त्य भएको हो । कांग्रेस पनि संसदीय मर्यादामा चलेन ।

प्रेम गौतम/नयाँ पत्रिका

संसद्मा प्रतिनिधित्व गर्ने दलहरूसँग परामर्शविनै सरकारले संघीय संसद्को तेस्रो अधिवेशन अन्त्य गरेको छ । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार राति १२ बजेदेखि अधिवेशन अन्त्य गरेका हुन् । सरकारको सिफारिसमा राष्ट्रपतिले संसद् आह्वान र अन्त्य गर्ने व्यवस्था छ ।

प्रमुख विपक्षी कांग्रेसले संसद्को हिउँदे अधिवेशन अन्त्यको निर्णयलाई संसदीय मूल्य-मान्यताविपरीत र अलोकतान्त्रिक कदमका रूपमा टिप्पणी गरेको छ । तर, कांग्रेसले सदन चल्न नदिएका कारण अधिवेशन अन्त्य गरेको सत्तारूढ दलको दाबी छ । सरकारले केही अध्यादेश जारी गर्न सक्ने सत्तापक्षको संकेत छ ।

अधिवेशनमा के-के काम भयो ? पृष्ठ २

माओवादी प्रमुख सचेतक हितराज पाण्डले कांग्रेसले सदन चल्न नदिएपछि अधिवेशन अन्त्य गर्नुको विकल्प नरहेको बताए । 'सदन चल्नै नदिएपछि लम्ब्याएर राखेर मात्रै पनि के गर्नु ? समितिमा थुप्रै विधेयक गएका छन् । ती विधेयक अघि बढाउने प्रयास हुन्छ । समिति बैठकबाट विधेयक पारित गरेर अगाडि बढ्न सकिन्छ,' उनले भने, 'आवश्यक ऐन, कानुनबारे के गर्ने भन्ने सरकारको विषय हो । आवश्यक परे अध्यादेश ल्याउने विकल्प सरकारसँग छँदै छ ।'

» पृष्ठ २ मा क्रमशः

संसद् अन्त्य गर्ने निर्णय अलोकतान्त्रिक : कांग्रेस

प्रमुख सचेतक रमेश लेखकले बजेट अधिवेशनका लागि पर्याप्त समय हुँदाहुँदै पनि अप्रत्याशित रूपमा चालू अधिवेशन अन्त्य गरिएको विषयप्रति संसदीय दलको गम्भीर ध्यानाकर्षण भएको बताए । 'प्रतिपक्षको अवरोधका कारण संसद् चल्न सकेन भन्ने तर्कहरू लज्जास्पद छन् । हामीले संसद्का कुनै पनि कामकारबाही अवरोध गरेका थिएनौं । सरकारको तानाशाही प्रवृत्तिका कारण दुई दिन अवरोध भएको हो,' लेखकले बैठकपछि भने, 'यसको जिम्मा सरकारले नै लिनुपर्छ । यो निर्णयको कांग्रेस घोर भर्त्सना र निन्दा गर्दछ ।' उनले बैठकले सरकारलाई त्यस्तो संसदीय मूल्य-मान्यताविरुद्ध काम नगर्न चेतावनी दिएकोसमेत बताए । 'हामी अलोकतान्त्रिक र संसदीय मूल्य-मान्यताविरुद्ध काम नगर्न सरकारलाई कडा चेतावनी पनि दिन्छौं,' उनले भने ।



रमेश लेखक

सभामुख नै असन्तुष्ट

सदनको कारबाहीप्रति सभामुख देवराज घिमिरे नै असन्तुष्ट देखिएका छन् । अघिल्ला अधिवेशनको तुलनामा तेस्रो अधिवेशन उपलब्धिमूलक रहे पनि कानुन निर्माण र जनसरोकारका मुद्दा मुखरित गर्ने विषयमा पर्याप्त काम नभएको उनको बुझाइ छ । 'कानुन निर्माण, जनसरोकारका मुद्दा मुखरित गर्नेलगायतका कार्यमा तुलनात्मक रूपमा अघिल्ला अधिवेशनभन्दा तेस्रो अधिवेशन उपलब्धिमूलक रहेको मैले महसुस गरेको छु । तर, पर्याप्त भने हुन सकेन,' उनले भने, 'राजनीतिक दलहरूबीचको उच्च समझदारी र विवेकपूर्ण निर्णयका कारण आगामी अधिवेशनहरू अझै प्रभावकारी र परिणामुखी हुने मैले विश्वास लिएको छु ।'



संसद्मा अभिव्यक्त जनप्रतिनिधिको आवाजलाई सरकारले गम्भीरतापूर्वक सम्बोधन गर्दा सुशासन कायम गर्न र असन्तुष्टिको निवारण गर्न मद्दत पुऱ्याउँछ ।'

गठबन्धनमा खटपट

केन्द्रको सत्तागठबन्धनमा रहेको एकीकृत समाजवादीले सहमति कार्यान्वयन नभएको भन्दै सुदूरपश्चिममा अघि बढायो कांग्रेस र नागरिक उन्मुक्तिको रेशम चौधरी समूहसँग सहकार्य, यो प्रयोग सफल भए केन्द्रीय गठबन्धनमा पनि निम्तिन सक्छ नयाँ संकट

● **जगन्नाथ खतिवडा**, केन्द्रीय प्रचार विभाग प्रमुख, एकीकृत समाजवादी



प्रचण्ड-ओलीले सहमति गर्ने, तर व्यवहार अर्कै गर्ने भएपछि नयाँ अवस्था बन्यो । प्रदेश पार्टी र संसदीय दलले निर्णय गर्ने अधिकार दिएका छौं । प्रदेश पार्टी र संसदीय दलले गर्ने निर्णय केन्द्रलाई मान्य हुन्छ । यो सांकेतिक हो । देशैभर यस्तो अवस्था आउन सक्छ । केन्द्रमा एउटा र प्रदेशमा अर्को गठबन्धन पनि हुन सक्छ ।

● **प्रदीप ज्ञवाली**, उपमहासचिव, एमाले



दुवैतर्फबाट दाबी पेस भएकाले प्रदेश प्रमुख कानुनी विषय बुझेर अगाडि बढ्नुहुन्छ भन्ने मलाई विश्वास छ, तर केन्द्रको सत्ता सहकार्यअनुसार नै प्रदेश सरकार बन्छ ।

● **रञ्जिता श्रेष्ठ**, अध्यक्ष, नाउपा



केन्द्रमा जुन गठबन्धन छ प्रदेशमा त्यहीअनुसार जाने निर्णय भएको छ । पार्टी अध्यक्ष म हुँ, पार्टीको आधिकारिक उम्मेदवार लेटरप्याडमा बुझाएका छौं । हामी गठबन्धनमा हुँदाहुँदै कोही छुट्टिएर अलग जान्छन् भने त्यसलाई नागरिक उन्मुक्ति भन्न मिल्दैन ।

धनगढीमा तेजराज भट्ट

पूर्वसहमतिअनुसार सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री नपाएको भन्दै एकीकृत समाजवादीले सत्तागठबन्धनमा विद्रोह गरेको छ । केन्द्रमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा रहेको एकीकृत समाजवादीले सुदूरपश्चिममा कांग्रेससँग सहकार्य गरेर नागरिक उन्मुक्ति पार्टीका

» पृष्ठ २ मा क्रमशः

■ मुख्यमन्त्रीमा फरक-फरक गठबन्धनबाट नागरिक उन्मुक्तिका दुई सांसदको दाबी पेस



लक्ष्मणकिशोर चौधरी (रेशमलाल चौधरीपक्षीय)को पक्षमा

नाउपा संरक्षक रेशमलाल चौधरीपक्षीय उम्मेदवार लक्ष्मणकिशोर चौधरीलाई कांग्रेसका १८, एकीकृत समाजवादीका चार र एक सांसद रहेको राप्रपाको समर्थन छ । नाउपाका सातै सांसदको समर्थन रहेको दाबी गरे पनि उनीतर्फ पाँच सांसद मात्र खुलेका छन् ।



कैलाश चौधरी (अध्यक्ष रञ्जिता श्रेष्ठपक्षीय)को पक्षमा

नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठपक्षीय उम्मेदवार कैलाश चौधरीलाई माओवादी र एमालेका १०-१० गरी २० र स्वतन्त्र सांसद तारा जोशीको समर्थन छ । नाउपाका सातै सांसदको समर्थन रहेको दाबी रहे पनि उनीतर्फ पनि दुई सांसद मात्र खुलेका छन् ।

■ 'पर्ख र हेर'को स्थितिमा प्रदेश प्रमुख मियाँ

मुख्यमन्त्रीमा दुईजनाको दाबी परेपछि प्रदेश प्रमुख नजिर मियाँ तत्काल 'पर्ख र हेर'को रणनीतिमा छन् । मुख्यमन्त्रीको दाबी पेस गर्न गएका नेताहरूलाई उनले मुख्यमन्त्री नियुक्त गर्न एक-दुई दिन समय लाग्ने र आवश्यक परे भौतिक उपस्थिति गराएर सांसदको सनाखत गर्ने निकटस्थसँग बताएका छन् । 'एउटै पार्टीबाट दुईवटा पत्र आएका छन्, कसलाई आधिकारिक मान्ने भन्ने द्विविधा भएकाले प्रदेश प्रमुख परामर्शमा हुनुहुन्छ,' उनीनिकट स्रोतले भन्यो, 'एक-दुई दिनमा परिस्थिति फेरबदल पनि हुन सक्ला ।'

संसदीय दलको नेताको हैसियतले दुईजनाको पत्र प्रदेश प्रमुखकहाँ पुगेपछि नयाँ परिस्थिति सिर्जना भएको हो । दलका तर्फबाट नेता घनश्याम चौधरीले लक्ष्मणकिशोरलाई मुख्यमन्त्रीमा समर्थन गरिएको पत्र प्रदेश प्रमुखलाई पठाएका छन् । त्यस्तै, दलको नेताको हैसियतमा कैलाश चौधरीले पनि दलले आफूलाई समर्थन गरेको पत्र बुझाएका छन् । दुवैले पार्टीका सातै सांसदलाई गणना गरेका छन् । विवाद चर्किएपछि अध्यक्ष रञ्जिताले घनश्यामलाई दलको नेताबाट हटाएर कैलाशलाई नेता बनाएकी थिइन् । उनले घनश्यामलाई दलको नेताबाट हटाएको पत्र यसअघि नै प्रदेश सभामा पठाइसकेकी छिन् । दलको नेता फेरबदल संसदीय दलले गर्ने भन्दै प्रदेश सभाले यसबारे निर्णय गरेको छैन ।

प्रचण्ड-ओलीले नाउपालाई मुख्यमन्त्री दिने निर्णय गरेपछि माधवको 'मुभ'

सुदूरपश्चिममा मुख्यमन्त्री कुन पार्टीलाई दिने भन्ने विषयमा आइतबार बिहान प्रधानमन्त्रीसहित गठनबन्धनका शीर्ष नेताबीच छलफल भएको थियो । नाउपालाई मुख्यमन्त्री दिने प्रधानमन्त्रीको प्रस्तावमा एमाले अध्यक्ष केपी ओलीले समर्थन जनाए । तर, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले पुरानो सहमति कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

प्रचण्ड-ओलीले कुरा फेरेपछि बालुवाटार बैठक विनानिष्कर्ष टुंगिएको एकीकृत समाजवादी प्रचार विभाग प्रमुख खतिवडाले बताए । 'उहाँहरू (प्रचण्ड-ओली)ले कुरा फेर्नुभयो । हामीले पुरानो सहमति कार्यान्वयन हुनुपर्ने कुरा गर्‍यौं । सहमति नभएपछि बालुवाटारबाट निस्केका हौं । त्यसपछि प्रदेशबारे निर्णय गर्ने अधिकार प्रदेश पार्टी र प्रदेश संसदीय दललाई दियौं ।'

केन्द्रमा गठबन्धनभित्रै समस्या आएको खबर बाहिरिएलगत्तै नाउपा संरक्षक रेशम चौधरीले धनगढीमा मुख्यमन्त्री कमलबहादुर शाह, एकीकृत समाजवादीका संसदीय दलका नेता दीर्घ सोडारीसहितसँग छलफल गर्दै लक्ष्मणकिशोरलाई मुख्यमन्त्रीमा अघि सार्ने सहमति गराएका थिए ।

लगत्तै कांग्रेसका १८, नाउपाका सात, एकीकृत समाजवादीका चार र राप्रपाका एक गरी ३० सांसदको समर्थन रहेको दाबीसहित प्रदेश प्रमुखसमक्ष दाबी पेस गरिएको थियो । यद्यपि, लक्ष्मणकिशोरलाई मुख्यमन्त्री बनाउन नाउपाका पाँच सांसद मात्र खुलेका छन् । मुख्यमन्त्रीमा दाबी पेस गर्दा एकीकृत समाजवादीका सांसद उपस्थित भने थिएनन् ।

विश्व बैंकको नेतृत्वमा माथिल्लो अरुणमा २ अर्ब ८४ करोड डलर र एडिबीको नेतृत्वमा दुधकोशीमा २ अर्ब २० करोड डलर जुटाउने योजना

● **सुशीलचन्द्र तिवारी**, सचिव, ऊर्जा मन्त्रालय



सबै दातृ निकायहरू सम्मिलित भएर लगानी गर्ने विषयमा प्रारम्भिक खाका तयार भएको छ, अन्तिम भइसकेको छैन । एडिबी र प्राधिकरणको मोडलमा खासै भिन्नता छैन । कसले कति हाल्ने भन्ने विषय हो । दातृ निकायहरूबाट कति-कति पैसा प्राप्त हुन सक्छ, त्यसको यकिन गर्ने र आयोजना बनाउन कतिसम्म लागत पर्न सक्छ, कसले कति लगानी गर्ने मोटामोटी खाका बनेको हो ।

पवन तिमिल्सिना/नयाँ पत्रिका


दुई ठूला जलविद्युत् आयोजना माथिल्लो अरुण र दुधकोशीमा जुटाउने लगानीको खाकामा अन्तर्राष्ट्रिय विकास साझेदार र सरकारी निकाय सहमतिनजिक पुगेका छन् । विश्व बैंकको नेतृत्वमा निर्माण हुन लागेको १०६० मेगावाटको माथिल्लो अरुण जलविद्युत् आयोजना र एसियाली विकास बैंक (एडिबी)को नेतृत्वमा बन्न लागेको ६७० मेगावाटको दुधकोशी जलाशययुक्त जलविद्युत् आयोजनामा हुने लगानी संरचनाको

» पृष्ठ २ मा क्रमशः

प्रस्तावित र उपलब्ध लगानीको संरचना (अमेरिकी डलरमा)

दुधकोशी		माथिल्लो अरुण
लगानी प्रस्ताव	लगानी गर्ने निकाय	लगानी प्रस्ताव
६० करोड	एडिबी	१५ करोड
२० करोड	विश्व बैंक	८२ करोड ५० लाख
३० करोड	युरोपियन इन्भेस्टमेन्ट बैंक	५० करोड
६० करोड	जाइका (दुधकोशीको हकमा एआइआइबी, ओपेक, साउदीलगायत)	१५ करोड
५ करोड	आन्तरिक लगानी संस्थाहरू	४० करोड
४५ करोड	विद्युत् प्राधिकरण/सरकार	०
०	ओपेक	१० करोड
०	साउदी फन्ड	१० करोड
०	इक्विटी	६२ करोड
२ अर्ब २० करोड	जम्मा	२ अर्ब ८४ करोड ५० लाख

स्रोत : अर्थ मन्त्रालय



मध्यपूर्वमा युद्ध विस्तारको जोखिम



शनिबार राति इरानको मिसाइल आक्रमण हुँदा देखिएको इजरायलको आकाश

एजेन्सी

इस्लामिक गणतन्त्र इरान र इजरायलबीच आमने-सामनेको अवस्था सिर्जना भएको छ । इरानको शक्तिशाली सेना 'स्लामिक रिभोलुसनरी गार्डस् कर्पस् (आइआरजिसी)ले शनिबार राति तीन सयभन्दा धेरै ड्रोन र मिसाइलले इजरायलमाथि प्रत्यक्ष आक्रमण गरेपछि नयाँ तनाव सुरु भएको हो । सम्भावित कारबाही र परिस्थितिको सामनाका लागि दुवै देश 'अलर्ट' अवस्थामा छन् ।

» पृष्ठ २ मा क्रमशः

■ अन्तर्राष्ट्रिय समुदायको चिन्ता

इजरायलमाथि हमलाको निन्दा, संयम अपनाउन नेपालको आह्वान

अन्तर्राष्ट्रिय समुदायले इरानी आक्रमणको कडा निन्दा गर्दै यो आक्रमणले मध्यपूर्वलाई थप अस्थिर बनाउने चिन्ता प्रकट गरेको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले इरानले इजरायलमाथि गरेको व्यापक आक्रमणको निन्दा गर्दै 'गम्भीर तनाव निम्त्याएको' टिप्पणी गरेका छन् । 'म यसले निम्त्याउन सक्ने खतराबारे निकै चिन्तित छु । मध्यपूर्वमा विभिन्न मोर्चामा ठूलो सैन्य मुठभेड निम्त्याउन सक्ने कुनै पनि कार्यबाट जोगिन सबै पक्षलाई आह्वान गर्छु,' उनले भनेका छन् । यसैबीच, 'संयुक्त कूटनीतिक प्रतिक्रिया'का लागि जी-७ राष्ट्रका नेताहरूले 'पर्ख र हेर'को रणनीतिबारे छलफल गरेका छन् । अमेरिकी नेतृत्वको सैन्य संगठन नाटोले पनि इरानी आक्रमणको निन्दा गर्दै इजरायललाई संयमका लागि अपिल गरेको छ । चीनको विदेश मन्त्रालयले आक्रमणलाई 'गाजा द्वन्द्वको पछिल्लो बाछिटा'को रूपमा चित्रण गरेको छ । भारतीय विदेश मन्त्रालयले पनि सबै पक्षलाई संयमता अपनाउन, हिंसाबाट जोगिन र कूटनीतिक वार्तामा फर्कन आग्रह गर्दै तत्काल तनाव कम गर्न आह्वान गरेको छ । मध्यपूर्वको महत्त्वपूर्ण शक्ति मुलुक साउदी अरबको विदेश मन्त्रालयले सबै पक्षलाई पूर्ण संयम अपनाउन र यो क्षेत्र र यहाँका जनतालाई युद्धको खतराबाट जोगाउन' आह्वान गरेको छ ।

नेपालले इजरायलमाथि इरानबाट आइतबार भएको आक्रमणको निन्दा गर्दै कूटनीति र वार्ताबाट समाधान खोज्न आह्वान गरेको छ । इजरायल र इरानको नाम उल्लेख नगरी नेपालले पश्चिम एसियामा विकसित घटनाक्रमप्रति चिन्ता व्यक्त गरेको छ । आइतबार जारी विज्ञप्तिमा परराष्ट्र मन्त्रालयले कूटनीति र संवादमार्फत पश्चिम एसियामा शान्तिपूर्ण समाधानका लागि आह्वान गरेको छ । 'नेपाल सरकारले पश्चिम एसिया क्षेत्रका विकासक्रमलाई नजिकबाट नियालिरहेको छ । यस क्षेत्रमा बढ्दो तनाव र शत्रुताको स्थितिप्रति हामी गम्भीर रूपमा चिन्तित छौं,' परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा छ, 'नेपाल सरकार विवादको शान्तिपूर्ण समाधानमा दृढ विश्वास गर्दछ र कुनै पनि बल प्रयोगको निन्दा गर्दछ । हामी सम्बन्धित सबै पक्षलाई अधिकतम संयम अपनाउन तथा वार्ता र कूटनीतिको प्रयोग गरी शान्ति स्थापनाका लागि आह्वान गर्दछौं ।' इजरायलस्थित नेपाली राजदूतावासले बेग्लै सूचना जारी गरी इजरायलमा रहेका नेपालीलाई स्थानीय सुरक्षा प्रोटोकल पालना गर्न आग्रह गरेको छ । दूतावासले आवश्यक परेमा दूतावासका द्वितीय सचिव कुमारबहादुर श्रेष्ठ र सहचारी सञ्जयकुमार साहसँग सम्पर्क गर्न अनुरोध पनि गरेको छ ।

■ मध्यपुर थिमिको ऐतिहासिक बिस्का



तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

जात्रामा बालकुमारीपरिसरमा बालकुमारी, दक्षिणबाराही, सिद्धकाली, विष्णुवीर, प्रथम गणेशलगायतको खट जात्रा गरिन्छ । यस जात्रालाई सिन्दुर जात्रा वा ३२ खटको जात्रा पनि भन्ने गरिन्छ ।

संसद्...

पृष्ठ १ बाट क्रमशः

एमाले अध्यक्ष केपी ओलीले बजेट तयारीका लागि संसद् अधिवेशन अन्त्य गरिएको दाबी गरेका छन् । 'बजेट अधिवेशन, नीति तथा कार्यक्रम, प्रिबजेट छलफल, बजेटको तयारी र विभिन्न विधेयकहरूको तयारी एवं छलफल गर्नुपर्नेछ । अहिले अल्फिएर मात्रै बस्ने कुरा भएन । हिउँदे अधिवेशन यतिवेला अन्त्य हुनैपर्ने थियो,' संसद् भवनमा पत्रकारसँग ओलीले भने, 'बजेट अधिवेशन बोलाउनैपर्छ । त्यसका लागि १५ दिनको ग्याप हुनैपर्छ । समयको हिसाबले पनि अधिवेशन अन्त्य भएको हो । कांग्रेस पनि संसदीय मर्यादामा चलेन ।'

प्रमुख विपक्षी कांग्रेसले संसद्को हिउँदे अधिवेशन अन्त्यको निर्णयलाई संसदीय मूल्य-मान्यताविपरीत र अलोकतान्त्रिक कदमका रूपमा टिप्पणी गरेको छ । सरकारको सिफारिसअनुसार आइतबारबाट हिउँदे अधिवेशन सकिएपछि आइतबार बसेको कांग्रेस संसदीय दलको बैठकले संसदील मूल्य-मान्यताविपरीतको कदम भन्दै भर्त्सना पनि गरेको छ ।

प्रमुख सचेतक रमेश लेखकले बजेट अधिवेशनका लागि पर्याप्त समय हुँदाहुँदै पनि अप्रत्याशित रूपमा चालू अधिवेशन अन्त्य गरिएको विषयप्रति संसदीय दलको गम्भीर ध्यानाकर्षण भएको बताए । 'प्रतिपक्षको अवरोधका कारण संसद् चल्न सकेन भन्ने तर्कहरू लज्जास्पद छन् । हामीले संसद्का कुनै पनि कामकारबाही अवरोध गरेका थिएनौं । सरकारको तानाशाही प्रवृत्तिका कारण दुई दिन अवरोध भएको हो,' लेखकले बैठकपछि भने, 'यसको जिम्मा सरकारले नै लिनुपर्दछ । यो निर्णयको कांग्रेस घोर भर्त्सना र निन्दा गर्दछ ।' उनले बैठकले सरकारलाई त्यस्तो संसदीय मूल्य-मान्यताविरुद्ध काम नगर्न चेतावनी दिएकोसमेत बताए । 'हामी अलोकतान्त्रिक र संसदीय मूल्य-मान्यताविरुद्ध काम नगर्न सरकारलाई कडा चेतावनी पनि दिन्छौं,' उनले भने ।

तेस्रो अधिवेशन २२ माघ ०८० मा आह्वान भएको थियो । आइतबारसम्म गरी प्रतिनिधिसभा ७० दिन चालू रह्यो । जसमध्ये २३ दिनमा २३ पटक बैठक बसी जम्मा ८१ घण्टा ५५ मिनेट ससंदीय कामकारबाहीमा व्यतीत भएको सभामुख देवराज घिमिरेले बताए । यस अधिवेशनमा तीनवटा विधेयक मात्रै पारित भएका छन् ।

प्रतिनिधिसभामा उत्पत्ति भएको 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक'माथि राष्ट्रिय सभाबाट गरिएको संशोधनलाई सभाले स्वीकार गरी पारित गरेको छ । राष्ट्रिय सभाबाट प्राप्त आठवटा विधेयकमध्ये 'अनुगमन तथा मूल्यांकन विधेयक, २०७६' र 'खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७' सभाबाट पारित भएको छ ।

यस अवधिमा पाँचवटा सरकारी विधेयक दर्ता भएकोमा 'निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८०' समितिमा विचाराधीन छ । 'संघीय निजामती सेवा विधेयक, २०८०' माथिको सामान्य छलफल समाप्त भएको छ । 'राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८०' र 'बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८० ' सभामा प्रस्तुत भएका छन् । 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८० ' अघि बढ्न सकेको छैन ।

यस्तै, राष्ट्रिय सभामा उत्पत्ति भएको तीनवटा सरकारी र एउटा गैरसरकारी विधेयक प्रतिनिधिसभामा प्राप्त भएकोमा 'विद्युतीय व्यापार विधेयक, २०८०' माथि सामान्य छलफल भएको छ । बाँकी तीनवटा विधेयक सभामा प्रस्तुत भइसकेका छन् । त्यस्तै, सभाको पहिलो र दोस्रो अधिवेशनमा राष्ट्रिय सभाबाट प्राप्त आठवटामध्ये ६ वटा विधेयक सम्बन्धित समितिमा विचाराधीन छन् ।

सभाको पहिलो बैठकमा पेस भएको 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८०' लाई ६ फागुनको बैठकले स्वीकृत गरेको थियो । त्यसैगरी सभाको पहिलो बैठकमा मन्त्रिपरिषद्को निर्णयबाट आयोगको कार्यावधि थप गर्ने गरी जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिम पेस भएको थियो । ३० फागुनमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिएका थिए । गत ६ फागुन र ६ चैतमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरमा २६ सांसदले सोधेको प्रश्नको प्रधानमन्त्री प्रचण्डले जवाफ दिएका छन् ।

दोस्रो अधिवेशनबाट तेस्रो अधिवेशनमा प्राप्त दुईवटा सन्धि-सम्झौतामध्ये 'बिमस्टेक बडापत्र'लाई २० चैतको बैठकले अनुमोदन गरेको थियो । 'अन्तर्राष्ट्रिय सौर्य गठबन्धन' (आइएसए) को स्थापनासँग सम्बन्धित सम्झौतामाथिको सामान्य छलफल समाप्त भएको छ । १४ फागुनमा पेस भएको आर्थिक वर्ष ०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) माथि १, ५, ६ र ७ चैतको बैठकमा छलफल भएको थियो ।

गठबन्धनमा...

पृष्ठ १ बाट क्रमशः

लक्ष्मणकिशोर चौधरीलाई मुख्यमन्त्रीमा अगाडि सारेको हो ।

लक्ष्मणले कांग्रेस, एकीकृत समाजवादी र राप्रपाको सहयोगमा मुख्यमन्त्रीमा दाबी पेस गरेलगत्तै एमाले-माओवादी गठबन्धनले पनि नाउपाकै कैलाश चौधरीलाई मुख्यमन्त्रीमा समर्थन गरेर प्रदेश प्रमुखसमक्ष दाबी पेस गर्न लगाएको छ । मुख्यमन्त्रीमा एकै दलका दुई सांसदको दाबी परेपछि प्रदेश प्रमुख नजिर मियाँले नियुक्त गर्न सकेका छैनन् । कैलाश नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठपक्षीय र लक्ष्मण संरक्षक रेशमलाल चौधरीपक्षीय हुन् । केन्द्रीय गठबन्धनमा सहभागी हुने र नहुने विषयमा रेशम र रञ्जिता (श्रीमान्-श्रीमती) बीच डेढ महिनादेखिको द्वन्द्व चलिरहेका वेला गठबन्धनमै आबद्ध दल एकीकृत समाजवादीले सुदूरपश्चिममा चालेको कदमले झड्का दिएको छ ।

एकीकृत समाजवादी सुदूरपश्चिमका उपनेता प्रकाश रावलले गठबन्धनले आफ्नो पार्टीलाई सम्मानजनक स्थान नदिएपछि प्रदेशमा नयाँ परिस्थिति सिर्जना भएको बताए । 'हाम्रो पार्टीलाई नेतृत्व दिने भनिएको थियो, तर उपेक्षित गरिएपछि कांग्रेससहित सहकार्य गर्ने निर्णयमा पुगेका हौं,' उनले भने, 'अझै पनि केन्द्रमा नेताहरूले छलफल गर्लान् ।' लक्ष्मणकिशोरलाई दिएको समर्थन कायम रहने उनले बताए ।

एकीकृत समाजवादीले सुदूरपश्चिमको असर अन्य प्रदेशमा समेत पर्न सक्ने चेतावनीसमेत दिएको छ । पार्टीका केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले पनि प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष केपी ओलीले पूर्वसहमतिबाट ब्याक भएर एकीकृत समाजवादीलाई साक्षी मात्र बनाउन खोजेपछि नयाँ ढंगले सोच्नुपर्ने अवस्था आएको बताए । 'सहमति गर्ने, तर व्यवहार अर्कै गर्ने भएपछि नयाँ अवस्था बन्यो । प्रदेश पार्टी र संसदीय दललाई निर्णय गर्ने अधिकार दिएका छौं । प्रदेश पार्टी र संसदीय दलले गर्ने निर्णय केन्द्रलाई मान्य हुन्छ,' उनले भने, 'यो सांकेतिक हो । देशैभर यस्तो अवस्था आउन सक्छ । केन्द्रमा एउटा र प्रदेशमा अर्को गठबन्धन पनि हुन सक्छ ।'

एमाले-माओवादीले पनि नाउपालाई नै अघि सारे

कांग्रेसले नाउपाका लक्ष्मणकिशोर चौधरीलाई मुख्यमन्त्रीमा अघि सारेपछि एमाले-माओवादीले पनि नाउपाकै कैलाश चौधरीलाई अघि सारेका छन् । नाउपा अध्यक्ष रञ्जितापक्षीय नेता कैलाशलाई माओवादी र एमालेका १०-१० र स्वतन्त्र सांसद तारा जोशीको समर्थन छ । उनले मुख्यमन्त्रीमा दाबी गर्ने क्रममा माओवादी संसदीय दलका नेता मानबहादुर धामी, एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावललगायत सांसद उपस्थित थिए । नाउपा समानुपातिक सांसद इन्दिरा गिरीमाथिको कारबाही सर्वोच्च अदालतले आइतबार नै बदर गरिदिएको छ । नागरिक उन्मुक्तिका सातमध्ये रेशम पक्षमा पाँच र रञ्जिताको पक्षमा दुई सांसद छन् ।

मुख्यमन्त्रीमा दुईजनाको दाबी परेपछि प्रदेश प्रमुख नजिर मियाँले तत्काल निर्णय नलिने भएका छन् । कांग्रेस संसदीय दलका प्रमुख सचेतक विक्रमसिंह धामीले संविधानअनुसार मुख्यमन्त्रीमा दाबी पेस गरेकाले प्रदेश प्रमुखलाई तत्काल मुख्यमन्त्री नियुक्त गर्न आग्रह गरेको बताए । 'प्रदेश प्रमुखले दुई दिन अध्ययन गरेर निष्कर्षमा पुग्छु भन्नुभएको छ,' धामीले भने, 'सनाखत गर्ने कुरा धारा ५ मा गएपछि मात्र हुन्छ, अहिले गर्नुहुँदैन भनेका छौं ।'

आफ्नै पार्टीका दुई सांसदले मुख्यमन्त्रीमा दाबी पेस गरेपछि नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठले आइतबार नै प्रदेश प्रमुखको कार्यालय पुगेर पार्टीको आधिकारिक उम्मेदवार कैलाश चौधरी भएको बताएकी थिइन् । नागरिक उन्मुक्ति पार्टीबाहिर गएर कसैले गठबन्धन गरे त्यो पार्टीको आधिकारिक नहुने उनले बताइन् । मुख्यमन्त्री नियुक्तिका सन्दर्भमा संसदीय दलका तर्फबाट नेता कैलाश चौधरीले प्रदेश प्रमुखलाई पत्र पठाएको उनले बताइन् ।

घनश्यामले भने कानुनअनुसार संसदीय दलको नेता आफू भएको बताए । दलको नेता पार्टीले नभई संसदीय दलले फेरबदल गर्न सक्ने उनले बताए । 'हाम्रो पार्टीका बहुमत सांसद एक ठाउँमा छौं, दलको नेताको हैसियतले मुख्यमन्त्री नियुक्तिका लागि पठाएको पत्र आधिकारिक हो,' घनश्यामले भने, 'दलको नेता हटाउने पनि विधि, प्रक्रिया छन्, कसैले पत्र पठाउँदैमा हट्ने व्यवस्था कानुनमा छैन ।' प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्तिमा ढिलाइ गरेकोमा पनि उनले असन्तुष्टि जनाए । बहुमत सांसदसहित दुईभन्दा बढी दलको समर्थनमा लक्ष्मणकिशोरको दाबी पेस भएकाले तत्काल मुख्यमन्त्री नियुक्त हुनुपर्ने उनले माग गरे ।

एमालेले केन्द्रीय सहमति र सहकार्यअनुसार नै सुदूरपश्चिममा नयाँ सरकार बन्ने दाबी गरेको छ । 'सुदूरपश्चिममा नाउपाभित्रको समस्याको प्रतिबिम्ब देखिएको हो । केही कानुनी प्रश्न पनि खडा भएका छन् । संसदीय दलको नेताको वैधानिक निर्क्योल गर्नुपर्ने भएको छ । दुवैतर्फबाट दाबी पेस भएकाले प्रदेश प्रमुखले कानुनी विषय बुझेर अगाडि बढ्नुहुन्छ भन्ने मलाई विश्वास छ, तर केन्द्रको सत्ता सहकार्यअनुसार नै प्रदेश सरकार बन्छ,' केन्द्रीय सचिवालय बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले भने, 'एकीकृत समाजवादीका प्रदेशका साथीले माथिको निर्णयविपरीत पत्र दिएको भए पनि माथिबाट त्यसो नगर्नुस्, फिर्ता लिनुस् भनेर शीर्ष तहबाट निर्देशन दिएको सञ्चारमाध्यममा आएको छ ।'

मुख्यमन्त्री कमलबहादुर शाहले २२ चैतमा पदबाट राजीनामा दिएपछि प्रदेश प्रमुख मियाँले संविधानको धारा १६८ को उपधारा २ बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा दाबी पेस गर्न आइतबार बेलुकी ५ बजेसम्मको समय दिएर सरकार गठनका लागि आह्वान गरेका थिए ।

गिरीलाई पुनर्वहाली गर्न सर्वोच्चको अन्तरिम आदेश

सर्वोच्च अदालतले नाउपा समानुपातिक सांसद इन्दिरा गिरीलाई पदमुक्त गर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ । सांसद गिरीले सुदूरपश्चिम प्रदेश सभा सचिवालयसमेतलाई विपक्षी बनाएर दायर गरेको रिटमा सुनुवाइ गर्दै न्यायाधीश प्रकाशमानसिंह राउतको एकल इजलासले रिटको अन्तिम टुंगो नलागेसम्म प्रदेश सभा सदस्यबाट फिर्ता बोलाउने निर्णय कार्यान्वयन नगर्न-नगराउन अन्तरिम आदेश दिएको हो ।

विश्व बैंकको...

पृष्ठ १ बाट क्रमशः

खाका तय भएको हो ।

अर्थमन्त्री, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री र सचिवसहित बसेको विश्व बैंक र एडिबीको संयुक्त बैठकले खाका तय गरेको छ । माथिल्लो अरुण निर्माणका लागि दुई अर्ब ८४ करोड ५० लाख डलर लगानीको खाका तयार भएको छ । यो अर्थ मन्त्रालय र विश्व बैंकबीच भएको सहमतिअनुसारको खाका हो । यो आयोजनाको नेतृत्व लिएको विश्व बैंकले ८२ करोड ५० लाख डलर लगानीको सुनिश्चितता गरेको छ, जसमा उसले ७४ करोड ७० लाख डलर छुट्याइसकेको छ । त्यस्तै, नेपाल विद्युत् प्राधिकरणले एडिबीको नेतृत्वमा दुधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाका लागि दुई अर्ब २० करोड डलरको लगानी खाका प्रस्ताव गरेको छ । जसमा एडिबीले ६० करोड डलर लगानी सुनिश्चित गरिसकेको छ ।

माथिल्लो अरुण र दुधकोशीको लगानी संरचनाको विषयमा प्रारम्भिक खाका तय भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीले बताए । उनले भने, 'सबै दातृ निकायहरू सम्मिलित भएर लगानी गर्ने विषयमा प्रारम्भिक खाका तयार भएको छ, अन्तिम भइसकेको छैन । एडिबी र प्राधिकरणको मोडलमा खासै भिन्नता छैन । कसले कति हाल्ने भन्ने विषय हो । दातृ निकायहरूबाट कति-कति पैसा प्राप्त हुन सक्छ, त्यसको यकिन गर्ने र आयोजना बनाउन कतिसम्म लागत पर्न सक्छ, कसले कति लगानी गर्ने मोटामोटी खाका बनेको हो ।'

१०६० मेगावाटको माथिल्लो अरुण निर्माणको नेतृत्व लिएको विश्व बैंकले ८२ करोड ५० लाख डलर लगानीको सुनिश्चितता गरेकोमा ७४ करोड ७० लाख छुट्याइसकेको छ । तर, विश्व बैंकको उच्चस्तरीय व्यवस्थापनसँग भने सहमति हुन बाँकी छ । विश्व बैंकले न्यून आय भएका राष्ट्रहरूलाई सहयोग गर्ने १० करोड डलर पनि अरुण निर्माण सहयोगमा समेटिने उल्लेख छ । यसबाहेक एडिबीले पनि १५ करोड डलर लगानी गर्ने उल्लेख छ । सरकार तथा प्राधिकरणको सेयर पुँजीको रूपमा ६२ करोड डलर लगानी हुने खाका उल्लेख छ । त्यस्तै, आन्तरिक वित्तीय सुविधा दिने संस्थाहरूबाट व्यापारिक ऋणको रूपमा ४० करोड डलर लिने भनिएको छ । हालसम्म तीन करोड डलर ऋण प्राप्त हुने यकिन भएको खाकामा उल्लेख छ । जापानी सहयोग नियोग (जाइका)बाट १५ करोड डलरको लगानी हुने तय भएको छ । यद्यपि, यसलाई बढाएर ३५ करोडसम्म पुऱ्याउने लक्ष्य लिइएको छ । युरोपियन इन्भेस्टमेन्ट बैंकबाट ५० करोड डलरसम्म प्राप्त हुने अनुमान गरिए पनि हालसम्म १५ करोड डलरको सुनिश्चितता गरिएको छ । पेट्रोल निर्यात गर्ने राष्ट्रहरूको संघ (ओपेक) कोषबाट १० करोड डलर र साउदी कोषबाट १० करोड डलर प्राप्त हुने खाकामा तोकिएको छ ।

एडिबीको नेतृत्वमा लगानी जुटाउने प्रयासमा रहेको दुधकोशी जलाशययुक्त जलविद्युत् आयोजनामा अनुमान गरिएको दुई अर्ब २० करोड डलरको लगानी सम्बन्धमा दुई सम्भावित खाका तय भएका छन् । यसअघि एडिबीसँग छलफल गरी तयार भएको खाकामा एडिबीले २५ प्रतिशत लगानी गर्ने उल्लेख थियो । जसअनुसार एडिबीले ५५ करोड डलर लगानी गर्नुपर्ने हुन्थ्यो । त्यस्तै, युरोपियन इन्भेस्टमेन्ट बैंकबाट ५० करोड डलर (२३ प्रतिशत)को लगानी गर्ने उल्लेख थियो । विद्युत् प्राधिकरण तथा सरकारबाट ४४ करोड (२० प्रतिशत) र विश्व बैंकबाट २० करोड (नौ प्रतिशत) डलर लगानी हुने भनिएको थियो । त्यस्तै, एसियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंक (एआइआइबी), ओपेक कोष, साउदी कोष, जाइकालगायतका सहयोग नियोगहरूबाट २० करोड डलर जुटाउने उल्लेख थियो । आन्तरिक वित्तीय संस्थाहरूबाट ३१ करोड डलर लिने भनिएको थियो ।

तर, युरोपियन इन्भेस्टमेन्ट बैंकबाट ऋण महँगो पर्ने र प्रतिबद्धता आएअनुसार लिन नसक्ने विगतको अभ्यासलाई मध्यनजर गर्दै अर्थ मन्त्रालयले यसको लगानीको अंश घटाउनुपर्ने बताउँदै आएको थियो । त्यसपछि विद्युत् प्राधिकरणले लगानी संरचनामा फेरबदल गर्दै नयाँ खाका प्रस्ताव गरेको छ । जसअनुसार युरोपियन बैंकको लगानीको हिस्सा घटाएर १४ प्रतिशत कायम गरिएको छ । यो बैंकबाट ३० करोड मात्रै लगानी प्राप्त गर्ने उल्लेख छ । त्यस्तै, एआइआइबी, ओपेक कोष, साउदी कोष, जाइकालगायतका सहयोग नियोगहरूबाट ६० करोड (२७ प्रतिशत) लगानी जुटाउने प्रस्ताव छ । एडिबीको लगानीसमेत बढाएर ६० करोड डलर पुऱ्याउने उल्लेख छ । आन्तरिक वित्तीय संस्थाहरूबाट लिने भनिएको ऋण लगानी भने घटाएर पाँच करोड डलरमा झारिएको छ ।

मध्यपूर्वमा...

पृष्ठ १ बाट क्रमशः

घोषित युद्धको घोषणा नभए पनि इरान र इजरायलबीचको पाँच दशकदेखिको तनाव उत्कर्षतिर जाँदा मध्यपूर्वमा युद्ध विस्तारको जोखिम देखिएको छ । आइआरजिसीले इजरायलमाथि आक्रमण गरेपछि तेहरानका सडकमा खुसी मनाइँदै छ भने बाँकी विश्व मध्यपूर्वको युद्ध विस्तार हुन सक्ने जोखिमबाट त्रसित छ ।

इजरायलले 'सही' समयमा मूल्य तिराउने चेतावनी दिएको छ, इरानले नयाँ 'आक्रमण'को 'कडा र पश्चात्ताप गर्नुपर्ने गरी जवाफ' दिइने प्रतिक्रिया दिएको छ । इजरायलका वार क्याबिनेटमन्त्री बेनी गान्ट्जले इरानी आक्रमणको इजरायलले 'सही' समयमा मूल्य तिराउने चेतावनी दिइसकेका छन् । 'हामी क्षेत्रीय गठबन्धन निर्माण गर्नेछौं र उपयुक्त समय र तरिकाले इरानलाई यसको मूल्य तिराउनेछौं,' गान्ट्जले विज्ञप्तिमा भनेका छन् । तत्काल प्रत्याक्रमणको कदम नउठाए पनि इजरायल इरानसँग बदला लिन प्रतिबद्ध देखिन्छ ।

इजरायललाई प्रत्याक्रमणमा सघाउँदा स्थिति नियन्त्रणबाहिर जाने र अकल्पनीय युद्ध भड्किन सक्ने आकलन गर्दै अमेरिकी राष्ट्रपति बाइडेनले अमेरिका इरानविरुद्धका कुनै पनि प्रत्याक्रमणमा सहभागी नहुने स्पष्ट पारिसकेका छन् । तर, इजरायल इरानी आक्रमणको कडा जवाफ दिनुपर्ने दबाबमा छ । इरान र इजरायलले विश्वलाई नयाँ संकटतर्फ धकेलेको देखिँदै छ ।

इरानले इजरायलमाथिको यो आक्रमण रिभोलुसनरी गार्डसूका दुई जर्नेलसहित सातजना इरानी अधिकारी मारिने गरी गत १ अप्रिलमा भएको सिरियास्थित इरानी कन्सुलेटमा भएको इजरायली हवाई आक्रमणको जवाफ भएको संकेत गरेको छ । आइआरजिसीले विज्ञप्ति जारी गर्दै यो आक्रमण 'इजरायली अपराध'को जवाफ भएको र आक्रमण पूरा भएको बताएको छ । इरानले आफू थप आक्रमणका लागि इच्छुक नभएको बताउँदै छ ।

श्री नवोदित ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

धुनिवेसी नगरपालिका वडा नं. ७, खानीखोला धादिङ्ग

फोन नं. ०१०४०११२३/०१०४०१११५

ऋणको सावाँ व्याज भुक्तानी गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८१/०१/०३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस सहकारी संस्थावाट चल-अचल सम्पति धितो राखी कर्जा लिनु भएका तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले कर्जाको सावाँ व्याज नतिरी नबुझाई लिखित अनुसारको कर्जा सम्बन्धी शर्त उल्लघंन गरेकोले पटक-पटक मौखिक तथा लिखित ताकेता गर्दा र विभिन्न मितिहरुमा आन्तरिक सूचना प्रकाशित गर्दा समेत वेवास्ता गरि बस्नु भएको हुंदा यो ७ सात दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः उक्त समय भित्र आफुले लिएको ऋणको सावां, व्याज, बिलम्ब शुल्क र अन्य दस्तुर समेत तिर्न बुझाउन हुन सम्बन्धीत ऋणी सदस्यहरु र धितो जमानी दिने व्यक्तिहरु तथा व्यक्तिगत जमानी कर्ताहरुलाई सूचित गरिएको छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीहरुले यस संस्थालाई तपसिलमा उल्लेखित धितो दिएका अचल सम्पतिहरु र कथंकदाचित उक्त धितोवाट असुल उपर हुन नसकी असुल उपर नभई बांकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारको नाउंमा रहको अन्य चल-अचल सम्पति, ऋण लिंदा जमानी दिनेहरुको नाममा रहको वा निजको हकको अन्य चल-अचल सम्पतिहरुवाट सहकारी ऐन २०७४ वमोजिम लिलाम विक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षण दिनुहुने महानुभावहले समेत यसै सूचनालाई आधारमानी कारवाही प्रकृया अगाडी बढाई ऋण असुलीमा सहयोग गरिदिन हुन समेत पूर्व जानकारीको लागि सूचित गरिएको छ ।

तपसिल

सि.नं.	ऋणीहरुको नाम, थर र वतन	धितोको विवरण
१	**ऋणी:** श्री बल बहादुर खत्रीको नाती, श्री मदन खत्रीको छोरा धादिङ्ग जिल्ला धुनिवेसी न.पा.७, मेडिकल चोक, खानिखोला साविक नौविसे ७ बस्ने नागरिकता प्रमाणपत्र नं: २६/२८८ (जारी मिति २०६०/८/२४ धादिङ) भएका बर्ष ४० को **श्री टिका बहादुर खत्री ।**	श्री टिका बहादुर खत्री नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको नौविसे ७ (क) कि.नं ७१९ र नौविसे २ (क) कि.नं १३९६ को **क्षेत्रफल क्रमशः १-८-०-० र १-५-२-०,** जग्गा साथै सन्तविर तामाङ्ग र रुपा खत्रीको नाममा मा.पो.का. धादिङमा संयुक्त दर्ता कायम रहेको थाक्रे गाउंपालिका केवलपुर २ (क) को कि.नं ३१५ को **क्षेत्रफल ०-१३-०-०** जग्गाहरु र लिगलगापात समेत ।
२	**ऋणी:** श्री हर्क बहादुर सुनारको नाती, सन्त बहादुर सुनारको छोरा धादिङ जिल्ला थाक्रे गाउंपालिका वडा नं ८, फोगटपुर साविक थाक्रे १ बस्ने नागरिकता प्रमाणपत्र नं ४/१००७६ (जारी मिति २०४२/२/१७ धादिङ) भएका बर्ष ५१ को **श्री रामे सुनार ।**	श्री रामे सुनारको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको थाक्रे गाउंपालिका ८ साविक थाक्रे ८, नक्सा थाक्रे ८ (घ) कि.नं २६७, २६०, २७२ र २६९ को **क्षेत्रफल क्रमशः १-०-१-१, ०-५-३-१, ०-५-०-० र ०-१०-३-०** जग्गाहरु र लिगलगापात समेत ।
३	**ऋणी:** श्री चन्द्रिकानन्द खरेलको नाती, श्री खोमानन्द खरेलको छोरा धादिङ जिल्ला धुनिवेसी नगरपालिका वडा नं ७ खानिखोला साविक नौविसे ७ गणेशमार्ग, खानिखोला बस्ने जन्म मिति २०३७/१/१६ नागरिकता प्रमाणपत्र नं २६२२८ जारी मिति २०५५/४/२४ धादिङ भएका बर्ष ४३ को **श्री दिपक खरेल ।**	दिपक खरेलको नाममा मा.पो.का. धादिङमा दर्ता कायम रहेको धा.जि. धुनिवेसी न.पा. वडा नं ७ नक्सा नौबसे ७ (घ) कि.नं ३४४ र ९८६ **क्षेत्रफल क्रमशः १-६-३-१** (७२५.३२ ब.मि) एक रोपनी छ आना तिन पैसा एकदाम र **४-३-२-१** चार रोपनी तिन आना दुई पैसा एकदाम (२१४८.२२ ब.मि.) जग्गाहरु र लिगलगापात समेत ।
४	**ऋणी:** श्री नर बहादुर बखतीको नाती, श्री रामहरी बखतीको छोरा धादिङ जिल्ला थाक्रे गाउंपालिका वडा नं ७, सातघुम्ती साविक थाक्रे ६ बस्ने नागरिकता प्रमाणपत्र नं २६१/१८२००(जारी मिति २०६४/११/२० धादिङ) भएका बर्ष ३७ को **श्री सिताराम बखती ।**	श्री सिताराम बखतीको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला थाक्रे गाउंपालिका वडा नं. ३ नक्सा थाक्रे ३ (क) कि.नं ५८१ को **क्षेत्रफल ३-०-०-०** (१५२६.२२ ब.मि). तिनरोपनी जग्गा र थाक्रे ५ नक्सा ५ कि.नं ४५७ को **क्षेत्रफल ०-१५-३-३** (५०६.६७ ब.मि). पन्ध्र आना तिन पैसा तिन दाम जग्गाहरु र लिगलगापात समेत
५	**ऋणी:** श्री कृष्ण बहादुर पुडासैनीको छोरी, हरि बहादुर थापाको बुहारी, नवराज थापाको श्रीमती धादिङ जिल्ला थाक्रे गाउंपालिका वडा नं ७, कालिकास्थान साविक थाक्रे ४ बस्ने नागरिकता प्रमाणपत्र नं ८५४ (जारी मिति २०६३/३/१३ धादिङ) भएका बर्ष ५१ की **श्रीमती कमला थापा ।**	निजको एकाघरको श्रीमान श्री नवराज थापाको नाउंमा मालपोत कार्यालय धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला थाक्रे गाउंपालिका वडा नं. ३ नक्सा थाक्रे ३ (क), ५ र ५ (क) को **क्रमश कि.नं ५३८, ५३६, ४०५, ४०९, ४०३ र १११** को जग्गाहरु र लिगलगापात समेत ।
६	**ऋणी:** श्री भिम नारायण श्रेष्ठको नाती, जगत नारायण श्रेष्ठको छोरा धादिङ्ग जिल्ला धुनिवेसी न.पा.८, खानिखोला साविक नौविसे ६ बस्ने नागरिकता प्रमाणपत्र नं. १७८९/२०४२/९/२९ जारी मिति २०४२/९/२९ भएको बर्ष ५३ का **श्री प्रल्हाद श्रेष्ठ ।**	श्री प्रल्हाद श्रेष्ठको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको नौविसे ६ (क) कि.नं १०१० **क्षेत्रफल २-४-२-२** दुई रोपनी चार आना दुई पैसा दुई दाम जग्गा, नौविसे २ नक्सा २ (ग) कि.नं १२७० को **क्षेत्रफल ०-६-०-०** छ आना जग्गाहरु र लिगलगापात समेत ।
७	**ऋणी:** श्री विक्रम पाण्डेको नाती, रामहरी पाण्डेको छोरा धादिङ्ग जिल्ला धुनिवेसी न.पा.८, खानिखोला साविक नौविसे ६ बस्ने नागरिकता प्रमाणपत्र नं. ४/८५६५ जारी मिति : २०४५/१/२ भएको बर्ष ५८ का **श्री रामशरण पाण्डे ।**	श्री रामशरण पाण्डेको नाममा मा.पो.का. धादिङमा दर्ता कायम रहेको धा.जि. धुनिवेसी न.पा. वडा नं. ८ साविक नौविसे २ नक्सा नौविसे २(क) कि.नं. ९७६ को **क्षेत्रफल १-१-१-१** (५५०१४० ब.मि). एक रोपनी एक आना एक पैसा एक दाम जग्गा र लिगलगापात समेत ।
८	**ऋणी:** श्री कृष्ण बहादुर तामाङको छोरी, श्री पूर्ण बहादुर तामाङको श्रीमती धादिङ्ग जिल्ला धुनिवेसी न.पा.६, बानियाटार साविक नौविसे १ बस्ने नागरिकता प्रमाणपत्र नं. ४३४०५ (जारी मिति २०५८/३/२७ धादिङ) भएकी बर्ष ४४ की **श्रीमती कल्पना तामाङ्ग ।**	निजको एकाघरको बुबा श्री कृष्ण बहादुर तामाङको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको नौविसे १ (क) कि.नं. १३, नौविसे १ (घ) कि.नं ५३ र ५२ **क्रमश क्षेत्रफल ०-६-०-२, १-१५-२-२ र २-३-२-१** जग्गाहरु लिगलगापात समेत ।
९	**ऋणी:** श्री जेठो सुनारको नाती, जस बहादुर सुनारको छोरा धादिङ जिल्ला थाक्रे गाउंपालिका वडा नं ८, फोगटपुर साविक थाक्रे १ बस्ने नागरिकता प्रमाणपत्र नं ५०३८ (जारी मिति २०६८/८/१८ धादिङ) भएका बर्ष ४४ को **श्री श्यामलाल सुनार ।**	निजको नाममा मा.पो.का. धादिङमा दर्ता कायम रहेको धा.जि. थाक्रे ८ नक्सा थाक्रे ८(घ) कि.नं. ३१६ र ३१७ को **क्षेत्रफल क्रमशः १-३-१-०** (६१२.०६ ब.मि) एक रोपनी तिन आना एक पैसा र **०-१५-१-०** (४८४.८० ब.मि.) पन्ध्र आना एक पैसा जग्गाहरु र लिगलगापात समेत ।
१०	**ऋणी:** श्री लाल बहादुर सुनारको छोरी, सुक बहादुर सुनारको बुहारी, श्री राजु सुनारको श्रीमती धादिङ जिल्ला धुनिवेसी न.पा. ९ टायलघर (साविक बैरेनी गा.वि.स. ८) बस्ने नागरिकता प्रमाणपत्र नं. १६५८५ जारी मिति : २०६०/१०/१५ धादिङ भएकी बर्ष ४० कि **श्रीमती शान्ति सुनार ।**	श्रीमती शान्ति सुनारको नाममा मा.पो.का. धादिङमा दर्ता कायम रहेको धा.जि. धुनिवेसी न.पा. वडा नं. ९ साविक नौविसे ५ नक्सा नौविसे ५ (क) कि.नं. ११७८ को **क्षेत्रफल ०-४-०-०** (१२७.१८ ब.मि). चार आना जग्गा र लिगलगापात समेत ।
११	**ऋणी:** जय बहादुर दाहालको बुहारी, राजु दाहालको श्रीमती धादिङ जिल्ला धुनिवेसी न.पा. ७ पाठकगाउं बस्ने नागरिकता प्रमाणपत्र नं: २६३०४५/४० जारी मिति २०६३/१०/१३ धादिङ भएकी बर्ष ३५ की **श्रीमती सिता दाहाल ।**	श्रीमती सिता दाहालको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको नौविसे ७ (ग) कि.नं. १३९३ **क्षेत्रफल ०-२-१-२,** दुई आना एक पैसा दुई दाम जग्गा र लिगलगापात समेत ।

गण्डकी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

पूर्वाधार विकास कार्यालय

कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

बोलपत्र स्वीकृतिको आशयको सूचना

प्रकाशित मिति : २०८१/०१/०३

यस कार्यालयबाट बिभिन्न मितिमा प्रकाशित बोलपत्र आवहान गर्ने सूचना अनुसार रितपूर्वक दाखिला हुन आएका बोलपत्रदाताहरुमध्य न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएका तल उल्लेखित बोलपत्रदाताहरु स्वीकृतीका लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि . नं.	ठेक्का नं	ठेक्काको नाम	बोलपत्रदाताको नाम	कबोल अंक (WITH VAT AND PS)
1	IDO-NAW(BSE)-W-NCB-27-2080/81	Amarapuri barakol chharchhare bulingtar sadak, Gaidakot	M/S Dolep Construction, Myagang-3, Nuwakot	1,31,47,580.6

काठमाडौं उपत्यका प्रणाली सुदृढीकरण आयोजना अन्तर्गतको बालाजु-सिहंदरबार(के३) १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति: २०८१/०१/०३)

बागमती प्रदेश, काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिकामा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	नेपाल विद्युत प्राधिकरण, काठमाडौं, ईमेल neamd@nea.org.np फोन नम्बरः- ०१-४१५३०५४, ०१-४१५३००७
प्रस्तावको व्यहोरा	प्रस्तावित बालाजु- सिंहदरबार (के३) १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाइन आयोजना काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिकामा प्रस्ताव गरिएको छ । यो आयोजना विद्यमान बालाजु सबस्टेसनबाट आरम्भ भई प्रस्तावित सिहंदरबार (के३) सबस्टेसनमा गएर टुङ्गिनेछ । यसका मुख्य अवयवहरु सिहंदरबार (के३) १३२/६६/११ के.भी. सबस्टेसन, महाराजगञ्ज १३२/११ के.भी. सबस्टेसन, रत्नपार्क (के२) १३२/११ के.भी. सबस्टेसन र राजदरबार १३२/११ के.भी. सबस्टेसन र करिब १२ किलोमिटर भूमिगत प्रसारण लाइन रहेको छ । यस प्रसारण लाइन निर्माणका लागि करिब १.६०४ हेक्टर जग्गा आवश्यक पर्नेछ ।
प्रभाव पर्न सक्ने जिल्ला /नगरपालिका	काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नम्बर १, २, ३, १६, २६, २८ र २९ ।

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न प्रभावित महानगरपालिका क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः-

प्रस्तावकको नाम र ठेगाना	नेपाल विद्युत प्राधिकरण प्रसारण निर्देशनालय काठमाडौं उपत्यका प्रणाली सुदृढीकरण आयोजना बालाजु- सिहंदरबार(के३) १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाइन आयोजना, दरबारमार्ग, काठमाडौं फोन नं.: ०१-४१५३०५४, ०१-४१५३००७, ईमल: neamd@nea.org.np
	नेपाल विद्युत प्राधिकरण इन्जिनियरिङ् सेवा निर्देशनालय वातावरण तथा सामाजिक अध्ययन विभाग, लाजिम्पाट, काठमाडौं फोन नं.: ०१-४५३५८००, ०१-४५२६७७२, ईमेल: env.social@nea.org.np

सुर्तीजन्य पदार्थबाट उठेको जोखिम कर पाँच प्रतिशत मात्रै स्वास्थ्यमा खर्च

सुर्तीजन्य पदार्थबाट वार्षिक ३० अर्ब कर संकलन हुन्छ, स्वास्थ्यमा खर्च भने ४० करोडहाराहारी मात्रै



● **डा. प्रकाश बुढाथोकी**
प्रवक्ता, स्वास्थ्य मन्त्रालय

सुर्तीजन्य पदार्थले स्वास्थ्यमा जति अरू क्षेत्रलाई असर गर्दैन, त्यसैले करको ७० देखि ८० प्रतिशत स्वास्थ्यमै खर्च गर्नुपर्छ भन्ने हाम्रो माग हो। तर, सुर्तीजन्य पदार्थबाट संकलन हुने करको दायरा बर्सेनि बढिरहे पनि पछिल्लो २५ वर्षदेखि स्वास्थ्यलाई एउटै रकम दिइरहेको छ।

मञ्जु टेलर / नयाँ पत्रिका

सरकारले सुर्तीजन्य पदार्थमा लिने गरेको स्वास्थ्य जोखिम करसमेत उल्लेख्य मात्रामा स्वास्थ्यमा खर्च नहुने गरेको पाइएको छ। सुर्तीजन्य पदार्थबाट हुने स्वास्थ्य समस्या न्यूनीकरण र नियन्त्रणका लागि लगाइएको स्वास्थ्य जोखिम करको पाँच प्रतिशत मात्रै स्वास्थ्यमा खर्च गरेको सरकारकै तथ्यांकले देखाएको छ।

बढ्दो क्यान्सर र अन्य दीर्घरोग नियन्त्रण र उपचारका लागि कुल करको ७० देखि ८० प्रतिशत छुट्याउनुपर्ने माग राख्दै आए पनि बर्सेनि ४० करोड मात्र स्वास्थ्यमा खर्च भइरहेको छ। जुन बर्सेनि स्वास्थ्य जोखिम करबाट उठ्ने करकै पाँच प्रतिशत हो। पछिल्लो आर्थिक वर्षमा मात्रै ६ अर्ब ७६ करोड रुपैयाँ स्वास्थ्य जोखिम कर संकलन भएको थियो। हाल क्यान्सर नियन्त्रणमा भइरहेको खर्च स्वास्थ्य जोखिम करको ५.९२ प्रतिशत हो।

आव ०७८/७९ मा ६ अर्ब २८ रुपैयाँ स्वास्थ्य जोखिम कर संकलन भएको अर्थ मन्त्रालयको तथ्यांक छ। आव ०७७/७८ मा पाँच अर्ब दुई करोड रुपैयाँ, आव ०७६/७७ मा तीन अर्ब ४५ करोड र आव ०७५/७६ मा दुई अर्ब ५१ करोड रुपैयाँ कर संकलन भएको तथ्यांक छ। अर्थात् प्रत्येक वर्ष सुर्तीजन्य पदार्थबाट संकलन भएको करको पाँच प्रतिशतको हाराहारीमा मात्र स्वास्थ्य जोखिममा खर्च भइरहेको हो।

स्वास्थ्यको मुख्य समस्याका रूपमा रहेका नसर्ने रोगहरू नियन्त्रण र उपचार, ठूला स्वास्थ्य भार वहन गर्नुपर्ने रोगको उपचारमा विपन्नको पहुँच वृद्धि र स्वस्थ जनशक्तिको माध्यमबाट आर्थिक विकासलाई बढावा दिने उद्देश्यले सुर्तीजन्य पदार्थमा स्वास्थ्य जोखिम कर लगाइने गरिएको हो। तर, दक्षिण एसियाली देशहरूमा सबैभन्दा न्यून कर भएको नेपालमा स्वास्थ्य जोखिम कर नै स्वास्थ्यमा खर्च नहुँदा नसर्ने रोगको भार बढिरहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए। स्वास्थ्य मन्त्रालयका अनुसार स्वास्थ्यका लागि छुट्याइएको कर क्यान्सर नियन्त्रणका कार्यक्रमकै लागि



समेत अपुग छ। मन्त्रालयले क्यान्सर नियन्त्रणको क्षेत्रमा काम गरिरहेका स्वास्थ्य संस्थालाई खर्च दिइरहेको छ। करबाट छुट्याइएको पैसा हाल क्यान्सरको उपचारमा सहयोग, काउन्सिलिङ, शिविर र अन्य जनचेतनाका कार्यक्रम गरिरहेका अस्पताल र अन्य संघसंस्थामा खर्च भइरहेको छ। 'सुर्तीजन्य पदार्थले स्वास्थ्यमा जति अरू क्षेत्रलाई असर गर्दैन, त्यसलै करको ७० देखि ८० प्रतिशत स्वास्थ्यमै खर्च गर्नुपर्छ भन्ने हाम्रो माग हो। तर, सुर्तीजन्य पदार्थबाट संकलन हुने करको दायरा बर्सेनि बढिरहे पनि पछिल्लो २५ वर्षदेखि स्वास्थ्यलाई एउटै रकम दिइरहेको छ।'

स्वास्थ्यका लागि छुट्याइएको ४० करोड कुल करको जम्मा १.२१ प्रतिशत मात्रै हो। सुर्तीजन्य पदार्थको सेवनबाट हुने स्वास्थ्यमा हानि न्यूनीकरण र उपचारमा करको अधिकतम प्रयोग स्वास्थ्यमा गर्नुपर्ने विश्वव्यापी मान्यता भए पनि करको प्राथमिकतामा पर्न सकेको छैन। सुर्तीजन्य पदार्थबाट पछिल्लो आर्थिक वर्षमा ३२ अर्ब ९८ करोड रुपैयाँ कर संकलन भएको थियो। पछिल्लो पाँच वर्षमा सुर्तीजन्य पदार्थबाट संकलन भएको करको स्वास्थ्यमा न्यून खर्च भइरहेको हो। आव ०७८/७९ मा ३० अर्ब ८४ रुपैयाँ, आव ०७७/७८ मा २५ अर्ब ४१ करोड, आव ०७६/७७ मा २२ अर्ब र आव ०७५/७६ मा १७ अर्ब ६३ करोड रुपैयाँ कर संकलन भएको तथ्यांक छ। सुर्तीजन्य पदार्थबाट बर्सेनि अर्बौं रुपैयाँ संकलन भइरहे पनि प्रत्येक वर्ष स्वास्थ्यमा भने ४० करोड मात्र खर्च हुने गरेको छ।

उमेर समूह	हुक्का	इसिगरेट
१५ देखि २४	४६.७	५८.३
२५ देखि ३९	३५.६	३३.३
४० देखि ५४	१३.३	८.३
५५ देखि ६९	४.४	०.०

■ करको दायरा दक्षिण एसियामै न्यून

विश्व स्वास्थ्य संगठनले सुर्तीजन्य पदार्थको खुद्रा मूल्यमा ७५ प्रतिशत कर लगाउनुपर्ने मापदण्ड तोकेको छ। तर, नेपालमा सुर्तीजन्य पदार्थको खुद्रा ४१ प्रतिशतभन्दा कम कर लगाइएको छ, जुन दक्षिण एसियाली मुलुकमध्ये सबैभन्दा कम हो। सुर्तीजन्य पदार्थमा भारतले ५८ प्रतिशत, पाकिस्तानले ५२ प्रतिशत, बंगलादेशले ५८ प्रतिशत, श्रीलंकाले ६७ प्रतिशत कर लगाउँदै आएको छ। नेपालमा पनि कम्तीमा भारतसरहको कर लगाउनुपर्ने विषय संसद्मा बारम्बार उठ्ने गरेको छ। हाल नेपालको कुल राजस्वमा सुर्तीजन्य पदार्थबाट संकलन हुने राजस्वको हिस्सा २.५९ प्रतिशत मात्रै हो। दक्षिण एसियाली देशहरूमा सुर्तीजन्य पदार्थबाटै नौ देखि १० प्रतिशतसम्म राजस्व संकलन गर्ने गरिएको छ।

स्वास्थ्य करको दायरा बढाउँदा सुर्तीजन्य पदार्थको खपत कम गर्न सकिने र यसबाट निम्तिने हानि नियन्त्रणमा राख्न सकिने भए पनि नेपालले कर वृद्धि गर्न नसक्नु रोगको भार थप्ने विकल्प बनेको एक्सन नेपालका अध्यक्ष आनन्दबहादुर चन्दको भनाइ छ। सुर्तीजन्य पदार्थमा करको दायरा बढाउनुपर्ने माग राख्दै आएका उनी सुर्तीजन्य पदार्थमा कर बढाएर उपयोग घटाउन सरकारले भूमिका खेल्नुपर्ने सुझाव दिन्छन्।

नेपाल विकास अनुसन्धान प्रतिष्ठानले सुर्तीजन्य पदार्थको करमा गरेको पछिल्लो अध्ययनले सुर्तीजन्य पदार्थमा कर बढाउँदा खपत कम गर्न सकिने र राजस्व बढ्ने भएकाले आगामी वर्षमा करको दायरा बढाउनुपर्ने सुझाव दिएको छ। प्रतिष्ठानको रिपोर्टले आव ०८१/८२ मा करमा ३५ देखि ६० प्रतिशतले वृद्धि गर्नुपर्ने निष्कर्ष निकालेको हो। दुईदेखि तीन वर्षभित्रमा कम्तीमा भारतसरह कर लागू गर्नुपर्ने उसले सुझाव दिएको छ। प्रतिष्ठानका अनुसार यदि ३५ प्रतिशत कर वृद्धि गरिएमा हालको राजस्वभन्दा १२ देखि १४ अर्बसम्म राजस्व वृद्धि हुने र लगभग चारदेखि आठ प्रतिशतसम्म खपत घटाउन सकिने देखिएको हो। ६० प्रतिशत कर वृद्धि गरिएमा सातदेखि १३ प्रतिशतसम्म खपत घटाउन सकिने उसको दाबी छ। विश्व स्वास्थ्य संगठनका अनुसार सुर्तीजन्य पदार्थमा १० प्रतिशतले मूल्यवृद्धि गर्दा चारदेखि आठ प्रतिशत खपत कम गर्न सकिन्छ।

■ हुक्का र विद्युतीय चुरोट चुनौती बन्दै

हाल देशभर ६७ लाखले सुर्तीजन्य पदार्थको प्रयोग गर्दै आएका छन्। पछिल्लो समय चुरोट अर्थात् धूम्रपानको तुलनामा धूवाँरहित सुर्तीजन्य पदार्थको प्रयोग बढी भइरहेको छ। नेपाल विकास अनुसन्धान प्रतिष्ठानको पछिल्ला अध्ययन रिपोर्टअनुसार हुक्का र इसिगरेट तान्नेमध्ये अधिकांश युवा छन्। अर्थात् हुक्का सेवन गर्नेमध्ये ८२.३ प्रतिशत प्रयोगकर्ता र इसिगरेटका ९१.६ प्रतिशत प्रयोगकर्ता ४० वर्षमुनिका छन्। जसमध्ये २५ वर्षमुनिको जनसंख्याले बढी हुक्का र इसिगरेटको सेवन गरिरहेको पाइएको छ।

नेपालमा हुक्का र विद्युतीय चुरोटको खपत अत्यधिक भइरहेकाले नियन्त्रणमा चुनौती थपिइरहेको स्वास्थ्य शिक्षा प्रशासक डा. भक्तबहादुर केसीले बताए। होटेल तथा रेस्टुराँमा युवामाझ हुक्का तान्ने र विद्युतीय चुरोट सेवन गर्ने दर एकदमै बढिरहेकाले नियन्त्रणमा चुनौती बढेको उनको भनाइ छ। सोही कारण नेपालमा विद्युतीय चुरोटमा प्रतिबन्ध लगाउन तयारी गरिएको समेत उनले बताए। केसीका अनुसार नेपालमा वार्षिक ३२ अर्बबराबरको विद्युतीय व्यापार हुने गरेको छ। नेपाली बजारमा एक वर्षमा ३२ लाख थान विद्युतीय चुरोटका डिभाइस भित्रिने गरेको छ। जुन बजारमा १० हजारदेखि १३ हजारसम्म बिक्री हुँदै आएको छ। 'बाहिरबाट आयात गरिने भएकाले ठूलो खर्च बाहिरिरहेको छ भने युवामा धूम्रपानको लत बढ्दै गएको छ। तर, सुर्तीजन्य उत्पादक कम्पनीहरूले मुद्दा दायर गरिएका कारण रोकिएको प्रतिबन्धको तयारी गरेका छौं। जसबाट धूम्रपानको दर घटाउन सकिन्छ,' उनले भने।

सट्टेबाजीको रकम क्रिप्टोमार्फत भुक्तानी

मुख्य तीन एजेन्ट पक्राउ दुई वर्षमा ५७ करोडको कारोबार



सञ्जयकुमार साह रामजी साह राकेश चौधरी

नयाँ पत्रिका

प्रतिबन्धित अनलाइन सट्टेबाज 'वान एक्स बेट'मार्फत संकलित रकम क्रिप्टोमार्फत भुक्तानी हुने गरेको खुलेको छ। बेटका मुख्य तीन एजेन्ट पक्राउ परेपछि यो तथ्य खुलेको हो। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले मुख्य एजेन्ट सर्लाही मलंगवा नगरपालिका- ९ का ३१ वर्षीय सञ्जयकुमार साह, १९ वर्षीय रामजी साह र मलंगवा नगरपालिका- १० का ३० वर्षीय राकेश चौधरीलाई पक्राउ गरेको छ। उनीहरूले मलंगवामै बसेर नेपालीलाई सट्टेबाजमा सहभागी गराउँदै आएका थिए। विशेष गरी अन्तर्राष्ट्रिय स्तरमा आयोजना हुने क्रिकेट र फुटबल खेलमा उनीहरूले सट्टेबाजी खेलाउँदै आएका थिए। उनीहरूले दुई वर्षदेखि नेपालमा बेटमार्फत अनलाइन जुवा खेलाउँदै आएको र यसको भुक्तानी क्रिप्टोमार्फत गर्दै आएका थिए।

अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रवीन्द्र रेग्मीले पक्राउ परेकाले दुई वर्षदेखि अनलाइनमार्फत सट्टेबाज खेलाउँदै आएको र यसको भुक्तानी क्रिप्टोमार्फत गर्ने गरेको अनुसन्धानबाट खुलेको जानकारी दिए। 'नेपालमा बसेर अनलाइन जुवा खेलाउनेमध्ये तीन एजेन्ट पक्राउ परेका छन्। उनीहरूले दुई वर्षदेखि अनलाइनमार्फत सट्टेबाजी खेलाउँदै आएको र भुक्तानी क्रिप्टोमार्फत हुने गरेको अनुसन्धानबाट खुलेको छ,' उनले भने।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये सञ्जयकुमार बेटका मुख्य एजेन्ट हुन्। रामजी र राकेशले उनीमातहत रहेर काम गर्दै आएका थिए। सट्टेबाजीबाट प्राप्त रकम संकलनका लागि उनीहरूले विभिन्न बैंकमा ९८ वटा खाता खोलेका थिए। सट्टेबाजी खेलाउन विभिन्न २१ मोबाइलबाट कनेक्ट आइपिएस खाता खोलेका थिए। दुई वर्षमा उनीहरूले ५७ करोड ४१ लाख ५७ हजार रुपैयाँ कारोबार गरेको अनुसन्धानबाट खुलेको छ। सोही रकम क्रिप्टोमा बदली बेटको विदेशस्थित एजेन्टलाई पठाउने गरेको प्रहरीको भनाइ छ। कार्यालयका प्रवक्ता एसपी रेग्मीले भने, 'कारोबार गर्न यिनीहरूले ९८ वटा बैंक खाता खोलेको देखिन्छ। २१ वटा मोबाइलबाट त कनेक्ट आइपिएस खाता नै खालेका देखिन्छ। दुई वर्षको अवधिमा यिनीहरूले ५७ करोडभन्दा धेरैको कारोबार गरेका छन्। सोही रकम क्रिप्टोमा बदली विदेशस्थित एजेन्टलाई पठाउने गरेको अनुसन्धानबाट खुलेको छ।' प्रहरीका अनुसार सट्टेबाजमा सहभागी भएबापत यिनीहरूले सात प्रतिशत कमिसन प्राप्त गर्थे। बाँकी रकम भने यिनीहरूले विदेशस्थित बेटका एजेन्टलाई पठाइदिन्थे। यसका लागि यिनीहरूले क्रिप्टो प्रयोग गर्थे।

संक्षेप

चट्याङ लागेर पर्वतमा दुईको मृत्यु

बागलुङ / चट्याङ लागेर पर्वतमा दुईजनाको मृत्यु भएको छ। पर्वतको मोदी गाउँपालिकाका दुई छुट्टाछुट्टै स्थानमा शनिबार साँझ परेको चट्याङ लागेर एक शिक्षकसहित दुईजनाको मृत्यु भएको हो। मृत्यु हुनेमा मोदी- १ भुकताङ्लेमा एक महिला र वडा नम्बर ७ राम्जा देउरालीमा एक पुरुष रहेको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ। भुकताङ्लेका ५८ वर्षीया प्रेमकुमारी शाही र राम्जा देउरालीका ५७ वर्षीय शालिकराम तिमिल्सिनाको चट्याङ लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक अविनाशदीप केसीले जानकारी दिए। तिमिल्सिना स्थानीय जीवनज्योति प्राविका बहालवाला शिक्षक हुन्। प्रहरीका अनुसार शनिबार साँझ साढे ६ बजेतिर आफ्नै घरको पिँढीमा चट्याङ लागेर अचेत बनेका तिमिल्सिनालाई उपचारका लागि पोखरास्थित गण्डकी मेडिकल कलेजमा लगिएकामा चिकित्सकले मृत घोषणा गरेका थिए। हावाहुरी र वर्षा भइरहेका वेला तिमिल्सिना भैंसी दुहुनका लागि गोठमा जान पिँढीमा निस्किँदा एक्कासि चट्याङ लागेको थियो। चट्याङ लागेर घाइते भएपछि पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा पुऱ्याइएकी शाहीलाई पनि चिकित्सकले मृत घोषणा गरेका प्रहरी निरीक्षक केसीले जानकारी दिए।

माटोको ढिस्कोले पुरिएर दुई बालकले गुमाए ज्यान

दाङ / माटोको ढिस्कोले पुरिएर दाङमा दुई बालकको मृत्यु भएको छ। बबई नदीछेउमा माटोको ढिस्को निकाल्ने खाल्डोमा खेलिरहेको अवस्थामा घोराही उपमहानगरपालिका- ९ आन्द्राभरैयाका १२ वर्षीय आशिष चौधरी र १२ वर्षका माधव चौधरीको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय दाङका अनुसार तीन-चारजना बालक घरदेखि करिब पाँच सय मिटर टाढा कर्मटे भन्ने स्थानमा बबई नदीको किनारमा खेल्न गएको अवस्थामा माटोको ढिस्कोले पुरिएका हुन्। तीनजना पुरिए पनि अर्का एक बालक आधा मात्रै पुरिएको अवस्थामा सँगै गएका साथीहरूले निकाल्न सफल भएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी उपरीक्षक रामबहादुर केसीले बताए। दिउँसो साढे १ बजेतिर भएको घटनामा अन्य बालकले गाउँलेलाई खबर गरेपछि उनीहरूलाई निकालिएको हो।

मल बोकेर गएको ट्रक दुर्घटना हुँदा बाबुछोराको मृत्यु

धादिङ / नीलकण्ठ नगरपालिका- ५ खाल्टेमा आइचर ट्रक दुर्घटना हुँदा बाबुछोराको ज्यान गएको छ। बा.३ख ८९४७ नम्बरको मल बोकेको ट्रक आइतबार दाउन्ने खोलामा दुर्घटना हुँदा पतेनीका १० वर्षीय बालक सन्तोष रम्तेल र उनका बुबा ३७ वर्षीय गोपी भनिने रामबहादुरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक मकेन्द्रकुमार मिश्रले बताए। प्रहरीका अनुसार दुर्घटनामा एकै परिवारका पाँचजना परेका हुन्। १० वर्षीय सन्तोषको घटनास्थलमै र बुबा रामबहादुरको धादिङ अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो। मृतक रामबहादुरकी श्रीमती ३५ वर्षीय हिरा रम्तेल, उनका दुई छोरा १३ वर्षीय कृष्ण र ११ वर्षीय सुजन घाइते भएका छन्। घाइते हुने अन्यमा ११ वर्षीय विमल मजकोटी, ४० वर्षीय विष्णु रम्तेल, १४ वर्षीय सुजित मजकोटी र २१ वर्षीय प्रीतम रम्तेल छन्। घाइतेको धादिङ अस्पतालमा उपचारपछि थप उपचारका लागि सातैजनालाई हेलिकोप्टरद्वारा काठमाडौं लगिएको छ। घाइतेको अवस्था गम्भीर रहेकाले नेपाली सेनाको हेलिकोप्टरबाट काठमाडौं लगिएको प्रहरी नायब उपरीक्षक मिश्रले बताए।

खाल्टेको पतेनी भन्ने ठाउँबाट गाईवस्तुको मल लोड गरेर बारीमा लैजाँदै गरेको ट्रक दुर्घटनामा परेको हो। प्रारम्भिक अध्ययनअनुसार ट्रक अनियन्त्रित भई सडकबाट करिब ८० मिटर तल खसेको मिश्रले बताए। स्कुल बिदा भएकाले बालबालिका पनि अभिभावकसँगै खेतबारी जाने क्रममा बालबालिका दुर्घटनामा परेको स्थानीयको भनाइ छ। जिल्ला सदरमुकाम धादिङबेँसीबाट करिब १३ किलोमिटर दूरीमा रहेको घटनास्थलमा नेपाल प्रहरी, ट्राफिक प्रहरी, स्थानीयले घटनास्थलबाट घाइतेको उद्धार गरेका थिए।

सर्वाधिक खोजीमा रहेका शेख नुरुल्लाह पक्राउ



रौतहट / प्रहरीको सर्वाधिक खोजी सूचीमा रहेका शेख नुरुल्लाह १० महिनापछि पक्राउ परेका छन्। आपराधिक क्षेत्रको मास्टरमाइन्ड व्यक्तिका रूपमा प्रख्यात रहेका नुरुल्लाहलाई प्रहरीले रौतहटको राजदेवी नगरपालिका- ८ लक्ष्मीपुर बेलविछवा चोकनजिक रहेको नेपाल-भारत सीमावर्ती क्षेत्रबाट पक्राउ गरेको हो। प्रहरीले आइतबार जिल्ला प्रहरी कार्यालय रौतहटमा पत्रकार सम्मेलन गरेर ५२ वर्षीय नुरुल्लाहलाई सार्वजनिक गरेको छ।

गत वर्ष ११ जेठमा साढे १२ बजे देवाही गोनाही नगरपालिका- १ करुनिया गाउँमा ७८ वर्षीय शेख तैयबलाई शेख नुरुल्लाहको आदेशमा सोही स्थानका शेख सेराज, शेख सद्दाम भन्ने खलिउल्लाह र भारतीय नागरिक राकेश कुमारले गोली हानी हत्या गरेको प्रहरीको भनाइ छ। तत्कालै प्रहरीले शेख सेराज र भारतीय नागरिक राकेश कुमारलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दा चलाएको थियो। उनीहरू अदालतबाट पुर्पक्षका लागि कारागारमा छन्। मुख्य योजनाकार नुरुल्लाह र उनका भाइ खलिउल्लाह फरार रहँदै आएका थिए।

तैयबको हत्या गराउने मुख्य योजनाकार शेख नुरुल्लाह र खलिउल्लाविरुद्ध गत १६ पुसमा जिल्ला अदालत रौतहटले ज्यान कसुरमा पक्राउ पुर्जी जारी गरेको थियो। गोप्य सूचनाका आधारमा प्रहरीले सीमावर्ती क्षेत्रमा विशेष निगरानी बढाएको र सोही क्रममा आइतबार बिहान नुरुल्लाहलाई पक्राउ गरेको प्रहरीले जनाएको छ। ३ भदौ ०७७ मा राति ९ बजेको समयमा माधवनारायण नगरपालिका- २ खेसरहिया बजारस्थित हनुमान मन्दिरका ६५ वर्षीय पुजारी श्रीराम साह मन्दिरपरिसरमै खाना खाँदै गरेको अवस्थामा मारिएका थिए। देब्रे कन्चटमा गोली हानी भएको हत्यामा समेत नुरुल्लाह मुछिएका छन्।

■ दोस्रो वर्ष पनि सुजनले छेडे जिब्रो



मध्यपुर थिमिको बिस्काः जात्रामा लगातार दोस्रो वर्ष जिब्रो छेडेका २८ वर्षीय सुजन बाग श्रेष्ठ। **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

सन्तानको आसमा पतारी पोखरीमा डुबुल्की



सिराहाको लक्ष्मीपुरपतारी गाउँपालिका- ३ पतारीस्थित पोखरीमा डुबुल्की लगाउन बसेका निःसन्तान दम्पतीहरू।

लहानमा **मणिलाल विश्वकर्मा**

सन्तान पाउने आसमा हरेक वर्षको २ वैशाखमा निःसन्तान दम्पती र तिनका आफन्त सिराहाको लक्ष्मीपुरपतारी गाउँपालिका- ३ पतारीस्थित पोखरीमा डुबुल्की लगाउने गर्छन्। पूर्व-पश्चिम लोकमार्गको धनगढी बजारबाट करिब १० किलोकमिटर दक्षिणमा पर्ने लक्ष्मीपुर- ३ पतारी बजारमा रहेको पतारी पोखरीमा सन्तान प्राप्तिको भाकलसहित आउने करिब दुई सय निःसन्तान दम्पतीको आइतबार भिड रह्यो।

नयाँ वर्षको भोलिपल्ट लाग्ने मेलामा भारतको उत्तरी बिहारका पटना, मधुवनी, दरभंगा, जयनगरसहित नेपालका विशेष गरी मधेशका विभिन्न जिल्लाबाट निःसन्तान दम्पतीले सन्तान प्राप्तिको भाकलसहित २४ घण्टा व्रत बसेर पोखरीमा डुबुल्की मार्ने गर्छन्।

करिब १० बिघा क्षेत्रफलमा फैलिएको पोखरीको दक्षिणी किनारमा रहेको मन्दिर (गहवर)को पूर्वी ढोकामा १ वैशाखको साँझदेखि निरन्तर १८ घण्टासम्म व्रत बसेर भोलिपल्ट मध्याह्न गहवरभित्र रहने विशेष पूजापछि फूल-अक्षता लिई गहवरको उत्तरी गेटबाट सीधै पोखरीमा हाम फालेर हेलिँदै पोखरी पार गर्नुपर्ने मान्यता रहेको स्थानीय बासिन्दा बताउँछन्। गहवरका पुजारी ७५ वर्षीय रामलोचनसिंह दनुवारका अनुसार पोखरीमा हेलिएपछि पानीभित्र कुनै पनि जीव भेटिए ती महिलाको सन्तान हुने जनविश्वास छ।

डुबुल्की मार्दा पानीमा भेटिएको जीव मुठ्ठीमै राखेर कोहीसँग नबोली पोखरीबाट निस्किएलगत्तै गाउँको सीमा पार गरेपछि महिलासँग पछिपछि आउने आफन्तले सीमा कटाएर कपडा फेरिदिने पुजारी सिंहले बताए। कपडा फेरेर घर पुगेपछि पोखरीमा भेटेको जीवको बुटी बनाएर व्रत बसेका महिलाले पाखुरा या घाँटीको मालामा राख्दा सन्तान प्राप्त हुने जनविश्वास रहेको उनले बताए।

हरेक वर्ष २ वैशाखमा पतारी पोखरीमा सन्तानको आसमा डुबुल्की लगाउन आएका र सन्तान पाइसकेका दम्पतीको विशेष भिड रहने स्थानीय जनता नन्द ललिता माविका प्रधानाध्यापकसमेत रहेका गहवर पुजारीका खलक विनोद सिंहले बताए। उनका अनुसार सन्तान प्राप्त गरिसकेका दम्पती बोका, परेवा, लड्डु, पान-सुपारी लिएर पतारी पोखरीमा पूजाका लागि आउने गर्दछन्। लोकनायक सलहेशकै समयमा दनुवार जातिका राजा हरिसिंह देव बस्ने पतारी पोखरी क्षेत्र विसं १३२५ तिरदेखि अस्तित्वमा रहेको जानकारी दिँदै पुजारी सिंहले वर्षौंदेखि पतारी पोखरीमा निःसन्तान दम्पतीको मेला लाग्दै आएको बताए।

स्याङ्बोचे पुग्यो हिमाल सफाइ टोली

काठमाडौं / सगरमाथा, ल्होत्से तथा नुप्त्से हिमाल सफाइको टोली आइतबार सोलुखुम्बुको स्याङ्बोचे पुगेको छ। हिमाल अभियान- २०२४ को टोलीमा १२ सैनिक र एकजना शेर्पा सरदार छन्। नेपाली सेनाको हवाईसाधनमार्फत सफाइ टोली स्याङ्बोचे इलाकामा अवतरण भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। 'अभियान प्रभावकारी बनाउन स्थानीय जनसमुदायसँग अन्तर्क्रिया गर्दै करिब सात दिनको पदयात्रापछि टोली सगरमाथा आधार शिविर पुग्ने योजना छ,' सेनाले आइतबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'पदयात्राका क्रममा सचेतना अभिवृद्धि तथा अभियानको प्रचारप्रसारका लागि पदमार्गको सरसफाइसमेत गरिनेछ।'

हिमाल सफाइ अभियानअन्तर्गत सगरमाथा, ल्होत्से तथा नुप्त्से हिमालका विभिन्न क्याम्पबाट करिब १० टन फोहोर र पाँचवटा मानव शव संकलन गर्ने लक्ष्य लिएको सेनाले जनाएको छ। यसअघि २९ चैतमा जंगी अड्डामा आयोजित समारोहमा प्रधान सेनापति प्रभुराम शर्माले सफाइ टोलीका नेता सेनाका मेजर आदित्य कार्कीलाई अभियानको झन्डा हस्तान्तरण गरेर अभियानको शुभारम्भ गरेका थिए।

मधेशकेन्द्रित दलहरूको 'मधेश' बिर्सिने रोग

अन्य दलले मधेशका पीडा बुझ्नेनन्, मधेश उपेक्षित भयो भनेर नयाँ दल गठन गर्ने नेताले नै सत्तामा पुगेपछि मधेशलाई चटक्कै बिर्सिए



● नवीन यादव


अग्रलेख

राणा शासनको अन्त्यअघिदेखि नै मधेशले आफ्नो हक-अधिकार र पहिचानका निम्ति अवाज नउठाएको होइन । तर, २००७ सालपछि मात्र संगठित रूपमै मधेशले मधेशकेन्द्रित राजनीतिको जग बसाल्यो । राणाशासनविरुद्धको आन्दोलन सबै नेपाली नागरिकको सझा समस्या थियो । त्यसमा सम्पूर्ण नेपाली जनतासँगै दशकौंदेखि विभेद र असमानताको वृत्तमा घेरिएका मधेशीले पनि सबै चोट बिर्सिएर २००७ सालको क्रान्तिमा जबर्जस्त रूपले आफ्नो सहभागिता जनाए । त्यसयताका दिनमा मात्र मधेशले आफ्ना निम्ति संघर्ष सुरु गऱ्यो । त्यसवेला कम्युनिस्ट पार्टीमाथि भन्दा कांग्रेसप्रति मधेशको विश्वास बढी थियो । अधिकांश मधेशका जमिनदार कांग्रेसमै थिए । २००८ सालमा मधेशकेन्द्रित दल नेपाल तराई कांग्रेस स्थापना भयो । वेदानन्द झा, कुलानन्द झा, बलदेव दास यादवजस्ता केही चर्चित मधेशी नेताले तराई कांग्रेसको मोर्चा सम्हाले । तराईमा स्वायत्त राज्य हुनुपर्ने, हिन्दीलाई राज्य भाषासरह मान्यता दिनुपर्ने, सरकारी सेवामा मधेशीको उचित सहभागिता हुनुपर्ने, देशमा संघीयता स्थापना हुनुपर्नेजस्ता कैयन् मुद्दा उसले उठाएको थियो । त्यसैले तराई कांग्रेसप्रति मधेशको झुकाव बढ्यो । विभिन्न राजनीतिक दल र मोर्चा छाडेर मधेशी नेता तथा बुद्धिजीवी तराई कांग्रेसमा आबद्ध भए । तराई कांग्रेस बलियो हुँदै गयो । राज्य र अरू बलिया दलले यसलाई मधेशको जनाधार बोकेको दलका रूपमा हेर्न थाले । तर, ०१५ सालको निर्वाचनसम्म पुग्दा तराई कांग्रेसका एउटा उम्मेदवार विजयी भएनन् । त्यसपछि तराई कांग्रेस कमजोर हुँदै गयो ।

०१७ मा महेन्द्रले 'कु' गरेपछि तराई कांग्रेसका केही नेता पञ्चायतमा सहभागी भए । त्यसका केही नेता कांग्रेसमै फर्के, केही अन्य दलमा मिसिए भने केही दलविहीन रहे । रामजनम तिवारीलगायत नेता कांग्रेसमै फर्के । वेदानन्द झालगायत नेता पञ्चायती सरकारमा मन्त्री, राजदूत भए । तराई कांग्रेसको दुर्दिन यहींबाट सुरु भयो । तराई कांग्रेसले चुनाव जित्न नसके पनि महेन्द्रको नजरमा सो दल मधेशकै बलियो आधार थियो । वेदानन्द झाहरू पञ्चायती सरकारमा सहभागी हुनु मधेशका निम्ति घाटाको विषय थियो । यसले मधेशको मुद्दालाई कमजोर बनाउन सघायो । त्यतिखेर झाहरूको निकै आलोचना पनि भयो । राघुनाथ ठाकुरले मधेशी जनक्रान्ति दल स्थापना गरे । उनले स्वतन्त्र मधेशको मुद्दा उठाएका थिए । उनी विभिन्न अभियानमार्फत मधेसको समस्यालाई मुखरित गर्थे । उनले पदसँग कहिल्यै सम्झौता गरेनन् ।

त्यसपछि बलियो मधेशकेन्द्रित दलका रूपमा नेपाल सद्भावना पार्टी उदायो । मधेशको राजनीतिक वृत्त सद्भावना पार्टीविना अधुरो हुन्छ । मधेश राजनीतिलाई नयाँ ढंगबाट अगाडि सार्ने श्रेय सद्भावनालाई नै जान्छ । सप्तरीका गजेन्द्रनारायण सिंह तत्कालीन सद्भावना पार्टीका अध्यक्ष थिए । उनी पहिले कांग्रेसमै थिए । त्यति वेला विभिन्न दलमा आबद्ध कैयौं मधेशी नेता सद्भावना पार्टीमा आबद्ध भए । गजेन्द्रनारायण सिंहले ०३८ मा राष्ट्रिय पञ्चायतको चुनाव लडे पनि जित्न सकेनन् । ०४८ को चुनावमा उनीलगायत उनको पार्टीका ६ उम्मेदवार विजयी भए । सद्भावनाले संघीयताको मुद्दा उठाए पनि त्यसका निम्ति खासै गृहकार्य भएजस्तो देखिन्न । आरक्षण, भाषा, नागरिकताजस्ता मुद्दा सद्भावनाले उठाएको थियो । ०४८ को निर्वाचनपछि सद्भावना मधेशका मुद्दामा भन्दा सत्तामा झुम्मिन थाल्यो । अन्य दलले मधेशका कुरा सुनेनन् भनेर नयाँ दल गठन गर्ने नेताले नै सत्तामा पुगेपछि मधेशलाई चटक्कै बिर्सिए । गजेन्द्रनारायण सिंह आफैं पटक-पटक मन्त्री भए । उनी पनि मधेशका मुद्दाप्रतिभन्दा सत्ताप्रति बढी इमानदार देखिन थाले । उनको मृत्युपछि सद्भावना कैयौं चिरामा विखण्डित भयो । उनीबाटै दीक्षित केही नेता ज्ञानेन्द्रको सरकारमा सहभागी भए । त्यसयता उठ्नै नसक्ने गरी थला पऱ्यो ।

मधेश राजनीतिमा सिंहपछि अर्का नेताको नाम आउँछ, उपेन्द्र यादव । तर, कुनै वेला मधेशको नायक भनिने यादवको अहिले परिचय फेरिएको छ । उनी पनि मधेशका मुद्दा भुलेर सत्ताको चास्नीमा डुबिरहने नेताका रूपमा परिचित छन् मधेशमा । सत्ता उनका लागि अक्सिजन बनेको छ । मधेशमा उनको 'क्रेज' क्रमशः ओरालो लागिरहेको छ । ०५४ मा उनले मधेशी जनअधिकार फोरम नेपाल नामक गैरसरकारी संस्था स्थापना गरे । त्यसअघि उनी कम्युनिस्ट नेता थिए । ०६३ को पहिलो मधेश विद्रोहमा फोरमको मुख्य भूमिका थियो । फोरमले नै मधेशलाई विद्रोहको पाठ सिकाएको हो । तर, विद्रोहको विरासत बोकेका यादव



अहिले सबै कुरा बिर्सिएर सत्ताको पछि दौडिएका छन् ।

दोस्रो जनआन्दोलनपछि अन्तरिम संविधान जारी हुने समयमा फोरमले संघीयतासहितको संविधान माग गऱ्यो । तर, ०६३ माघ १ मा संघीयताविनाको अन्तरिम संविधान जारी भयो । त्यसको विरोध गर्दै २ माघमा यादवलगायत केही मधेशी नेताले माइतीघर मण्डलामा संविधानको प्रति जलाए । प्रहरीबाट उनीहरू पक्राउ गरे । ३ माघदेखि फोरमका कार्यकर्ताले आफ्ना नेतालाई रिहा गर भन्दै मधेश आन्दोलन सुरु गरे । ५ माघमा लहानमा रमेश महतो मारिएपछि मधेश झनै आक्रोशित भयो । यहींदेखि पहिलो मधेश विद्रोहको ढोका खुल्यो ।

आन्दोलन मधेशभर फैलियो । यस क्रममा धेरै मधेशी मारिए । राणाशासन र शाहशासनको विरोधमा भन्दा क्रूर तरिकाले लोकतान्त्रिक सरकारले निहत्था मधेशी जनतामाथि बर्बर दमन गऱ्यो । तर, दशकौंदेखि विभेद भोग्दै आइरहेका मधेशीलाई जति दबाउन खोजे पनि सरकार सफल भएन । परिणामतः सरकार र फोरमबीच २२ बुँदे सहमति भयो र पहिलो मधेश आन्दोलन टुंगियो । संविधानमा संघीयता, समानुपातिक समावेशिता, जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने जस्ता विषय समेटिए पनि सहमति पूर्णतः कार्यान्वयनमा गएन । परिणामतः दोस्रो मधेश आन्दोलन भयो । राजेन्द्र महतो, महन्थ ठाकुर र उपेन्द्र यादवले मोर्चाबन्दी गर्दै दोस्रो आन्दोलनको नेतृत्व गरे । फेरि पनि कैयौं मधेशी आन्दोलनकारी मारिए । सरकार र मोर्चाबीच आठबुँदे सम्झौता भएपछि मधेशवादी दल पहिलो संविधानसभा निर्वाचनमा होमिए । ०७२ मा फेरि तेस्रो मधेश आन्दोलन भयो । सरकारले सम्झौता गरेअनुसारका बुँदा समावेश नभएको भन्दै आन्दोलन सुरु भएको थियो । यसपटक पनि दर्जनौं मधेशी मारिए । ०७४ सालसम्म छिटफुट आन्दोलन भई नै रहे । तर, विनाकुनै ठोस निर्णय तेस्रो मधेश आन्दोलन टुंगियो । पहिलो मधेश आन्दोलनले उपेन्द्र यादवलाई मधेशकेन्द्रित नेताका रूपमा स्थापित गऱ्यो । कम्युनिस्ट हुँदा खासै चर्चा नकमाएका उनी मधेश आन्दोलनबाट रातारात चर्चित भए । मधेशका निम्ति उनको योगदान अतुलनीय छ । संघीयताको जस मधेश आन्दोलनलाई नै जान्छ । र, मधेश आन्दोलनको एउटा बलियो स्तम्भ उनी पनि हुन् । तर, उनी आफ्नै सिद्धान्तमा टिकेनन् । फोरमले पनि एक मधेश एक प्रदेश नारालाई आगाडि सारेको थियो । फोरमले यस्तै खाले आफैंले उठाएका कैयौं मुद्दा बिर्सियो । २२ बुँदे सहमतिदेखि नै द्वन्द्व सुरु भइसकेको फोरम पटक-पटकको टुटफुटले उठ्नै नसक्ने गरी थलियो ।

> क्षेत्रीय राजनीतिक दलको मुख्य एजेन्डा सत्ताभन्दा पनि मुद्दा हुनुपर्छ । तर, अहिले मधेशकेन्द्रित दल र तिनका नेता मुद्दालाई कोशीमा बगाएर सत्तामा रमाइरहेका छन् ।

२००७ सालदेखि अहिलेसम्म मधेशका नाममा धेरै राजनीतिक दल खुले । तिनले मधेशका निम्ति छिटफुट काम नगरेका पनि होइनन्, तर आफ्नो सिद्धान्तमा टिक्न नसक्दा उनीहरूमा गम्भीर क्षति भयो । मधेशी जनअधिकार फोरमबाट अहिले जनता समाजवादी पार्टी बन्दासम्म पार्टीबाट 'मधेश' शब्द नै गायब भयो । तराईमा जन्मेको पार्टी अहिले पहाडसम्मै फैलिएको छ । मधेशी नेता अध्यक्ष रहेको पार्टी पहाडसम्म फैलिनु र पार्टीमा मधेश शब्द नहुनु अनौठो होइन । तर, सुरुमा मधेश शब्द जोडेर पछि हटाउनुले चाहिँ आफ्नो पहिचान बनाउन मात्र मधेश शब्दको दुरुपयोग गरिएको रहेछ भन्ने साबित भएको छ ।

कांग्रेसले मधेश मुद्दामा नबोलेको आरोप लगाएर ०६४ मा महन्थ ठाकुरले तराई शब्द जोडेर गठन गरेको तराई मधेश लोकतान्त्रिक पार्टी अस्तित्वमै छैन । उनी अहिले लोकतान्त्रिक पार्टीको नेतृत्व गर्दै छन् । उनको पार्टीमा पनि मधेश शब्द नहुनुले उही तथ्य पुष्टि गर्छ । मधेशका नाममा संघर्ष गरेका या गराएका नेताहरूले मधेशलाई भावनात्मक रूपमा मूर्ख बनाए । क्षेत्रीय राजनीतिक दलको मुख्य एजेन्डा सत्ताभन्दा पनि मुद्दा हुनुपर्छ । तर, अहिले मधेशकेन्द्रित दल र तिनका नेताहरू मुद्दालाई कोशीमा बगाएर सत्तामा रमाइरहेका छन् । उनीहरू मधेशबारे बोल्नसम्म नचाहने दलसँग टाँसिएर सत्तामा रमाइरहेका छन् । चुनाव नआउँदासम्म मधेशका माग पूरा भएनन् भनेर चुनाव बहिष्कारको नारा लगाउँछन् । तर, चुनाव नजिकिएपछि भने सबै कुरा बिर्सिएर मधेशकै नेताहरूसँग चुनावी प्रतिस्पर्धामा उत्रिन्छन् ।

मधेशमा अहिले अर्को एउटा दल जन्मेको छ, जनमत पार्टी । त्यसको रबैया भने खराब देखिन्छ । पुराना मधेशकेन्द्रित दल अहिले आएर दिशाहीन भए, सुरुमा ती दलले मधेशका निम्ति संघर्ष गरेकै हुन् । तर, जनमत भने छोटो र अनौठो बाटोबाट राजनीतिमा आएको हो । देश टुक्र्याउने र अलग मधेश देश बनाउने मुद्दाको सहाराबाट उठेको जनमत कुनै सिद्धान्तको जगमा बनेको पार्टी होइन । तैपनि, पुरानो दलको बदमासीका कारण उसले ०७९ को चुनावमा केही सिट प्राप्त पनि गऱ्यो । तर, मधेशको वैकल्पिक शक्ति भन्न भने यसलाई कदापि मिल्दैन । जनमतले आफ्नो नीति र विचारलाई सैद्धान्तिकीकरण गर्न सकेन भने त्यसको पनि आयु बढिरहला जस्तो लाग्दैन । अहिलेसम्म जनमत पनि पुरानै मधेशवादी दलजस्तै मुद्दाभन्दा सत्तालाई केन्द्रमा राख्ने संस्कृतिमा रमाइरहेको छ । उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतोहरू मधेशले नै चिनाएका अनुहार हुन् । तर, अहिले उनीहरू मधेशका मुद्दाका लागि भन्दा पनि आफ्नो स्वार्थका निम्ति राजनीति गर्दै छन् ।

यो क्षेत्रीय राजनीतिक दल र नेताको गुण होइन । चुनावताका मधेशकेन्द्रित दल मधेशका नाममा मत माग्छन् । चुनाव जितिसकेपछि चाहिँ मधेश मुद्दाबारे चुँसम्म बोल्दैनन् र मधेशलाई वास्तै नगर्ने दल र नेताहरूको दौराको फेर समातेर मन्त्री बन्न दौडिन्छन् । चुनावको वेला मधेशकेन्द्रित मुद्दा उठाउँछन् । चुनाव जितिसकेपछि बिर्सिन्छन् । चुनावका वेला आफूलाई मधेशकेन्द्रित नेताका रूपमा प्रस्तुत गर्छन् । चुनाव जितिसकेपछि ठूला दलका इसारामा दौडिन्छन्, मन्त्री बन्छन् र मधेशका मुद्दा फेरि पनि कोशीमा बगाउँछन् । यसले उनीहरूको भलो त होला, तर मधेश र मधेशी जनताको भने कदापि भलो हुनेछैन ।

३ प्रश्न

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष **पशुपति मुरारका**लाई



नेपाली औद्योगिक क्षेत्रका लागि वर्ष २०८० कस्तो रह्यो ?

बितेको वर्ष २०८० औद्योगिक क्षेत्रका लागि ज्यादै निराशाजनक रह्यो । उद्योगको सबैभन्दा ठूलो क्रेता सरकार हो । तर, सरकारले ठूलो रकम लाग्ने निर्माण क्षेत्रमा खर्च गर्न सकेन । जसले गर्दा औद्योगिक उत्पादन बिकेनन् । परिणामतः अधिकांश ठूला उद्योग ३०-३५ प्रतिशतभन्दा बढी क्षमतामा चल्न सकेनन् । यसले गर्दा अधिकांश उद्योग घाटामा गए । त्यसैले, औद्योगिक क्षेत्रका लागि वर्ष २०८० बिर्सनलायक रह्यो ।

वर्ष २०८० मा औद्योगिक क्षेत्रले झेलेका मुख्यमुख्य समस्या के-के हुन् ?

अर्थतन्त्रको शिथिलताले गर्दा सरकार र जनताले खर्च गर्न सकेनन् । यसको सबैभन्दा ठूलो मार औद्योगिक क्षेत्रमा पऱ्यो । विदेशी मुद्राको सीमितताले गर्दा आयातमा कडाइ गरियो । बैंकको ब्याज बढ्यो । अर्थतन्त्र शिथिल भएको हल्लासँगै मानिसहरू 'सेभिङ मुड'मा गए । जसले गर्दा सेयरबजार निकै खस्कियो । जमिनको भाउ पनि घट्यो । जसले गर्दा बैंकको साँवाब्याज भुक्तानी गर्नसमेत कठिन भयो । सम्पत्ति बिक्री गरेर कर्जा तिर्न सक्ने अवस्था पनि रहेन । झन् वर्षको अन्त्यतिर थपिएको लोडसेडिङको मामले धर्मराइरहेका उद्योग धराशायी हुने अवस्थामा पुगेका छन् ।

वर्ष २०८१ मा नेपाली औद्योगिक क्षेत्रका के-कस्ता अपेक्षा छन् ?

सबैभन्दा पहिले राज्यले खर्च गर्नुपऱ्यो । स्वदेशी उत्पादन खपत हुने निर्माणमा पैसा खर्च गर्नुपर्छ । प्रविधिमा अर्बौं खर्च गर्न छाडेर बाटोघाटो, पुल-पुलेसा निर्माणमा खर्च गरियो भने यसबाट उद्योग पनि चल्छन्, रोजगारी पनि बढ्छ र अर्थतन्त्र पनि चलायमान हुन्छ ।

प्रेरक प्रसंग

अति परिचयको क्षति

एकपटक गोस्वामी तुलसीदास कासीमा विद्वानूबीच भागवत् चर्चा गरिरहेका थिए । अचानक त्यहाँ उनका निकट परिचित दुई गाउँले मित्र आइपुगे । गंगास्नानका लागि आएका भए पनि भागवत् चर्चा चलिरहेको सुनेर उनीहरू त्यहीं रोकिए ।

उनीहरूले टाढैबाट आफ्नै गाउँका तुलसीदासलाई चिनिहाले । दुईमध्ये एकले औंलाले तुलसीदासलाई देखाउँदै भने- ए केटा, हेर् त उता ! त्यो हाम्रो गाउँको रामबोला होइन ? हामीसँगै खेलेर हुर्केको केटो अहिले मान्छेहरूलाई क्या गफ दिँदै रहेछ । फेरि सोझासीधा मानिस पनि उसका कुरा बडो तन्मयतापूर्वक सुनिरहेका छन् । यो सब के चक्कर हो ? अर्का साथीले उनका कुरामा सही थाप्दै भने- हो त नि, मलाई यो बहुरूपी ठग जस्तो पो लाग्यो हेर् त, कस्तो कत्ति न जानेको जस्तो ढोंग गरिरहेको छ । पहिले त ऊ यस्तो थिएन । अहिले वेश बदलेर मानिसहरूलाई उल्लु बनाइरहेको रहेछ ।

केहीबेरमै तुलसीदासले पनि उनीहरूलाई देखे । गाउँका मित्रहरू देख्नासाथ आसनबाट उठेर उनी ती दुवै गाउँले बसिरहेको स्थानमा पुगे र सन्चो-बिसन्चोको खबर सोधे । दुईमध्ये एक मित्रले उनलाई सोधे- ओइ केटा, तैंले यो कस्तो वेश धारण गरिस् हँ ? तैंले सबैलाई अँध्यारोमा राखेर उल्लु बनाए पनि हामीलाई सक्दैनस् । हामी तँलाई राम्ररी चिन्छौं । तँ यहाँ मिठो बोलेर सबैलाई प्रभावित गर्न खोजिरहेको छस्, तर हामी यस्ता कुराबाट प्रभावित हुनेछैनौं । तँ ढोंग गर्दै छस् भन्ने हामीलाई थाहा छ ।

तुलसीदासलाई उनीहरूको अज्ञानतामाथि दया जाग्यो । उनले प्रत्यक्षतः केही भनेनन्, मुसुक्क मुस्कुराए मात्र । उनले मनमनै एक कविता स्मरण गरे, जसमा भनिएको थियो- कुनै पनि साधु आफ्नो जन्म गाउँ या सहर फर्केर जानु हुँदैन । किनकि, त्यहाँका मानिसले उसमा प्रकट भएको साधुता या सद्गुण चिन्न सक्दैनन् । उसलाई पुरानै नाम या व्यक्तित्वका रूपमा लिन्छन् । साधुमा उत्पन्न ज्ञान, वैराग्य या भक्तिबारे उनीहरूको कुनै चासो हुँदैन ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बधाई छ दीपेन्द्र !

नेपाली क्रिकेटका एक भरपर्दा अलराउन्डर दीपेन्द्रसिंह ऐरीले ओमानमा जारी एसिसी प्रिमियर कप टी-२० प्रतियोगितामा एक ओभरका सबै ६ बलमै छक्का प्रहार गरेर विश्व क्रिकेटका महान् हस्तीहरूले बनाएको कीर्तिमान बराबरी गरेको देख्दा खुसी लाग्यो । राजनीतिले देश र जनतालाई निराश बनाइरहेको समयमा दीपेन्द्रले दिएको यो खुसीका लागि उनी बधाईका हकदार छन् । उनीसँगै नेपाली क्रिकेटले अहिले जुन लय समातेको छ, त्यसका लागि प्रशिक्षकदेखि सिंगो टिमलाई पनि हार्दिक बधाई छ । आगामी दिनमा थप सफलता प्राप्त हुँदै जाओस् । नेपाली क्रिकेटले विश्व क्रिकेटमा थप फड्को मारेको देख्न पाइयोस् । सम्बन्धित सबैमा शुभकामना छ ।

● **निरुता नेपाली**, गल्कोपाखा, काठमाडौं

प्रदेश सभा के गरेर बस्यो ?

मधेश सरकारको १५ महिनामा प्रदेश सभाले एउटा पनि कानुन बनाउन नसकेको समाचार पढ्दा दुःख लाग्यो । प्रदेश सभाको मुख्य काम नै प्रदेशलाई आवश्यक पर्ने कानुन बनाउनु हो । तर, सो सभाले १५ महिनासम्ममा एउटा पनि कानुन बनाएन भने उसले आफ्नो दायित्व पूरा गरेको कसरी ठान्नु ? आफ्नो मुख्य जिम्मेवारी पूरा गर्न नसक्ने प्रदेश सभाका सदस्यहरूले त्यही कामका नाममा कसरी तलबभत्ता लिन सकेका होलान् ? यसको जवाफ चाहियो ।

● **उन्मुक्त दाहाल**
हेटौंडा-४, मकवानपुर

किन बन्छ यस्तो बजेट ?

सरकारले चालू बजेटमा एक अर्ब ६३ करोड रकमान्तर गरेको र दुई अर्ब ६३ करोडको कार्यक्रम संशोधन गरेको समाचार पढियो । यो समाचार पढ्दै जाँदा यस्तो अवस्था बजेट बनाउने वेलामा वास्तविकतामा आधारित बजेट बनाउनुको साटो अवास्तविक बजेट बनाउने गर्दा यस्तो अवस्था आउने गर्छ । पहिले नै बनाउने समयमा वास्तविक तथ्यांकमा आधारित भई बजेट निर्माण गर्न सकेमा यस्तो अवस्था आउने थिएन । आगामी दिनमा सरकारको यसतर्फ ध्यान जाओस् ।

● **कुसुम मुल्मी**
सीतापाइला, काठमाडौं

गल्ती नगरेको भए डर किन ?

सहकारीको रकम हिनामिना गरेको आरोप खेपिरहेका गृहमन्त्री रवि लामिछानेमाथि लागेका आरोपबारे प्रधानमन्त्री प्रचण्ड, पूर्वप्रधानमन्त्री केपी ओलीसमेतले प्रस्टीकरण दिँदा पनि प्रमुख प्रतिपक्षी कांग्रेस विश्वस्त हुन नसकेपछि सरकारले संसद्को चालू अधिवेशन नै अन्त्य गरेको सुनियो । यसबाट सरकारले दोषीलाई लुकाउन जोडबल लगाइरहेको छ भनेर बुझिन्छ ।

कोही मान्छे आफूमाथि लागेको झुटो कसुरमा आफू पूर्ण निर्दोष छु भन्नेमा दुक्क छ भने कानुनको जस्तोसुकै बुँदाले पनि उसको सातो उडाउँदैन, जति अहिले गृहमन्त्री लामिछानेको उडेको छ । रविलाई दायाँबायाँ गरियो भने सरकार ढल्छ भन्ने डरले प्रधानमन्त्री प्रचण्ड एमाले अध्यक्ष ओलीको पनि सातो उडेको छ । सरकारले अहिले संसद्को अधिवेशन अन्त्य गरेर केही समयका लागि शान्ति महसुस त गर्ला, तर बजेट अधिवेशनमा यसको सामना त पक्कै पनि गर्नैपर्नेछ ।

केही दिनअघिसम्म प्रमुख प्रतिपक्षी दल कांग्रेस मात्र लामिछानेविरुद्ध खनिएको थियो, अब राप्रपा र अन्य साना दल पनि कांग्रेससँगै सहकार्य गर्न आइपुगेका छन् । सत्ता घटकमै रहेका केही दल पनि यस विषयमा प्रतिपक्षीसँग नजिक देखिन्छन् । यता आफूमाथि लागेका सम्पूर्ण आरोप निराधार हुन् भनेर वकालत गरिरहने गृहमन्त्री लामिछाने आफूविरुद्ध छानबिन होस्, छानबिनपछि म निर्दोष साबित भएर आउँछु भनेर बाटो खुलाउनुको सट्टा संसदीय समिति बन्यो भने सत्ता छाडेर हिँड्छु भन्दै धम्की दिइरहेका छन् ? जब उनले गल्ती नै गरेका छैनन् भने यो धम्की किन ?

● **सुजन देवकोटा**, पालुङटार-४, गोरखा
sddevkota778@gmail.com

सुडानी संकट निवारणको पहलकदमी जरुरी

सुडान चाँडै नै विश्वको सबैभन्दा ठूलो भोकमरीको संकटग्रस्त क्षेत्र बन्न सक्ने गम्भीर जोखिममा छ

देश/विदेश

● फिलिपो ग्रान्डी ● मार्टिन ग्रिफिथ
● सिन्डी म्याककेन ● क्याथरिन रसेल

अप्रिलमा सुडानी सशस्त्र बल र रेपिड सपोर्ट फोर्सबीचको शक्ति-साझेदारी सम्झौताविच्छेदपछिको गृहयुद्धका कारण सुडानले विश्वको ध्यान खिचेको थियो । त्यसवेलादेखि, द्वन्द्वले देशलाई ध्वस्त पार्दै आएको तर अन्तर्राष्ट्रिय ध्यान भने चाँडै बिलायो ।

आजैका दिन अर्थात् १५ अप्रिलमा शान्तिपूर्ण अवस्था भल्किएको ठीक एक वर्षपछि सुडानलाई लिएर पेरिसमा उच्चस्तरीय सम्मेलन आयोजित हुँदै छ । फ्रान्स, जर्मनी र युरोपेली संघद्वारा आयोजना गरिएको यो सम्मेलनले विश्वको विस्मृतिमा गएको संकटबारे अन्तर्राष्ट्रिय ध्यान खिच्न महत्त्वपूर्ण अवसर प्रदान गर्नेछ ।

सुडानको हिंसाले हजारौंको ज्यान लियो र लाखौंलाई विस्थापित गरायो । यसले मानवीय प्रकोप सिर्जना गरेको छ, जसले यस क्षेत्रमा अस्थिरता फैलाउने जोखिम बढाउँछ । सुडानको पतनले छिमेकी देशमा पनि विद्रोह निम्त्याउन सक्छ ।

सुडानको यस द्वन्द्वलाई नागरिकविरुद्धको डरलाग्दो आक्रमणको संज्ञा पनि दिइएको छ । यसमा डार्फरमा अन्धाधुन्ध र जातीय रूपमा उत्प्रेरित हत्या, महिला एवं बालिकाविरुद्ध व्यापक यौनहिंसा र गम्भीर भोकमरी पर्छन् । यी कारकले विश्वकै सबैभन्दा तीव्र स्तरको विस्थापन निम्त्याएको छ ।

एक वर्षभन्दा कम समयमा ८५ लाख मानिस विस्थापित भएका छन् र तीमध्ये करिब २० लाख मानिसले चाड, दक्षिण सुडान र इजिप्टमा शरण लिएका छन् । शरण खोज्नेमध्ये आधाभन्दा बढी बालबालिका छन् । छिमेकी देशले सहायता प्रदान गरेका छन्, तर केही मुलुक आफ्नै मानवीय संकटविरुद्ध जुझिरहेका छन् ।

यो क्षेत्र चाँडै नै विश्वको सबैभन्दा ठूलो भोकमरीको संकटयुक्त क्षेत्र बन्न सक्ने गम्भीर जोखिममा छ । सुडानमा जहाँ खाद्यान्नको मूल्य फेब्रुअरीसम्म एक सय १० प्रतिशतभन्दा माथि बढेको थियो । त्यहाँ झन्डै १८ लाख मानिस तीव्र रूपमा भोकमरीका चपेटामा छन् । दक्षिण सुडानमा झन्डै ७० लाख र चाडमा ३० लाखले सुडानकै नियति सामना गरिरहेका छन् ।

सुडानमा भोकमरी एक बढ्दो खतरा हो र ठूलो संख्यामा मानिसले खाद्य असुरक्षाको आपत्कालीनस्तरको सामना गरिरहेका छन् । यी मानिस अनिकालबाट एक कदम मात्र टाढा छन् । दुर्भाग्य, यी जोखिममा रहेका मानिसमध्ये ९० प्रतिशत मानवीय एजेन्सीले सहजै पहुँच पाउन नसक्ने खार्तुम, गेजिरा राज्य, कोर्डोफान्स र डार्फरजस्ता द्वन्द्व क्षेत्रमा छन् ।

सुडानका बालबालिका यस युद्धबाट धेरै पीडित छन् । उदाहरणका लागि ६ वर्षीया फातिमा दुईपटक विस्थापित भइन्, पहिले खार्तुम र त्यसपछि गेजिराबाट कसलामा लडाइँबाट भागेर विस्थापित भइन् । झन्डै ५० लाख अन्य बालबालिकाजस्तै उनी पनि घर, विद्यालय र शान्तिको चाहना गर्छिन् । विडम्बना, बन्द विद्यालय, शिक्षकले तलब नपाएको अवस्था र विद्यालयको बजेट अभावका कारण एक करोड ९० लाख बालबालिकाले शिक्षा पाउन सकेका छैनन् ।

अन्तर्राष्ट्रिय समुदायले क्षेत्रीय विपत्ति रोक्न तत्काल कदम चाल्नुपर्छ । पहिलो, यसका लागि सुडानका स्थानीय स्वयंसेवी समूह र जोखिममा रहेका यौनहिंसाका पीडितलाई सहयोग गर्ने महिला संगठनलगायत संगठनलाई सुडानमा निर्बाध मानवीय पहुँच सुरक्षित गर्न आवश्यक छ ।

राष्ट्रसंघीय सुरक्षा परिषद्को हालैको प्रस्तावमा निर्बाध मानवीय पहुँचका लागि आह्वान गरे पनि जमिनीस्तरमा प्रगति सीमित छ । सिमाना र द्वन्द्वरेखा पार गरेर राहत सामग्री पुऱ्याउने प्रयास अझै पनि अवरुद्ध छन् र मानवीय टोली एवं आपूर्ति लुटपाट र आक्रमणको जोखिममा छन् । हामीलाई तत्काल सबै पक्षलाई निर्बाध पहुँचको अनुमति दिन र सबै सीमा नाका विशेषतः डार्फर र कोर्डोफानका सहायता



तस्बिर : मोहम्मद धन्नम/रोयटर्स

एजेन्सीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न खुला राख्न आवश्यक छ ।

दोस्रो, बढ्दो संकट सामना गर्न राम्रो लगानीसहितको आपत्कालीन प्रतिक्रिया आवश्यक छ । सुडानमा करिब एक करोड ५० लाखको जीवन जोगाउने उद्देश्यले २७ अर्ब डलरबराबरको संयुक्त मानवीय कोषको अपिल गरिएको थियो । तर, कोषमा ६ प्रतिशत मात्र रकम जम्मा भएको छ ।

छिमेकी देशमा शरणार्थी र फर्केकालाई सहयोग गर्न थप स्रोत आवश्यक छ । दक्षिण सुडानमा ३० लाख तीव्र रूपमा भोकमरीमा रहेका मानिसले कोषको अभावका कारण कुनै खाद्य सहायता प्राप्त गरिरहेका छैनन् । १२ लाख शरणार्थी र झन्डै ३० लाख चाडका जनतालाई यो महिनामा सबै रासन र बन्दोबस्ती गुमाउनबाट रोक्न तत्काल नगद आवश्यक छ ।

यी जोखिममा रहेका मानिसलाई तुरुन्तै अन्तर्राष्ट्रिय समर्थन र सुरक्षा चाहिन्छ, तर हाम्रा टोलीले अब सहयोग गर्न सक्नेछैनन्, यदि कोष कटौती अगाडि बढ्छ भने । यसले भोकमरीमा तीव्र बढोत्तरी निम्त्याउन सक्छ, जसले पहिल्यै धेरै गुमाएकाका लागि थप पीडा निम्त्याउन सक्छ र यस क्षेत्रमा अस्थिरता र अराजकतालाई बढावा दिन सक्छ ।

अग्रपंक्तिका शरणार्थी आउने देशमा जारी न्यून रकम सहयोगले सम्भवतः धेरै मानिसलाई भूमध्यसागर पार गर्ने खतरनाक जोखिम मोल्न प्रेरित गर्नेछ । विस्मृतिमा गएको यो संकटले सुडानमा युद्ध रोक्न र छिमेकीलाई स्थिर बनाउन दिगो राजनीतिक समाधानको माग गर्छ । यो पेरिस सम्मेलन हिंसा अन्त्य गर्ने, अनिकालबाट बच्न र व्यापक क्षेत्रमा स्थायित्व पुनर्स्थापना गर्ने उद्देश्यले नयाँ कूटनीतिक पहल सुरु गर्ने महत्त्वपूर्ण अवसर हो । अन्तर्राष्ट्रिय समुदायले यो अवसरलाई सदुपयोग गर्नुपर्छ र यसलाई खेर जान दिनुहुँदैन ।

(ग्रान्डी राष्ट्रसंघीय शरणार्थीका उच्चायुक्त हुन्, ग्रिफिथ मानवीय मामिला र आपत्कालीन राहत संयोजकका लागि राष्ट्रसंघका उपमहासचिव हुन्, म्याककेन विश्व खाद्य कार्यक्रमका कार्यकारी निर्देशक हुन् भने रसेल युनिसेफका कार्यकारी निर्देशक हुन्)

अल जजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

■ भाजपाको चुनावी संकल्पपत्र सार्वजनिक

भारतलाई उत्पादनको केन्द्र बनाउने मोदीको घोषणा

नयाँदिल्ली/ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक खर्च बढाउने, पूर्वाधार विकास र भारतलाई विश्वव्यापी उत्पादन केन्द्र बनाउने घोषणा गरेका छन्। आइतबार भारतीय जनता पार्टी (भाजपा)को चुनावी संकल्पपत्र सार्वजनिक गर्दै मोदीले सो घोषणा गरेका हुन्। मोदी तेस्रो पाँच वर्षको कार्यकालका लागि सत्तामा फर्कने आशामा छन्। उनी तथा भाजपाका अन्य नेताहरूले बहुचरणको आमनिर्वाचन सुरु हुनु केही दिनअघि विश्वको सबैभन्दा ठूलो लोकतन्त्रमा पार्टीको तर्फबाट आफ्ना प्रतिबद्धता सार्वजनिक गरे।



संकल्पपत्र महिला, युवा, गरिब र किसानको सशक्तीकरणमा केन्द्रित छ। ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, ट्रान्सजेन्डरलाई आयुष्मान भारत योजनाअन्तर्गत ल्याइनेछ। तीन करोड घर र सस्तो पाइपलाइन ग्यास संकल्पपत्रमा उल्लेख गरिएको छ।

मोदीले आफ्नो पार्टीको १० वर्षको शासनमा सुरु गरिएका सामाजिक कार्यक्रमलाई विस्तार गर्ने वाचा गरे। यसमा स्वास्थ्य सेवा, खाना पकाउने ग्यास र निःशुल्क अन्नका साथै गरिबका लागि लाखौँ निःशुल्क घर समावेश छन्। मोदी सरकारले गरिब किसानलाई प्रतिवर्ष ६ हजार भारतीय रुपैयाँ (७३

> संकल्पपत्र महिला, युवा, गरिब र किसानको सशक्तीकरणमा केन्द्रित

अमेरिकी डलर) प्रदान गरिरहेको छ।

प्रधानमन्त्री मोदीले सन् २०१४ मा सत्तामा आएपछि आफ्नो सरकारको नीतिले २५ करोड मानिसलाई गरिबीबाट बाहिर निकालेको बताए। एक अर्ब ४० करोडभन्दा धेरै जनसंख्या भएको भारत विश्वको सबैभन्दा धेरै जनसंख्या भएको मुलुक हो। भाजपाका अध्यक्ष जेपी नड्डाले एक प्रतिशतभन्दा कम भारतीय जनता अहिले चरम गरिबीमा बाँचिरहेको बताए।

भारतको लोकसभा निर्वाचन यही अप्रिल १९ गतेका लागि तय गरिएको छ। १ जुनसम्म हुने निर्वाचनको नतिजा जुन ४ मा घोषणा गरिनेछ। अधिकांश सर्वेक्षणले मोदी र भाजपाको जितको भविष्यवाणी गरेका छन्। यद्यपि, विपक्षी कांग्रेस पार्टीले मोदीले भारतको लोकतन्त्रलाई कमजोर बनाएको र धनी वर्गकोको हितलाई समर्थन गरेको तर्क दिएको छ।

मोदीले मुलुकभर व्यापक प्रचार गरिरहेका छन् र सन् २०२७ सम्ममा देशको अर्थतन्त्रलाई करिब २७ खर्ब डलरबाट बढाएर ५० खर्ब डलरसम्म पुऱ्याउने वाचा गरेका छन्। उनले बेलायती उपनिवेशबाट स्वतन्त्र भएको एक सय वर्षको खुसियाली मनाउँदै गर्दा सन् २०४७ सम्ममा भारतलाई विकसित मुलुक बन्ने मार्गमा लैजाने पनि वाचा गरेका छन्।

प्रधानमन्त्री मोदीले आफ्नो पार्टी भाजपाले भारतलाई औषधि, ऊर्जा, सेमिकन्डक्टर र पर्यटन उद्योगको केन्द्रका रूपमा विकास गर्ने बताए। भारतले आफ्नो रेल्वे, हवाईमार्ग र जलमार्गसहित पूर्वाधारको आधुनिकीकरण गर्ने पनि उनले बताए। साथै, उनले युवाका लागि नोकरी बढाउने र युवा उद्यमीका लागि सस्तो ऋणमा पहुँच पुऱ्याउने उल्लेख गरे। हिन्दुवादी नेताका रूपमा मोदी भारतमा अत्यन्त लोकप्रिय छन्। उनको शासनकालमा देशमा द्रुतगतिमा आर्थिक विकास भएको छ।

जापानमा जनावरमाथिको दुर्व्यवहार बढ्दो

टोकियो/ जापानमा जनावरमाथिको दुर्व्यवहारका घटना बढेका छन्। दुर्व्यवहारदर गत वर्षको तुलनामा वृद्धि भएको हो। प्रहरीका अनुसार गत वर्ष जनावरमाथि भएका दुर्व्यवहारबारे दर्ता भएका मुद्दा अघिल्लो वर्षको १५ बाट बढेर १८१ पुगेको छ। 'पशुकल्याण र व्यवस्थापन ऐन' उल्लंघन गरेको आरोपमा सन् २०२३ मा त्यहाँ १८१ मुद्दा दर्ता भएका थिए। उक्त ऐनले जनावरलाई क्रूर र अनुपयुक्त व्यवहार गर्नबाट प्रतिबन्ध लगाएको छ। सन् २०१० देखि संकलन गर्न थालिएको तथ्यांकअनुसार यो संख्या अहिलेसम्मकै सबैभन्दा उच्च हो।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
विकास सहायता कार्यान्वयन महाशाखा
बबरमहल, काठमाण्डौं

संरचना निर्माण नगर्ने बारे सार्वजनिक सूचना

सूचना प्रकाशित मिति: २०८१/०१/०३

विश्व बैंकको ऋण सहयोगमा नेपाल सरकारद्वारा स्तरोन्नति हुन गईरहेको पूर्व पश्चिम राजमार्ग अन्तर्गत बुटवल-गोरुसिंगे सडक खण्डको करिव ५० कि.मि. सडकको केन्द्र रेखावाट दायाँ बायाँ २५/२५ मिटर गरी जम्मा ५० मिटर सडक सिमा क्षेत्र (Right of Way) कायम भएको सूचना नेपाल सरकारको मिति २०३४/३/२० को राजपत्रमा प्रकाशित भएको व्यहोरा अनुरोध छ। अत: यस सडक स्तरोंनन्तीको क्रममा विस्तृत इन्जिनियरिङ डिजाइन तथा पुनर्वास कार्ययोजना समेत तयार भईसकेको कुरा जानकारी गराउदै यस पुनर्वास कार्ययोजना अन्तर्गत सडक सिमा क्षेत्र भित्र क्षति हुने सम्भावित व्यक्तिगत तथा सार्वजनिक संरचनाहरु (घर, टहरा, व्यापारिक घुम्ती, मन्दिर, चौतारा, पाटि, पौवा आदि) को विस्तृत लगत लिने काम सडक विभाग मार्फत २०७९ असोजमा भित्र सम्पन्न गरिसकेको साथै मिति २०८०/११/२१ मा प्रमाणिकरण समेत सम्पन्न भएको छ। तसर्थ ५० मिटर (दायाँ बायाँ २५/२५ मिटर) सडकको सिमा क्षेत्र भित्र मिति २०८१/०१/०३ गते पश्चात् कुनै पनि किसिमका संरचनाहरु निर्माण गर्नु गराउनु भएमा नेपाल सरकारको प्रचलित कानुन वमोजिम उक्त संरचनाहरु ३५ दिनको सूचना दिएर खालि गराउने व्यहोरा जानकारी गराइन्छ। त्यसरी खालि गराइएका/हटाइएका संरचनाहरुको हकमा कुनै पनि किसिमको क्षतिपूर्ति दिन सडक विभाग बाध्याकारी हुने छैन।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८१/०१/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्वन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण वक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रकृया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

भैरहवा शाखा, रुपन्देही

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्त संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्त संरक्षण कार्यालय भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४९३९०/०७७/७८/ १०१९३/०७३/७४ अन्तर्गत मिति २०७६/१०/१३ मा दर्ता कायम भएको **न्यू सन्दीप इम्पेक्स** फर्म दर्ता ठेगाना : कपिलवस्तु न.पा. - १, कपिलवस्तु स्थायी लेखा नं. ६१२९३१३२१, मिति : २०७६/१०/१४ **प्रोप्राइटर : श्रीमती उर्मिला गुप्ता** **कर्जा शिर्षक : ओभरड्राफट तथा डिमाण्ड कर्जा**	**श्रीमती उर्मिला गुप्ता** ना.प्र.नं. ३८-०१-७५-०८००२ जारी मिति २०७५/१०/२९, जि.प्र.का. कपिलवस्तु बाबुको नाम : विष्वनाथ गुप्ता पतिको नाम : गणेश कुमार गुप्ता ससुराको नाम : शिव कुमार गुप्ता स्थायी ठेगाना : कपिलवस्तु न.पा. - १, कपिलवस्तु

व्यक्तिगत जमानत दिनेको विवरण

गणेश कुमार गुप्ता	सन्दीप कुमार गुप्ता	सचिन कसौधन गुप्ता
ना.प्र.नं. ३५७७६-४३४७ जारी मिति २०७५/०८/१९, जि.प्र.का. कपिलवस्तु बाबुको नाम : शिव कुमार गुप्ता बाजेको नाम : महादेव स्थायी ठेगाना : कपिलवस्तु न.पा. - १, कपिलवस्तु	ना.प्र.नं. २३१३३ जारी मिति २०५६/०२/१६, जि.प्र.का. कपिलवस्तु बाबुको नाम : गणेश कुमार गुप्ता बाजेको नाम : शिव कुमार गुप्ता स्थायी ठेगाना : कपिलवस्तु न.पा. - २, कपिलवस्तु	ना.प्र.नं. ४१५५७ जारी मिति २०५९/०३/०३, जि.प्र.का. कपिलवस्तु बाबुको नाम : गणेश कुमार गुप्ता बाजेको नाम : शिव कुमार गुप्ता स्थायी ठेगाना : कपिलवस्तु - १, कपिलवस्तु

धितोको विवरण

घर/जग्गाको विवरण

१. विष्वनाथ गुप्ताको छोरी, शिव कुमार गुप्ताको बुहारी, गणेश कुमार गुप्ताको पत्नी, उर्मिला गुप्ताको नाममा मालपोत कार्यालय, तौलिहवा, कपिलवस्तुमा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ३५९ को क्षेत्रफल ०-०-५-२ विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. महादेवको नाति, शिव कुमार गुप्ताको छोरा, गणेश कुमार गुप्ताको नाममा मालपोत कार्यालय, तौलिहवा, कपिलवस्तुमा दर्ता श्रेस्ता कायम रहेको
   क. कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. २४ को क्षेत्रफल ०-०-१९-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
   ख. कपिलवस्तु जिल्ला,दोहनी गा.वि.स./न.पा. वडा नं. ४ क स्थित कित्ता नं. ६४१ र ६४३ को क्षेत्रफल क्रमश: ०-०-६-० र ०-०-४.५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. विष्वनाथ गुप्ताको छोरी, शिव कुमार गुप्ताको बुहारी, गणेश कुमार गुप्ताको पत्नी, उर्मिला गुप्ताको नाममा कपिलवस्तु नगरपालिका, नगरकार्यपालिकाको कार्यालय तौलिहवा, कपिलवस्तुमा रोक्का रहेको कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. १ स्थित कित्ता नं. १२५/१ को क्षेत्रफल ०-०-३.७५-० विगाहाको बाल बिटोरीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

अतरिया शाखा, कैलाली

ऋणीको विवरण	धितोको विवरण (घर/जग्गाको विवरण)
१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. १६५४९/०६८/०६९ अन्तर्गत मिति २०६८/१२/१४ मा दर्ता कायम भएको **तौसी ट्रेडर्स एण्ड सप्लायर्स** फर्म दर्ता ठेगाना : चौमाला - ४, कैलाली स्थायी लेखा नं. ३०५४९०१०६ मिति : २०६८/१२/१४ **प्रोप्राइटर : राम बहादुर बिष्ट** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	१. पदम बहादुर बिष्टको नाति, जहर सिं बिष्टको छोरा, केसर सिं बिष्टको नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, चौमाला गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. ५११ को क्षेत्रफल १८६.२६ व.मि.को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. जहर सिं बिष्टको नाति, केशर सिं बिष्टको छोरा, राम बहादुर बिष्टको नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, चौमाला गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. ३६२ को क्षेत्रफल २०४२.७४ व.मि.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानत दिनेको विवरण

सरु देबी बिष्ट	केसर सिं बिष्ट	राम बहादुर बिष्ट
ना.प्र.नं. १८१८५, जारी मिति २०५०/१०/२५, जि.प्र.का. कैलाली बाबुको नाम : पदम सिं. ऐर पतिको नाम : राम बहादुर बिष्ट ससुरको नाम : केसर सिं. बिष्ट स्थायी ठेगाना : चौमाला - ४, कैलाली	ना.प्र.नं. २३७, जारी मिति २०४४/१२/१६ जि.प्र.का. कैलाली बाबुको नाम : जहर सिं. बिष्ट बाजको नाम : पदम बहादुर बिष्ट स्थायी ठेगाना : चौमाला - ३, कैलाली	ना.प्र.नं. १८१६६, जारी मिति २०५०/१०/२५, जि.प्र.का. कैलाली बाबुको नाम : केशर सिं बिष्ट बाजेको नाम : जहर सिं बिष्ट स्थायी ठेगाना : चौमाला - ४, कैलाली

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
२. नेपाल सरकार, उद्योग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा प्रा.फ.र.नं. २८५८५/०७७/७८ अन्तर्गत मिति २०७७/०४/११ मा दर्ता कायम भएको **सन्नी एण्ड समिर ट्रेडर्स एण्ड सप्लायर्स** फर्म दर्ता ठेगाना : गौरीगंगा न.पा. - ३, कैलाली स्थायी लेखा नं. ६०९००३९४३, मिति २०७५/०९/१९ **प्रोप्राइटर : धना खड्का** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	**दिल बहादुर खड्का** ना.प्र.नं. ५१३३२ जारी मिति २०५९/१२/१९ जि.प्र.का. कैलाली बाबुको नाम : परैविन खड्का बाजेको नाम : मोती सिंह खड्का स्थायी ठेगाना : गौरीगंगा न.पा. - ६, कैलाली	**धना खड्का** ना.प्र.नं. ६७-०१-६९-०४५९० जारी मिति २०६९/०६/२४, जि.प्र.का. कैलाली बाबुको नाम : जोगी खड्का पतिको नाम : दिल बहादुर खड्का ससुराको नाम : परैविन खड्का स्थायी ठेगाना : चौमाला - ८, कैलाली

धितोको विवरण

घरजग्गाको विवरण

मोती सिंह खड्काको नाति, परैविन खड्काको छोरा, दिल बहादुर खड्काको नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, चौमाला गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ६८६ र ६८७ को क्षेत्रफल क्रमशः १६९.३१ र १६९.३१ व.मि.को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

दुम्किबास शाखा, नवलपरासी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (घर/जग्गाको विवरण)
दिपक श्रेष्ठ ना.प्र.नं. ३६३०३७/१२० जारी मिति २०६३/१०/२४, जि.प्र.का. नवलपरासी बाबुको नाम : चन्द्र प्रसाद श्रेष्ठ बाजेको नाम : बिर बहादुर श्रेष्ठ स्थायी ठेगाना : धुरकोट -१, नवलपरासी हालको ठेगाना : विनयी त्रिवेणी गा.पा. -५, नवलपरासी **कर्जा शिर्षक : आवधिक कर्जा**	**सुनिता श्रेष्ठ** ना.प्र.नं. ३६३०३५/२१ जारी मिति २०६३/१०/०७, जि.प्र.का. नवलपरासी बाबुको नाम : पुर्ण बहादुर श्रेष्ठ पतिको नाम : दिपक श्रेष्ठ ससुराको नाम : चन्द्र प्रसाद श्रेष्ठ स्थायी ठेगाना : वेणीमनीपुर -३, नवलपरासी हालको ठेगाना : विनयी त्रिवेणी गा.पा. -५, नवलपरासी	बिर बहादुर श्रेष्ठको नाति, चन्द्र प्रसाद श्रेष्ठको छोरा, दिपक श्रेष्ठको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा दर्ता श्रेस्ता कायम रहेको क. नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, धुरकोट गा.वि.स/न.पा. वडा नं. १ स्थित कित्ता नं. ४०९ को क्षेत्रफल १००८.३८ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ख. नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, धुरकोट गा.वि.स/न.पा. वडा नं. १ स्थित कित्ता नं. ८३३ र ८४० को क्षेत्रफल क्रमश : ७६.८४ र ११४२.८९५ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

परासी शाखा, नवलपरासी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. १२२७/८८२७/०७३ अन्तर्गत मिति २०७३/०५/०३ मा दर्ता कायम भएको **जय माँ लक्ष्मी सप्लायर्स** फर्म दर्ता ठेगाना : रामग्राम न.पा. -८, नवलपरासी स्थायी लेखा नं. ६०४९९३९४२, मिति २०७३/०५/०३ **प्रोप्राईटर : मिना कुमारी भर** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**मिना कुमारी भर** ना.प्र.नं. ३९१४, जारी मिति २०६२/०८/०३ जि.प्र.का. नवलपरासी बाबुको नाम : रामचन्द्र भर पतिको नाम : बलदेव प्रसाद भर ससुराको नाम : रविन्द्र प्र. भर स्थायी ठेगाना : रामग्राम - ८, नवलपरासी	**बलदेव प्रसाद भर** ना.प्र.नं. ५४८६९ जारी मिति २०५७/०२/२९ जि.प्र.का. नवलपरासी बाबुको नाम : रविन्द्र प्र. भर बाजेको नाम : बहादुर भर स्थायी ठेगाना : रामग्राम - ८, नवलपरासी

धितोको विवरण

घर/जग्गाको विवरण

बहादुर भरको नाति, रविन्द्र प्र. भरुको छोरा, बलदेव प्रसाद भरको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता श्रेस्ता कायम रहेको
१. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, जमुवाड गा.वि.स./न.पा. वडा नं. ७ क स्थित कित्ता नं. ९०५, ९०७, ८९८, ९१०, ९०२, ८९७, ८९९, ९०८, ९११, ९०१ र ९०४ को क्षेत्रफल क्रमश : ०-०-१-३, ०-०-३-३, ०-०-६-०, ०-०-१-०, ०-०-३-२, ०-०-२-०, ०-०-३-०, ०-०-२-३, ०-०-०-३, ०-०-७-२ र ०-०-३-२ विगहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, उनवच गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ६१९ को क्षेत्रफल ०-९-१४.५० विगहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (जग्गाको विवरण)
२. अनिता थापा मगर ना.प्र.नं. ३६-०१-७३-०७४८९, जारी मिति २०७३/११/२४, जि.प्र.का. नवलपरासी बाबुको नाम : चन्द्र बहादुर गुरुङ पतिको नाम : भिम बहादुर थापा मगर ससुराको नाम : रविलाल थापा मगर स्थायी ठेगाना : बन्जरिया -९, नवलपरासी हालको ठेगाना : रामग्राम न.पा. -१८, नवलपरासी (ब.सु.प.) **कर्जा शिर्षक : आवधिक कर्जा**	**भिम बहादुर थापा मगर** ना.प्र.नं. ८४५५६ जारी मिति २०६२/०९/१२, जि.प्र.का. नवलपरासी बाबुको नाम : रविलाल थापा मगर बाजेको नाम : तिले थापा मगर स्थायी ठेगाना : बन्जरिया -१, नवलपरासी हालको ठेगाना : रामग्राम न.पा. -१८, नवलपरासी (ब.सु.प.)	तिले थापा मगरको नाति, रविलाल थापा मगरको छोरा, भिम बहादुर थापा मगरको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स./न.पा. वडा नं. ९ च स्थित कित्ता नं. ७८४ को क्षेत्रफल ०-१-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं.. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ बैशाख १७ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८१ बैशाख १८ गते
समय : दिउँसो ३ बजे
स्थान : सम्बन्धित शाखा कार्यालयमा

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

केन्द्रिय कार्यालय : कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A **रेटिङ्ग प्राप्त**

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार ३ वैशाख ०८७

नागढुंगा सुरुङमार्ग 'ब्रेक थ्रु' आज

नयाँ पत्रिका

नेपालको पहिलो आधुनिक सुरुङमार्ग 'सिस्नेखोला-नागढुंगा'को मुख्य टनेल 'ब्रेक थ्रु' सोमबार हुँदै छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले दिउँसो एक बजे स्विच थिचेर ब्लास्टिङ गरेर सुरुङमार्ग ब्रेक थ्रु गर्ने कार्यक्रम तय गरिएको छ। दुई हजार ६ सय ८८ मिटरको मुख्य सुरुङमार्गमा अब दुई मिटर खण्ड मात्रै खन्न बाँकी छ।

यो परियोजनामा रेस्क्यु र मुख्य गरेर दुई टनेल छन्। दुई हजार पाँच सय ५७ मिटरको रेस्क्यु टनेल २२ साउनमा 'ब्रेक थ्रु' भइसकेको थियो। मुख्य टनेल भने सोमबार ब्रेक थ्रु गरिने सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले जानकारी दिए।

> सोमबार दिउँसो प्रधानमन्त्री प्रचण्डले ब्लास्टिङको स्विच थिचेर सुरुङमार्ग ब्रेक थ्रु गर्ने

ब्रेक थ्रु समारोहमा नेपाल सरकार, नेपालस्थित जापानिज दूतावास, ऋण सहयोग गर्ने जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र जापानिज निर्माण कम्पनी हाजमा एन्डो कर्पोरेसनलगायत निकायका उच्चपदस्थ अधिकारीहरूको उपस्थिति हुनेछ।

यसअघि २३ फागुनमा मुख्य टनेलको ब्रेक थ्रु गर्ने योजना थियो। तर, स्थानीयले विभिन्न माग राखेर निर्माणमा अवरोध गरेपछि फागुन ६ गतेदेखि चैत ५ गतेसम्म सुरुङ खन्ने काम रोकिएको थियो। त्यसवेला १४ मिटर खण्ड मात्रै खन्न बाँकी थियो। स्थानीयको माग सम्बोधन गर्ने सहमति भएसँगै ६ चैतबाट आयोजनाको निर्माण सुरु भएको थियो।

यो नेपालको पहिलो आधुनिक सुरुङमार्ग हो। यो टनेल बनेपछि नौबिसे हुँदै काठमाडौं प्रवेश गर्ने सवारीसाधनको यात्रा केही छोटिनेछ। पश्चिम धादिङको सिस्नेरीबाट सुरु भएको यो सुरुङमार्ग काठमाडौं नागढुंगामा निस्कनेछ।

२२ अर्ब १४ करोड रुपैयाँभन्दा बढी लागतमा यो परियोजना बन्दै छ। त्यसमा जाइकाले १६ अर्ब ६३ करोड रुपैयाँ सहुलियत ऋण उपलब्ध गराएको छ। बाँकी पाँच अर्ब ८५ करोड रुपैयाँ भने नेपाल सरकारले लगानी गरेको छ। यो आयोजना बनाउन विभाग र निर्माण कम्पनीबीच सेप्टेम्बर ०१९ मा सम्झौता भएको थियो। ठेक्का प्राप्त जापानिज निर्माण कम्पनी हाजमा एन्डो कर्पोरेसनले डिसेम्बर ०२० (पुस ०७७) देखि सुरुङ खन्न सुरु गरेको थियो। त्यसको साढे तीन वर्षपछि मुख्य टनेल ब्रेक थ्रु हुन लागेको हो।

परियोजना सञ्चालनमा आउन भने थप एक वर्ष समय लाग्ने बताइएको छ। सुरुङमार्गलाई ब्रेक थ्रु गरेर मात्र हुँदैन, भित्रको सडक ढलान गर्नुपर्ने हुन्छ। साथै, भित्ताहरू पनि विशेष रूपमा ढलान गर्नुपर्छ।

यसैगरी, सुरुङमार्गभित्र अक्सिजनको मात्रा मिलाउने, कन्ट्रोल सिस्टम बनाउने, टेलिफोन जडान गर्ने, रेस्क्यु सेन्टर बनाउने, लाइट जडान गर्ने, तापक्रम मिलाउनेलगायत काम गर्नुपर्छ। त्यसका लागि ६ महिनाभन्दा बढी समय लाग्ने अनुमान गरिएको छ। सम्पूर्ण निर्माण कार्य सम्पन्न भएपछि पनि सुरुङलाई सञ्चालनका लागि योग्य (स्टेबल) बनाउन थप न्यूनतम ६ महिना समय पर्खनुपर्छ। यसका अलावा आयोजनाअन्तर्गतको फ्लाई ओभर बनाउने काम पनि बाँकी छैन। त्यो सुरुङमार्ग अगाडि नै बनाउन सकिन्छ। यी यस्ता काम सम्पन्न गर्न थप एक वर्ष समय लाग्ने आयोजना कार्यालयको भनाइ छ।

कृषकलाई धेरै क्षति पहिरोबाट

कृषि उत्पादन क्षति गर्ने जनावरमा बाँदर र दुम्सी अगाडि

भोजराज भण्डारी/नयाँ पत्रिका



कृषि क्षेत्रमा सबैभन्दा बढी क्षति बाढीपहिरोबाट हुने गरेको पाइएको छ। आइतबार राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय कृषि गणना ०७८ को प्रतिवेदनले यस्तो देखाएको हो।

कार्यालयले ६ वैशाख ०७९ देखि जेठ १९ सम्म ४५ दिन लगाएर तथ्यांक संकलन गरेको थियो। नेपालका सात सय ५३ वटै पालिकाका ६ हजार ३६ वडाको करिब ९० प्रतिशत स्थानमा पुगेर भूउपयोग, सामाजिक-आर्थिक अवस्था, वडामा उपलब्ध सामुदायिक सेवा-सुविधाका विषयमा अध्ययन गरेको थियो। अध्ययनमा सार्वजनिक चौरचरन, वन, खाली जग्गा, भूउपयोग, कृषि कामदारको अवस्था, कृषिजन्य फोहोर व्यवस्थापन, कृषिमा जंगली जनावरले पुऱ्याएको क्षतिलगायत विविध विषयवस्तु समेटिएका छन्।

सार्वजनिक प्रतिवेदनअनुसार गणना गरिएका वडामध्ये तीन हजार सात सय ७० वडामा प्रमुख विपत्तिका रूपमा बाढी देखिएको छ। दोस्रोमा प्रमुख विपद्का रूपमा पहिरो दुई हजार आठ सय ६९ र तेस्रोमा हावाहुरी दुई हजार सात सय ८३ समस्याका रूपमा रहेको छ। त्यस्तै, रोगकिराको प्रकोप एक हजार नौ सय ९१ वडामा, असिना १५ सय २९, खडेरी एक हजार चार सय ७० र आगलागी १४ सय ४४ र शीतलहर-तुसारोले पाँच सय २९ वडा रहेका छन्।

कृषिजन्य उत्पादन तथा पशुपक्षीमा क्षति पुऱ्याउने जंगली जनावरमा बाँदर र दुम्सी सबैभन्दा अग्रपंक्तिमा रहेको अध्ययनले देखाएको छ।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

गणना गरिएका ६ हजार ३६ वडाहरूमध्ये सबैभन्दा बढी तीन हजार नौ सय २७ वडामा बाँदरले कृषिजन्य उत्पादनमा नोक्सान पुऱ्याएको छ। बाँदरपछि धेरै नोक्सानी पुऱ्याउनेमा दुम्सी, स्याल र बँदेल रहेका छन्। दुम्सीले दुई हजार सात सय ५२, स्याललले दुई हजार पाँच सय ३४ र बँदेलले दुई हजार तीन सय ६२ वडामा नोक्सानी पुऱ्याएको अध्ययनले देखाएको छ। यसैगरी, मृगले एक हजार ६ सय ६८, बाघ र चितुवाले एक हजार चार सय ९२, वनबिरालोले एक हजार चार सय ४०, लोखर्केले एक हजार दुई ३५ ठाउँमा क्षति पुऱ्याएको छ। मधेश प्रदेशको बढी वडामा नोक्सान पुऱ्याउनेमा भने बँदेल रहेको छ।

■ कृषि कामदारको चरम अभाव

पछिल्लो समय युवाहरूको विदेश पलायन र सहरीकरणले सामुदायिकस्तरमा कृषि कामदारको चरम अभाव देखिएको छ। विवरण संकलन गरिएका वडाहरूमध्ये तीन वर्षमा ४० प्रतिशत वडाहरूमा कृषि कामदारको अभाव भएको छ। मधेश प्रदेशमा ६२ प्रतिशत वडामा कृषि कामदारको अभाव भएको प्रतिवेदनमा उल्लेख छ। कृषि कामदारको कम अभाव हुने प्रदेशमा कर्णाली रहेको छ। उक्त प्रदेशमा गणना गरिएको वडामध्ये ८३ अर्थात् १३ प्रतिशत वडामा कृषि कामदार अभाव रहेका छन्। कोशी प्रदेशमा चार सय ८५, बागमती प्रदेशमा तीन सय ९७ गण्डकीमा तीन सय पाँच लुम्बिनी प्रदेशमा तीन सय ३७ सुदूरपश्चिममा ९७ वडामा कृषि कामदारको अभाव हुने गरेको पाइएको छ।

■ पुरुषलाई बढी ज्याला

कृषि कामदारको औसत ज्यालामा महिलाको तुलनामा पुरुषलाई बढी रहेको पाइएको छ। प्रतिवेदनअनुसार महिला कामदारलाई पाँच सय ३१ रुपैयाँ दैनिक ज्याला र पुरुषलाई ६ सय ६५ रुपैयाँ रहेको छ।

प्रदेशगत रूपमा तुलना गर्दा महिला र पुरुष दुवै प्रकारको दैनिक औसत ज्यालादर सबैभन्दा बढी बागमतीमा ६ सय पाँच र आठ सय १० रहेको छ, सबैभन्दा कम चार सय ७७ र पाँच सय ५७ मधेश प्रदेशमा रहेको छ। कोशी प्रदेशमा चार सय ८८ रुपैयाँ र पुरुषलाई ६ सय आठ रहेको छ। गण्डकीमा पाँच सय ५० र आठ सय आठ, लुम्बिनीमा पाँच सय ११ र ६ सय २१, सुदूरपश्चिम प्रदेशमा पाँच सय ३८ र ६ सय एक पाइएको छ।

■ बाह्रै महिना मोटर चल्ने सडकमा मधेश अगाडि

बाह्रै महिना मोटर चल्ने सडक रहेको प्रदेशमा मधेश अगाडि देखिएको छ। गणना गरिएका वडामध्ये चार हजार दुई सय २ ९ (७० प्रतिशत) वडामा बाह्रै महिना मोटर चल्ने सडक रहेका छन्।

प्रदेशगत रूपमा मधेश प्रदेशमा सबैभन्दा बढी र कर्णालीमा सबैभन्दा कम वडामा मोटर चल्ने सडकको संरचना रहेको छ। मधेश प्रदेशमा यस्ता वडाहरूको संख्या ८३ प्रतिशत र कर्णाली प्रदेशमा ३७ प्रतिशत रहेको छ। कोशीमा सात सय ५१, बागमतीमा ६ सय ९७, गण्डकीमा पाँच सय तीन र सुदूरपश्चिममा तीन सय ४० वडाहरू रहेको प्रतिवेदनमा उल्लेख छ।

■ तरकारी बालीमा प्रयोग गरिने विषादीबारे वडागत सचेतनास्तर

प्रदेश	सचेत (%)	आंशिक सचेत (%)
कोशी प्रदेश	२७	६६
मधेश	२१	५६
बागमती	३६	५६
गण्डकी	३७	५८
लुम्बिनी	३१	६२
कर्णाली	३१	५८
सुदूरपश्चिम	२१	६९

स्रोत : राष्ट्रिय तथ्यांक कार्यालय

विषादी प्रयोगमा कृषक आंशिक सचेत

उत्पादन गरिएका बालीमा प्रयोग भएका विषादीका बारेमा आंशिक सचेत किसानको संख्या बढी देखिएको छ। गणना गरिएको ६ हजार ३६ वडामध्ये तीन हजार ६ सय ५३ अर्थात् ६० दशमलव ५ प्रतिशत वडाका कृषक तरकारी बालीमा प्रयोग हुने विषादीका बारेमा आंशिक सचेत देखिएका छन्। विषादीबारे सचेत कृषकहरू भने २८ दशमलव ८ प्रतिशत रहेका छन्। त्यस्तै, ६ सय ४६ वडा अर्थात् १० दशमलव ७ प्रतिशत वडाका किसान विषादी प्रयोगबारे सचेत नरहेको बताएका छन्।

प्रदेशगत रूपमा सबैभन्दा बढी सचेत कृषक रहेका वडाहरूमा गण्डकीमा ३६ दशमलव ८ प्रतिशत, बागमतीमा ३६ दशमलव ४, लुम्बिनीमा ३० दशमलव ८, कर्णालीमा ३० दशमलव ७, कोशीमा २७ दशमलव ४, मधेशमा २१ दशमलव २, र सुदूरपश्चिममा २० दशमलव ७ प्रतिशत रहेको तथ्यांकले देखाएको छ।

राष्ट्र बैंकको सुपरिवेक्षण प्रतिवेदन

डिजिटल भुक्तानीको मापदण्ड आवश्यक

नयाँ पत्रिका

डिजिटल भुक्तानीका माध्यमबाट हुने शंकास्पद कारोबारलाई नियन्त्रण गर्न मापदण्ड आवश्यक रहेको नेपाल राष्ट्र बैंकको वार्षिक सुपरिवेक्षण प्रतिवेदनले देखाएको छ। मोबाइल बैंकिङ, कनेक्ट आइपिएस, वालेट, क्युआर, एटिएम कार्ड, क्रेडिट कार्डजस्ता डिजिटल भुक्तानीमा हुन सक्ने शंकास्पद कारोबार नियन्त्रण गर्न मापदण्ड तथा संयन्त्र चाहिने प्रतिवेदनको निष्कर्ष हो।

पछिल्लो समय नेपालमा रिटेल डिजिटल भुक्तानी बढ्दै गएको छ। तर, केही बैंकहरूले शंकास्पद कारोबार जाँच गर्न मापदण्ड तथा संयन्त्र नबनाएको राष्ट्र बैंकको 'बैंक सुपरिवेक्षण रिपोर्ट-०७९/८०' ले देखाएको छ।

गत आवमा गरिएको उक्त सुपरिवेक्षण प्रतिवेदन राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको हो। प्रतिवेदनले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी काममा बैंकहरूको कार्यसम्पादन कमजोर देखाएको छ।

प्रतिवेदनअनुसार धेरैजसो बैंकहरूले खातावालाको विवरण अद्यावधिक नगरेको तथा खातावालाले गर्ने कारोबारको अनुगमन गर्ने संयन्त्र पनि नबनाएको प्रतिवेदनमा उल्लेख छ।

यस्तै, बैंक तथा वित्तीय संस्थाहरूले राजनीतिक रूपमा उजागर भएका व्यक्तिहरूको सूची राख्न बलियो संयन्त्र नबनाएको देखिएको छ। नेपालमा राजनीतिक रूपमा उच्च तहका केही व्यक्तिहरू आर्थिक अपराधमा सक्रिय रहेको पाइन्छ। तर, त्यस्तो क्षेत्रको व्यक्तिको सूची राख्न बलियो सयन्त्र नबनाएको प्रतिवेदनमा उल्लेख छ।

कतिपय राजनीतिज्ञहरूले बैंकमा खाता खोल्न तेस्रो पक्षको सहयोग लिन्छन्। तर, त्यस्ता व्यक्तिहरूको पारिवारिक विवरणहरू र नजिकका सहयोगीहरू पहिचान गर्न पर्याप्त संयन्त्रहरू नबनाएको प्रतिवेदनमा उल्लेख छ।

यस्तै, ग्राहकले घोषणा गर्ने वार्षिक कारोबार र वास्तविक कारोबारबीच उल्लेखनीय अन्तर देखापरेको छ। कतिपय कारोबार ग्राहकको प्रोफाइलसँग नमिलेको प्रतिवेदनमा उल्लेख छ।

बोर्ड सदस्य र उच्च तहका कर्मचारीको कारोबार ठूलो मात्रामा भएको देखिएको छ। ग्राहक पहिचान फाराम पनि समय-समयमा नभरिएको पाइएको छ। भरिएका फाराममा पनि इच्छाइएको व्यक्ति, ठेगानाको नक्सा, वार्षिक अनुमानित कारोबार, जोखिम वर्गीकरणजस्ता विषय उल्लेख छैन। कतिपय बैंक तथा वित्तीय संस्थामा प्रशिक्षार्थी कर्मचारीलाई शंकास्पद कारोबार पहिचान गर्ने जिम्मेवारीसमेत दिएको पाइएको छ।

यसैगरी, कतिपय अवस्थामा बैंकका सञ्चालक तथा कर्मचारी र ऋणीबीच अस्वाभाविक कारोबारसमेत भएको नेपाल राष्ट्र बैंकको बैंक सुपरिवेक्षण विभाग प्रमुख देवकुमार ढकालले बताए। 'सुपरिवेक्षणका क्रममा बैंकका कर्मचारी र ऋणीबीच अस्वाभाविक कारोबारसमेत भएको देखियो। यसमा स्वयं बैंकहरूलाई नै आवश्यक अनुसन्धान गर्न भनेका छौं,' उनले बताए। ऋण दिएपछि अनुगमन गर्ने कमजोर प्रणालीले बैंकहरूको ऋण लिएर फरक उद्देश्यमा खर्च गरिरहेको पाइएको छ। यसैगरी ऋणको साँवा-ब्याज तिर्नका लागि थप ऋण प्रवाह गरेको पनि देखिएको छ।

चालू पुँजी कर्जा मार्गदर्शनअनुसार कर्जा सुविधा लिने ऋणीको ऋण खाता र चालू खाता अलग्गै राख्नुपर्ने व्यवस्था छ। तर, केही बैंकले यस्तो नगरेको उल्लेख छ। यस्तो हुँदा ऋणीले चालू खाताको रकम उद्देश्यभन्दा बाहिर गएर खर्च गरेको पाइएको छ। ५० लाखभन्दा बढीको व्यक्तिगत कर्जा बैंकहरूले कुनै विशेष कारण प्रवाह गरेको पाइएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय खुसिबु, काठमाण्डौको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०१/०३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय खुसिबु, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ वैशाख १८ गते मंगलबार**का दिन शाखा कार्यालय खुसिबु, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
१. प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०७४/०२/२१ मा दर्ता नं १३५०९४/७३/७४ कायम भई काठमाण्डौ जिल्ला, नागार्जुन न.पा वडा नं ०१, स्थित रजिष्टर्ड कार्यालय रहेको **सुप्रल सप्लायर्स ।** **प्रोप्राइटर सुजन खनाल** २. **लक्ष्मी क्षेत्री खनाल** ना.प्र.नं.- १०६२५८ जारी मिति -२०६०/०८/१२, जि.प्र.का गोरखा बाबु - गगनध्वज काप्री ससुरा - ऋषी प्रसाद खनाल पति - सुजन खनाल स्थायी ठेगाना- गोरखा जिल्ला, आरुचनौटे गा.वि.स वडा नं. ०१ हालको ठेगाना- काठमाण्डौ जिल्ला, ईचंगुनारायण गा.वि.स./न.पा. वडा नं. ०९	१. **सुजन खनाल**को नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, ईचंगुनारायण वडा नं ९ स्थित कित्ता नं. १४१ क्षेत्रफल १२७.२० (व.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। २. **लक्ष्मी क्षेत्री खनाल**को नाममा मालपोत कार्यालय डिल्लिबजार काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं १६ स्थित कित्ता नं. ३०५ क्षेत्रफल ३१७.९० (व.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **सुजन खनाल** ना.प्र.नं.- ७१६४७ जारी मिति -२०५६/०४/१२, जि.प्र.का गोरखा बाबु - ऋषि प्रसाद खनाल बाजे - चन्द्रकान्त खनाल स्थायी ठेगाना- गोरखा जिल्ला आरुघाट गा.पा वडा नं ०९ हालको ठेगाना- काठमाण्डौ जिल्ला, ईचंगुनारायण न.पा. वडा नं ०९	२. **लक्ष्मी क्षेत्री खनाल** ना.प्र.नं.- १०६२५८ जारी मिति -२०६०/०८/१२, जि.प्र.का गोरखा बाबु - गगनध्वज काप्री ससुरा - ऋषी प्रसाद खनाल पति - सुजन खनाल स्थायी ठेगाना- गोरखा जिल्ला, आरुचनौटे गा.वि.स वडा नं. ०१ हालको ठेगाना- काठमाण्डौ जिल्ला, ईचंगुनारायण न.पा. वडा नं. ०९

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ वैशाख १७ गते** भित्र बैंकको शाखा कार्यालय खुसिबु, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय खुसिबु, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८१ वैशाख १८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय खुसिबु, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाे सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय खुसिबु, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८१ वैशाख १८ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय खुसिबु, काठमाण्डौ फोन नं. ०१५-३६०५७१

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मितिः २०८१/०१/०३

यस बैंकको शाखा कार्यालय ओदारी, कपिलवस्तुबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको नाम : लक्ष्मी प्लाई एण्ड ग्लास हाउस

रजिष्टर्ड ठेगाना : कपिलवस्तु न.पा. वडा नं.- १०, कपिलवस्तु।
रजिष्ट्रेसन नं. : १०४१७०७७ (प्रदेश सरकार उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय तौलिहवा कपिलवस्तु)
पान /भ्याट नं. : ६१३७७७२९६

प्रोप्राईटरको नाम र ठेगाना

मुनेश्वर थारुको छोरी, सितम्वर चौधरी को श्रीमती, कपिलवस्तु जिल्ला, कोपवा गा.वि.स. वडा नं. ०२ स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला कपिलवस्तु न.पा. वडा नं. १० बस्ने **लक्ष्मी थारु** (ना.प्र.नं. ३८-०१-०६६-००५८७, जारी मिति २०६६/०९/१६, जि.प्र.का. कपिलवस्तु)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. बद्री थारुको नाती, बम बहादुर थारुको छोरा, रुपन्देही जिल्ला, दुधराक्ष गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला कपिलवस्तु नं.पा वडा नं. १० बस्ने **नाथु प्रसाद थारु** (ना.प्र.नं. १३७०३, जारी मिति २०३४/११/१७, जि.प्र.का. रुपन्देही)
२. बम बहादुर थारुको नाती, नाथु प्रसाद थारुको छोरा, कपिलवस्तु जिल्ला, निग्लिहवा गा.वि.स. वडा नं. ०५ स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला कपिलवस्तु नं.पा वडा नं. १० बस्ने **विश्वम्भर चौधरी** (ना.प्र.नं. ३८१०२२/२२९६, जारी मिति २०६४/०९/१६, जि.प्र.का. कपिलवस्तु)
३. बम बहादुर थारुको नाती, नाथु प्रसाद थारुको छोरा, कपिलवस्तु जिल्ला, निग्लिहवा गा.वि.स. वडा नं. ०५ स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला कपिलवस्तु नं.पा वडा नं. १० बस्ने **सितम्बर चौधरी** (ना.प्र.नं. ३८-०१-०६६-०२३३४, जारी मिति २०६६/१२/०४, जि.प्र.का. कपिलवस्तु)
४. बम बहादुर थारुको नाती, नाथु प्रसाद थारुको छोरा, कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. १० स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला कपिलवस्तु नं.पा वडा नं. १० बस्ने **अनिल थारु** (ना.प्र.नं. ३८-०१-७६-०१२६३, जारी मिति २०७६/०२/१०, जि.प्र.का. कपिलवस्तु)

२. ऋणीको नाम र ठेगाना

चिपु थारुको नाती, चिनक थारुको छोरा, कपिलवस्तु जिल्ला, पटना गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला वाणगंगा नं.पा वडा नं. १० बस्ने **सहदेव थारु** (ना.प्र.नं. ३८-०१-०६७-०८१३२, जारी मिति २०६७/०९/०१, जि.प्र.का. कपिलवस्तु)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. सोहरामवा थारुको छोरी, सहदेव थारुको श्रीमती, कपिलवस्तु जिल्ला, पटना गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला वाणगंगा नं.पा वडा नं. १० बस्ने **माया थारु** (ना.प्र.नं. ३८-०१-०६९-२५५१७, जारी मिति २०६९/०६/०९, जि.प्र.का. कपिलवस्तु)
२. टेक बहादुर थापाको नाती, शशिधर (थापा) चौतारे को छोरा, कपिलवस्तु जिल्ला, पटना गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला वाणगंगा नं.पा वडा नं. १० बस्ने **प्रकाश थापा** (ना.प्र.नं. १/१४/७६४९६, जारी मिति २०६३/०७/१२, जि.प्र.का. कपिलवस्तु)

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

ग्लोबल आइएमईको 'पैसा आउने, थपेर पाउने' योजना

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले ग्लोबल रेमिटमार्फत पैसा पठाउँदा क्यासब्याक पाइने नयाँ योजना सार्वजनिक गरेको छ। बैंकिङ प्रणालीमार्फत हुने रेमिट्यान्स कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यले यो योजना ल्याएको बैंकले जनाएको छ।

'पैसा आउने, थपेर पाउने' योजनाअन्तर्गत विदेशबाट ग्लोबल रेमिटमार्फत ग्लोबल आइएमई बैंकमा रहेको खातामा पैसा पठाउँदा पाँच सय रुपैयाँसम्मको क्यासब्याक पाइने बताइएको छ।

रेमिट्यान्स पठाउने व्यक्तिले २५ हजारदेखि ५० हजार रुपैयाँसम्म पठाउँदा सय रुपैयाँ, ५०,००१



देखि एक लाखसम्म दुई सय ५० रुपैयाँ र एक लाखभन्दा बढी रकम पठाउँदा पाँच सय रुपैयाँ क्यासब्याक प्राप्त गर्न सकिने बैंकले जनाएको छ। यो योजना १० जुन २०२४ सम्म लागू रहनेछ।

एक वर्षमै बेच्यो शिवमूले १३ करोड ३१ लाख बोरा सिमेन्ट



काठमाडौं/ शिवम् सिमेन्ट सर्वाधिक बिक्री हुने सिमेन्ट बनेको छ। कम्पनीले एक वर्षमा १३ करोड ३१ लाख बोरा ओपिसी सिमेन्ट बिक्री गरी सर्वाधिक बिक्री हुने सिमेन्ट बन्न सफल भएको कम्पनीको दाबी छ।

अत्याधुनिक प्रविधि र दशकौंको अनुभवका साथ आफूनै खानीको चुनढुंगाबाट निर्मित उच्च गुणस्तरीय ओपिसी सिमेन्ट उत्पादन गर्दै आएको छ। त्यस्तै, सर्वसाधारणका लागि सेयर जारी गर्ने नेपालको पहिलो सिमेन्ट कम्पनीसमेत हो। कम्पनीले ४३ र ५३ ग्रेडमा ओपिसी सिमेन्ट उत्पादन गर्दै आएको जनाएको छ। शिवम् सिमेन्ट एनएस क्वालिटी अवार्ड-२०१९ प्रथमबाट सम्मानित नेपालकै पहिलो सिमेन्ट कम्पनी भएको बताइएको छ।

सन् २००३ मा मध्य-नेपालको हेटौंडा, मकवानपुरमा स्थापित शिवम् सिमेन्ट उद्योगले स्थानीय उच्च गुणस्तरीय चुनढुंगाको प्रयोग गरी दैनिक तीन हजार टन सिमेन्ट उत्पादन गर्दै आएको छ।

सिटिजन्स बैंकका ग्राहकले बेक एन्ड सेल्समा छुट पाउने

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल र काठमाडौंस्थित बेक एन्ड सेल्स प्रालिबीच सिटिजन्स बैंकका ग्राहकलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ।

सो समझदारीपछि सिटिजन्स बैंकका कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले बेक एन्ड सेल्सको नयाँबजार, महाराजगन्ज र सातदोबाटो शाखाहरूमा १० प्रतिशतसम्मको छुट पाउनेछन्।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

बैंकले डिजिटल बैंकिङ माध्यमको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय-समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ।

महालक्ष्मी विकास बैंकको लगानीकर्तालक्षित बचत खाता

काठमाडौं/ महालक्ष्मी विकास बैंकले महालक्ष्मी इन्भेस्टर्स सेयर सेभिङ खाता (अल इन वान) सञ्चालनमा ल्याएको छ। सेयर लगानीकर्तालाई सबै सुविधा एकै खातामार्फत प्रदान गर्ने उद्देश्यका साथ यो खाता सञ्चालनमा ल्याएको बैंकले जनाएको छ।



यस खाताअन्तर्गत बचतकर्ताले बचत खाता, डिम्याट खाता, मेरो सेयर, सि-आस्बा तथा टिएमएस खाताको सुविधा एकै खातामार्फत लिन सक्ने बताइएको छ। शून्य मौज्दातमै खोल्न सकिने यस खातामा डिम्याट खाता तथा टिएमएस खाता निःशुल्क खोल्नुका साथै मेरो सेयर तथा सि-आस्बा दर्ता गर्न पनि शुल्क लाग्नेछैन। टिएमएस खाताका लागि विभिन्न स्टक ब्रोकर कम्पनीसँग आवश्यक सहकार्यसमेत बैंक स्वयंले नै गर्ने जनाएको छ।

यसबाट सेयर लगानीकर्ताको स्टक ब्रोकर कम्पनीसँगको पहुँचमा वृद्धि हुनुका साथै समयको बचत हुने विश्वास बैंकले लिएको छ।

रिलायन्स फाइनान्स र अलफट होटेलबीच छुटसम्बन्धी सम्झौता

काठमाडौं/ रिलायन्स फाइनान्स लिमिटेड र अलफट होटेलबीच छुटसम्बन्धी सम्झौता भएको छ।

सम्झौतापछि फाइनान्सका ग्राहक, सेयरधनी तथा कर्मचारीले होटेलले दिने सेवामा छुट प्राप्त गर्न सक्ने बताइएको छ। फाइनान्सले विभिन्न शीर्षकमा कर्जा प्रदान गर्नुका साथै विभिन्न निक्षेप योजना लागू गरी आकर्षक ब्याज प्रदान गर्दै निक्षेप संकलन गर्दै आएको छ।

साथै, एससिटी नेटवर्कमा एटिएम, रेमिट्यान्स, सिआस्बा, कनेक्ट आइपिएसलगायत सेवा दिँदै आएको बैंकले जनाएको छ।

आइपिओ जारी गर्दै अर्घाखाँची सिमेन्ट

काठमाडौं/ अर्घाखाँची सिमेन्टले प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) जारी गर्ने भएको छ। कम्पनीले आइपिओ निष्कासन तथा बिक्री प्रबन्धकमा एनएमबि क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ। यससम्बन्धी सम्झौतापत्रमा अर्घाखाँची सिमेन्टका चिफ फाइनान्सिएल अफिसर राजु पौडेल तथा एनएमबि क्यापिटलका प्रमुख कार्यकारी अधिकृत दीपेशकुमार वैद्यले हस्ताक्षर गरेका छन्।

नियामक निकायबाट तोकिएका सम्पूर्ण प्रक्रिया तथा आवश्यकता पूरा गरी यथासम्भव छिटो निष्कासनको प्रक्रिया अगाडि बढाइने चिफ फाइनान्सिएल अफिसर पौडेलले बताए।

अनलाइन सेक्युरिटिज लिमिटेडको विशेष साधारणसभा सम्बन्धी सूचना

मिति २०८० चैत्र २८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस अनलाइन सेक्युरिटिज लिमिटेडको विशेष साधारणसभा देहाय बमोजिम हुने निर्णय भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ।

सभा हुने मिति, स्थान र समय :

मिति : २०८१ बैशाख १८ गते मंगलवार
स्थान : पुतलिसडक स्थित कम्पनीको कार्यालय
समय : दिनको ३ बजे

छलफलका विषयहरु :

१) कम्पनीको नियमावलीको दफा २७ (२) र दफा ३१(क)मा संशोधन सम्बन्धमा।
२) संचालक समितिको पुनर्गठन गरि संचालक लगत लिने सम्बन्धमा।
३) पुँजि वृद्धि भए अनुसारको शेयर लगत कायम गर्ने सम्बन्धमा।
४) विविध

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

'होन्डा टेक्निसियन स्किल कन्टेस्ट'मा तीनजना पुरस्कृत

काठमाडौं/ होन्डाले आफ्नो डिलर नेटवर्कमा कार्यरत टेक्निसियनको सीप र दक्षता अभिवृद्धि गर्ने र बिक्रीपछिको सर्भिसको सेवा स्तर उत्कृष्ट बनाउने उद्देश्यका साथ आयोजना गरेको होन्डा टेक्निसियन स्किल कन्टेस्ट २०२४ सम्पन्न भएको छ।

उक्त कन्टेस्टमा एसटिसी वर्कसप टेकुका प्रह्लाद दाहालले प्रथम, ओम सत्य साही अटो सिटी प्रालि इटहरीका गजेन्द्र



बुढाथोकी द्वितीय र एसटिसी वर्कसप कोहलपुरका सन्तोष अर्जेलले तृतीय पुरस्कार प्राप्त गरेको कम्पनीले जनाएको छ। उनीहरूले प्रमाणपत्रसहित क्रमशः ५०, ३० र २० हजार रुपैयाँ प्राप्त गरेका हुन्।

प्रतियोगिता अवधिभर होन्डा जापानले उपलब्ध गराएको मार्गनिर्देशनअनुसार टेक्निसियनहरू होन्डा स्ट्यान्डर्ड प्रोसिडयुअरअन्तर्गत रहेर प्रतियोगितामा सहभागी भएका थिए। नेपालका लागि होन्डाको आधिकारिक वितरक स्याकार ट्रेडिङ कम्पनी प्रालिअन्तर्गत सर्भिस डिभिजनको अगुवाइमा विभिन्न पाँचवटा क्षेत्रीय प्रतियोगिता सम्पन्न गरी प्रत्येक क्षेत्रबाट दुई-दुईजना छनोट गरी राष्ट्रियस्तरको प्रतियोगिता सञ्चालन गरिएको थियो।

स्याकार ट्रेडिङ कम्पनीले विगत केही वर्षदेखि यस प्रकारको कार्यक्रम हरेक वर्ष आयोजना गर्दै आएको बताएको छ।

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे कृषि विकास बैंक लि. को ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८१/०१/०३ गते

यस बैंकबाट तपसिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउनेबारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याजलगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन,२०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधिबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सो को प्रोप्राइटर/साझेदार/सञ्चालकहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

सम्बन्धित कार्यालय : शाखा कार्यालय, क्याम्पसरोड, धनगढी, कैलाली

कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रु.	मिति २०८० चैत्र २८ मसान्तसम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
होटल विकास	धनगढी उपमहानगरपालिका वडा नं. ५, कैलाली	सेवा (होटल व्यवसाय)	२५०००००/-	५२८१३९/-	३०२८१३९/-
फर्मको दर्ता न २७३/१	दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, धनगढी, कैलाली	दर्ता मिति : २०७१।०४।०६	पान नं. : ६०२२७०१५९		

प्रोपाइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम, थर	ठेगाना	ना.प्र.न./मिति	नागरिकता जारी जिल्ला	पति/बाबुको नाम	बाजे/ससुरा
श्री यज्ञ प्रसाद तिवारी	धनगढी उ.म.न.पा. वडा नं.५, कैलाली	१९३६/२०४५।१२।१४	कैलाली	टिकाराम तिवारी	नन्दलाल तिवारी
श्री सुनिता तिवारी	धनगढी उ.म.न.पा. वडा नं.५, कैलाली	२०९३०/२०५५।०२।१०	कैलाली	यज्ञ प्रसाद तिवारी	टिकाराम तिवारी

कृषि विकास बैंक लि.
कर्जा असुली तथा सङ्कलन विभाग
मुख्य कार्यालय : रामशाहपथ,काठमाडौं

ICFC FINANCE LIMITED आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८१/०१/०३

यस फाइनान्सको शाखा कार्यालय बौद्ध, काठमाडौ, शाखा कार्यालय, ग्वार्को, ललितपुर तथा शाखा कार्यालय, त्रिशुली, नुवाकोटबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक-पटक म्याद दिंदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईहरुले धितो स्वरुप यस फाइनान्सको नाममा दर्ता रहेको तपशिल बमोजिमको सवारीसाधनहरु र यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्तिहरु बेच बिखन गरी कर्जा रकम असूल उपर गरि लिइनेछ । सोबाट समेत असूल उपर हुनुपर्ने सम्पूर्ण रकम असूल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीहरुको अन्य चल/अचल सम्पत्तिहरु तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाईं ऋणीहरुबाट नै भराई लिईनेछ । तपाईं ऋणीहरुबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिहरुले व्यहोर्नुपर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

शाखा कार्यालय बौद्ध, काठमाण्डौ

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. : २६१७५४/०७७/०७८, मिति : २०७७/१२/२७ मा दर्ता भइ नेपाल सरकार आन्तरिक राजश्व कार्यालय जोरपाटी काठमाडौंबाट स्थायी लेखा नं. : ६०९९९४६६७ को प्रमाणपत्र प्राप्त **काठमाण्डौ मल्टिपर्पोज कन्स्ट्रक्सन कम्पनी प्रा. लि. ।**
ठेगाना : का.म.पा वडा नं. ६, काठमाडौं ।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

नाम : रविन्द्र कुमार श्रेष्ठ बाबु: इन्द्र कुमार श्रेष्ठ बाजे : धन बहादुर श्रेष्ठ ना.प्र.नं. : १०८२/७८० जारी मिति : २०४७/०४/१६, जि.प्र.का. सोलुखुम्बु । ठेगाना : सल्लेरी वडा नं ५, सोलुखुम्बु, हाल : गोकर्णेश्वर वडा नं. ६, बेसीगाउँ, काठमाण्डौं ।	**नाम : काजी शेर्पा** बाबु : छिरीड दोर्जी शेर्पा बाजे : लाक्पा शेर्पा ना.प्र.नं. : ५४७-५९-६०९७ जारी मिति : २०५९/०७/१०, जि.प्र.का. सोलुखुम्बु । ठेगाना : सोलुदुधकुण्ड वडा नं. ५, सोलुखुम्बु, हाल का.म.न.पा. वडा नं. ४, विशालनगर, काठमाण्डौं ।

धितो सुरक्षणको विवरण

१. मालपोत कार्यालय, चावहिल, काठमाडौंमा काठमाण्डौं मल्टिपर्पोज कन्स्ट्रक्सन कम्पनी प्रा.लि.को नाममा दर्ता कायम रहेको जोरपाटी वडा नं. ६, नक्सा सिट नं. १०२१०२९०५ स्थित कित्ता नं. १७५ र १७६ को क्षेत्रफल क्रमश : ६००.२० वर्ग मिटर र १० वर्ग मिटरको जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।
२. धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी काठमाण्डौं मल्टिपर्पोज कन्स्ट्रक्सन कम्पनी प्रा.लि. कायम रहेको यातायात व्यवस्था कार्यालय, झापामा दर्ता कायम रहेको प्र. १-०१-००१ क १३१३, इन्जिन नं.: 4H.3307/2120228, च्यासिस नं. ECE07611JM0332518 भएको १ थान व्याकहोलोडर ।
३. धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी काठमाण्डौं मल्टिपर्पोज कन्स्ट्रक्सन कम्पनी प्रा.लि. कायम रहेको यातायात व्यवस्था कार्यालय, झापामा दर्ता कायम रहेको प्र. १-०१-००१ क १३११, इन्जिन नं.: MBEZ413581, च्यासिस नं. MB1G3DFD2MEBG6706 भएको १ थान ट्रिपर ।
४. धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी काठमाण्डौं मल्टिपर्पोज कन्स्ट्रक्सन कम्पनी प्रा.लि. कायम रहेको यातायात व्यवस्था कार्यालय, झापामा दर्ता कायम रहेको प्र.१-०१-००१ क १३१२, इन्जिन नं.: MBEZ413580, च्यासिस नं. MB1G3DFD6MEBG6708 भएको १ थान ट्रिपर ।

शाखा कार्यालय ग्वार्को ललितपुर

१. ऋणीको विवरण	व्यक्तिगत जमानी दिनेहरुको विवरण
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. : १५३२११/०७३/०७४, मिति : २०७३/०४/१९ मा दर्ता भइ नेपाल सरकार आन्तरिक राजश्व कार्यालय जोरपाटी काठमाडौंबाट स्थायी लेखा नं. : ६०४२९८८३० को प्रमाणपत्र प्राप्त **सुपर लाइक कन्स्ट्रक्सन प्रा. लि. ।** ठेगाना : बौद्ध वडा नं. ६, काठमाडौं ।	**नाम : कामे शेर्पा** बाबु: लक्षिमान शेर्पा बाजे : जिवा शेर्पा ना.प्र.नं. : ३१७५१ जारी मिति : २०६०/०८/०१, जि.प्र.का. दोलखा । ठेगाना : मार्बु-८, दोलखा, हाल का.म.पा. वडा नं. ६ ।
नाम : प्रदिप लामा तामाङ बाबु : बाबु लामा तामाङ बाजे : भक्त बहादुर तामाङ ना.प्र.नं. : ४४/२४/११८२७ जारी मिति : २०४६/०३/०७, जि.प्र.का. काठमाडौं । ठेगाना: का.म.पा. वडा नं. ४ ।	**नाम : बिनु लामा** बाबु : देउ प्रसाद गुरुङ पति : प्रदिप लामा तामाङ ससुरा : बाबु लामा तामाङ ना.प्र.नं. : १९३३७ जारी मिति : २०६२/०४/११, जि.प्र.का. काठमाडौं । ठेगाना : का.म.पा., वडा नं. ४ ।

नाम : सकृय लामा
बाबु : प्रदिप लामा तामाङ
बाजे : बाबु लामा तामाङ
ना.प्र.नं. : २७-०१-७१-०६२७८
जारी मिति : २०७१/०९/०३, जि.प्र.का. काठमाडौं ।
ठेगाना : का.म.पा., वडा नं. ४ ।

नाम : दामु तामाङ
बाबु : रकम सिं तामाङ
पति : कामे शेर्पा
ससुरा : लक्षिमान शेर्पा
ना.प्र.नं. : ३७०६२
जारी मिति : २०५८/०४/०३, जि.प्र.का.लमजुङ ।
ठेगाना : नौथर-९, लमजुङ, हाल का.म.पा., वडा नं. ६ ।

धितो सुरक्षणको विवरण

मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंमा प्रदिप लामा तामाङको नाममा दर्ता कायम रहेको का.म.न.पा. वडा नं. ४, नक्सा सिट नं. १०२०९८६१३ स्थित कित्ता नं. १७ को क्षेत्रफल २०२.७० वर्ग मिटर, नक्सा सिट नं. १०२०९८६१८ स्थित कित्ता नं. ६३० र ६३२, को क्षेत्रफल क्रमश : २२०.४६ र ९.९२ वर्ग मिटर को घर जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।

शाखा कार्यालय, त्रिशुली, नुवाकोट

१. ऋणीको विवरण

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७४/०४/२२ मा दर्ता नं. २६४९/०७४/७५ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय बालाजुबाट स्थायी लेखा नं. ६०६४०५३७३ को प्रमाण पत्र प्राप्त **खाती ईन्टरप्राईजेज ।**
प्रोप्राइटर : नारायण बहादुर खाती
ठेगाना : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट

२. ऋणीको विवरण

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७२/०१/२४ मा दर्ता नं. १७७२/०७१/७२ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय कलंकीबाट स्थायी लेखा नं. ६०३२६४८८१ को प्रमाण पत्र प्राप्त **खाती सप्लायर्स ।**
प्रोप्राइटर : पुरुषोत्तम खाती
ठेगाना : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट

१ र २ नं. ऋणीमा व्यक्तिगत जमानी दिनेहरुको विवरण

नाम : नारायण बहादुर खाती बाबु : प्रेम बहादुर खाती बाजे : खड्ग बहादुर खाती ना.प्र नं. : ८७६३६ मिति : २०६०/०७/१२, जि.प्र.का. नुवाकोट ठेगाना : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट	**नाम : सुनिता पण्डित** बाबु : हरि बहादुर पण्डित पति : नारायण बहादुर खाती ससुरा : प्रेम बहादुर खाती ना.प्र नं : २५१००१/५३७४ मिति : २०६८/०७/१६, जि.प्र.का. नुवाकोट ठेगाना : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट
नाम : पुरुषोत्तम खाती बाबु : प्रेम बहादुर खाती बाजे : खड्ग बहादुर खाती ना.प्र नं. : २५१००१/१०९७ मिति : २०६६/०३/०२, जि.प्र.का. नुवाकोट ठेगाना : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट ।	**नाम : रविना पण्डित** बाबु : हरि बहादुर पण्डित पति : पुरुषोत्तम खाती ससुरा : प्रेम बहादुर खाती ना.प्र नं. : २५-०१-७०-१५०३७ मिति : २०७०/११/२५, जि.प्र.का. नुवाकोट ठेगाना : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट ।
नाम : प्रेम बहादुर खाती बाबु : खड्ग बहादुर खाती बाजे : कृष्ण बहादुर खाती ना.प्र नं : २४०९८ मिति : २०४६/०५/१३, जि.प्र.का. नुवाकोट ठेगाना : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट ।	**नाम : सुमित्रा खाती** पति : प्रेम बहादुर खाती ससुरा : खड्ग बहादुर खाती ना.प्र नं : ३३२६३ मिति : २०४९/१०/१३, जि.प्र.का. नुवाकोट ठेगाना : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट ।

धितो सुरक्षणको विवरण

१) मालपोत कार्यालय नुवाकोटमा सुनिता पण्डितको नाममा दर्ता कायम रहेको साबिक त्रिशुली २ हाल बिदुर नगरपालिका वडा नं. ९ स्थित कित्ता नं.१०३ को क्षेत्रफल ५-२-२-३ (रोपनि) को घरजग्गा तथा सोमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।
२) मालपोत कार्यालय नुवाकोटमा प्रेम बहादुर खातीको नाममा दर्ता कायम रहेको साबिक त्रिशुली २ हाल बिदुर नगरपालिका वडा नं. ९ स्थित कित्ता नं.१४९१ को क्षेत्रफल ०-४-१-२ (रोपनि) को घरजग्गा तथा सोमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।
३) मालपोत कार्यालय नुवाकोटमा पुरुषोत्तम खातीको नाममा दर्ता कायम रहेको साबिक त्रिशुली २ हाल बिदुर नगरपालिका वडा नं. ९ स्थित कित्ता नं. २१०६ को क्षेत्रफल ०-३-३-० (रोपनि) को घरजग्गा तथा सोमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।
४) मालपोत कार्यालय नुवाकोटमा पुरुषोत्तम खाति र नारायण बहादुर खातिको नाममा संयुक्त दर्ता कायम रहेको साबिक त्रिशुली ४ हाल बिदुर नगरपालिका वडा नं.८ स्थित कित्ता नं. ८५९ को क्षेत्रफल ४-०-०-० (रोपनि) को जग्गा तथा सोमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।
५) धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी खाती सप्लायर्स कायम रहेको यातायात व्यवस्था कार्यालय, एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको वागमति प्रदेश ०१ ०२५ च ४३४८, इन्जिन नं.: K15BN4137640, च्यासिस नं.MA3NYF915MD770393 भएको १ थान SUZUKI (BREZZA ZXL + DUAL) प्रा.जीप ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

सोमबार ३ वैशाख ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.नं. १७/०६९/०७०

आयुष र एरिक अटाएनन् राष्ट्रिय टोलीमा

गत चैतमा बहराइनमा छनोट खेलेका खेलाडीलाई मात्र इंग्ल्यान्ड भ्रमणमा लगिने

रमेश सुवेदी/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ एन्फाले प्रभावशाली मिडफिल्डर आयुष घलानसहित चार खेलाडीलाई बाहिर राख्दै आइतबार इंग्ल्यान्डको सी टोलीसँग खेल्ने प्रारम्भिक टोली घोषणा गरेको छ। आयुषसँगै एरिक विष्ट, सुरजजिउ ठकुरी र गोलरक्षक दीप कार्की पनि बाहिरिएका छन्। अस्ट्रेलियाबाट तीन महिनादेखि मोफसलमा आयोजना भइरहेको गोल्डकप फुटबल प्रतियोगितामा व्यस्त रहेका स्ट्राइकर विमल घर्तीमगरले पनि इंग्ल्यान्ड जाने प्रारम्भिक टोलीमा स्थान बनाउन सकेनन्। विमल मच्छिन्द्र फुटबल क्लबमा आबद्ध छन्। मच्छिन्द्रले मोफसलमा तीनवटा गोल्डकप उपाधि जितेको छ।

पछिल्लो समय मच्छिन्द्रलाई उपाधि दिलाउन उनले उत्कृष्ट योगदान दिएका छन्। एन्फाले दुई ०८० को चैतमा बहराइनमा फिफा विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत दोस्रो चरणको छनोटमा छानिएका खेलाडी मात्र इंग्ल्यान्ड भ्रमणमा हुने र त्यसबाहेक अन्य खेलाडीलाई समावेश नगरेको टोली व्यवस्थापक भण्डारीले नयाँ पत्रिकालाई जानकारी दिएका छन्। 'एन्फाले बहराइनमा प्रतिस्पर्धा गरेको टोलीलाई नै निरन्तरता दिने निर्णय गरेको छ। सोहीअनुसार केही खेलाडी मात्रै थपेर अभ्यासमा बोलाएका हौं,' भण्डारीले भने।

विश्वकपको दोस्रो चरणको छनोटमा नेपाल बहराइनसँग पहिलो खेलमा ५-० र दोस्रो खेलमा ३-० ले पराजित भएको थियो। एन्फाले इंग्ल्यान्ड जाने २३ सदस्यीय टोलीलाई ११ वैशाखबाट प्रशिक्षण दिनेछ। त्यसअघि प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले २८ सदस्यीय प्रारम्भिक टोलीलाई अभ्यास गराउनेछन्। नेपालले इंग्ल्यान्डको छैटौं डिभिजनको क्लब एल्डरसट टाउन एफसीसँग २६ वैशाखमा खेल्नेछ। '११ वैशाखबाट अभ्यास भए पनि सबै खेलाडी मोफसलमा व्यस्त छन्। त्यसैले समयमै उपलब्ध हुन जानकारी गराएका हौं,' व्यवस्थापक भण्डारीले भने।

आयुष व्यक्तिगत कारण बहराइन गएनन्

आयुषले व्यक्तिगत कारण बहराइनविरुद्धको टोलीमा आफू समावेश नभएको नयाँ पत्रिकालाई बताएका छन्। 'बहराइनसँग खेल्न जाँदा पारिवारिक कारण टोलीसँगै जान पाइनँ, एन्फाबाट अहिले केही खबर आएको छैन,' आयुषले भने, 'किन इंग्ल्यान्ड जाने टोलीमा बोलाइएन थाहा भएन, यसबारे अनभिज्ञ छु।' आयुषले दुई वर्षअघि अस्ट्रेलियाविरुद्ध राष्ट्रिय टोलीबाट डेब्यु गरेका थिए। प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले उनलाई डेब्यु गरायता २२ अन्तर्राष्ट्रिय खेल खेलिसकेका छन्।

पछिल्लो समय प्रशिक्षक एनेससँग सम्बन्ध राम्रो नभएका कारण उनलाई टोलीमा नराखिएको एन्फा स्रोतले बतायो। 'बहराइनविरुद्ध टोलीमा नरहेका रोहित चन्दलाई किन इंग्ल्यान्ड जाने लिस्टमा राखियो,' ती सदस्यले भने। एरिक भारतीय आईलिगमा आबद्ध छन्। उनीलाई समेत एन्फाले जानकारी नै गराएको छैन।

नेपाली टोली

गोलरक्षक : किरणकुमार लिम्बू, अभिषेक बराल, विशाल सुनार, सन्तोष महत

रक्षक : अभिषेक लिम्बू, अनन्त तामाङ, विमल पाण्डे, विशाल बस्नेत, छिरिङ लामा, रोहित चन्द, सनिश श्रेष्ठ, सौभाग्य राई (सन्जित), अजय चौधरी, योगेश

मिडफिल्डर : भरत खवास, लाकेन लिम्बू, मणिकुमार लामा, मनीष डाँगी, उत्सव राई, फत्तेमान घले, रोहन कार्की

स्ट्राइकर : अञ्जन विष्ट, दिनेश हेन्जन, जिलेस्पीजंग कार्की, हिशुब थपलिया, समीर तामाङ, सञ्जीव विष्ट, राजेश परियार

■ मनोहरा र झम्सीखेलको जित



काठमाडौं/ सहिद स्मारक 'सी' डिभिजन लिगअन्तर्गत आइतबार भएको खेलमा मनोहरा युनाइटेड युथ र झम्सीखेल युथ क्लबले जित निकालेका छन्। सातदोबाटोस्थित एन्फा मुख्यालयमा मनोहराले स्पोर्टस् एकेडेमी साँगालाई ३-२ ले हरायो। मनोहराको यो पहिलो जित हो। जितसँगै मनोहराले दुई खेलमा ३ अंक जोडेको छ। साँगाको पनि समान खेलबाट ३ अंक छ। मनोहरालाई जित दिलाउन उत्तम शाही, विशान्त मगर र आविष्कार खड्काले गोल गरे। साँगाका लागि स्यामुएल सुनार र विकास परियारले गोल फर्काए।

खेलको पाँचौं मिनेटमा उत्तमले मनोहरालाई १-० को अग्रता दिलाए। खेलको १५औं मिनेटमा विशान्तले २-० को लागि गोल गरे। साँगाका सामुयलले ३९औं मिनेटमा २-१ को गोलअन्तरमा खेल पुऱ्याए। खेलको ७०औं मिनेटमा आविष्कारले पेनाल्टीमा गोल गर्दा मनोहरा ३-१ ले अघि रह्यो। इन्जुरी समयमा विकासले साँगालाई ३-२ को स्थितिमा राखे।

झम्सीखेलको चार गोल

दोस्रो खेलमा झम्सीखेलले गोलबजार स्पोर्टस् क्लबलाई ४-० ले पराजित गऱ्यो। झम्सीखेलको जितमा ओम धामी, सञ्जय रमटेल, अजय वाइबा र बिकी महर्जनले समान एक गोल गरे। झम्सीखेलले मोफसलको टोलीविरुद्ध पहिलो हाफमै तीन गोल गरेको थियो। खेलको ३२औं मिनेटमा ओमले पहिलो गोल गरे। खेलको ३६औं मिनेटमा सञ्जयले पेनाल्टीमा गोल गर्दै झम्सीखेललाई २-० को स्थितिमा राखे। अजयले ४३औं मिनेटमा गोल गर्दा झम्सीखेल पहिलो हाफमै ३-० ले अगाडि रह्यो। खेलको अन्तिम इन्जुरी समयमा बिकीले झम्सीखेललाई ४-० को जित दिलाए।

■ जितपुरसिमरा गोल्डकप

उपाधिका लागि आज मच्छिन्द्र र पुलिस भिड्ने

बाराबा **इन्दीप कोइराला**

१४औं जितपुरसिमरा गोल्डकप फुटबल प्रतियोगिताले आइतबार नयाँ विजेता पाउने पक्का भएको छ। प्रतियोगितामा फाइनलमा पुगेका मच्छिन्द्र फुटबल र नेपाल पुलिस क्लबले सिमरा गोल्डकप उचालेका छैनन्। साबिक विजेता चर्च ब्वाइज क्लब क्वार्टरफाइनल र पूर्वविजेताहरू सेमिफाइनलबाटै बाहिरिँदा सिमरा गोल्डकपले नयाँ विजेता पाउन लागेको हो। पुलिस आठ वर्षपछि दोस्रोपटक अन्तिम दुईमा पुगेको हो। मच्छिन्द्र पहिलोपटक उपाधिनजिक पुगेको हो। यस सिजनमा मच्छिन्द्र चौथो उपाधि उचाल्ने योजनामा छ। छैटौं संस्करणको फाइनलमा पुलिस त्रिभुवन आर्मी क्लबसँग २-० ले पराजित भएको थियो।

मच्छिन्द्र चौथो संस्करणको सेमिफाइनलमा मनाङ मर्स्याङ्दी क्लबबाट १-० ले पराजित भएको थियो। मच्छिन्द्र १० वर्षपछि प्रतियोगिता खेल्न सिमरा आएको हो। यस सिजनमा उत्कृष्ट फर्ममा रहेको मच्छिन्द्रले गत साता मात्र विराट गोल्डकप हात पारेको थियो। गत वर्ष मोफसलमा आयोजना भएका गोल्डकपमा उत्कृष्ट नतिजा निकाल्ने लक्ष्यसहित मच्छिन्द्रले चर्चित खेलाडीलाई अनुबन्धन गरेको हो। यसैको प्रतिफलस्वरूप मच्छिन्द्रले विराटसहित मकवानपुर र केपी ओली कप उपाधि जितेको छ। मच्छिन्द्रले पहिलो खेलमा त्रिभुवन आर्मी क्लबलाई १-० र सेमिफाइनलमा सलहेश युवा क्लब सिराहालाई २-० ले पराजित गर्दै अन्तिम दुईको स्थान पक्का गरेको थियो। पुलिसले क्वार्टरफाइनलमा आयोजक सिमरालाई २-१ र सेमिफाइनलमा एपिएफ क्लबलाई ३-२ ले पराजित गर्दै उपाधि होडमा आफूलाई उभ्याएको हो।

मच्छिन्द्रको लक्ष्य चौथो उपाधि

मच्छिन्द्रका प्रशिक्षक सन्तोष न्यौपानेले आफूहरू उपाधि जित्नेमा विश्वस्त रहेको बताए। 'हामी सिजनको चौथो उपाधि जित्ने लक्ष्यमा छौं, मोफसलकै प्रतियोगितालाई लक्षित गरी टोली निर्माण गरिएको हो,' उनले भने। पुलिसका प्रशिक्षक चेतन घिमिरेले वर्षको दोस्रो उपाधि जित्ने लक्ष्य रहेको जनाए। वीरगन्ज गोल्डकप उपाधि जितेको पुलिस गत साता तिलौराकोट गोल्डकपको फाइनलमा पराजित भएको थियो। प्रशिक्षक चेतन घिमिरेले ०८०



मा युवा खेलाडी सम्मिलित पुलिसको टोलीले मोफसलमा उत्कृष्ट प्रदर्शन भएको दाबी गरेका छन्। जितपुरसिमरा गोल्डकप उपाधिसहित ०८१ लाई उत्साहजनक बनाउने पुलिसका प्रशिक्षक घिमिरेले बताए। 'हाम्रा ऊर्जावान् युवाशक्तिले यस वर्ष सिमरा रंगशालामा इतिहास रच्नेमा विश्वस्त छु,' उनले भने।

पुलिसका चौधरीले फाइनल गुमाए

पुलिसले उपाधि भिडन्तमा आफ्ना महत्त्वपूर्ण खेलाडी शिशिर चौधरीलाई गुमाउनेछ। दोहोरो पहँलो कार्डका कारण उनी एक खेलमा प्रतिबन्धमा परेका छन्। यसकारण उनले फाइनल गुमाउनेछन्। एपिएफविरुद्धको सेमिफाइनलमा चौधरीले गोल लाइनबाट बल क्लियर गर्दै टोलीलाई फाइनलसम्म पुऱ्याउन महत्त्वपूर्ण भूमिका निभाएका थिए। मच्छिन्द्रले पुलिसविरुद्ध खेलाडी परिवर्तन गरेको छैन।

खेल संक्षेप

६ खेलाडी छनोट

काठमाडौं/ चौथो राष्ट्रिय खुला फ्रेन्डसिप तेक्वान्दो प्रतियोगिताबाट ६ खेलाडी दक्षिण कोरियाको सिओलमा २३ देखि २४ अगस्टसम्म हुने अन्तर्राष्ट्रिय ओपन फ्रेन्डसिप तेक्वान्दो च्याम्पियनसिप (आइओएफटिसी)का लागि छनोट भएका छन्। म्योरोगीमा चार र एकल पुम्सेमा दुई गरी ६ स्पर्धामा पहिलो भएका खेलाडी छनोट भएका हुन्। कोटेश्वर तेक्वान्दो डोजाङको आयोजना तथा नेप्लिज तेक्वान्दो एकेडेमी (एनटिए)को सहआयोजनामा भएको प्रतियोगिताअन्तर्गत म्योरोगीको पुरुष ६३-६८ केजीमा एनटिएका सुवासचन्द्र बोहरा पहिलो भए।

उनले फाइनलमा एनटिएकै आयुश ढुंगेललाई पराजित गरे। पुरुष ५४-५८ केजीमा कोटेश्वरका एलिस ठकुरी फाइनलमा आफ्नै डोजाङका मानदेव भाट क्षेत्रीलाई हराउँदै पहिलो भए। प्रतियोगिताको महिला ४६-४९ केजीमा कोटेश्वर तेक्वान्दो डोजाङकी इशिका राणाले स्वर्ण जितिन्। इशिकाले फाइनलमा चन्द्रागिरिकी सुमित्रा बलामीलाई पाखा लगाइन्। महिलाको ५३-५७ केजीमा चन्द्रागिरिकी सलिना धामी पहिलो भइन्। सलिनाले फाइनलमा चन्द्रागिरिकै रचना कुमाललाई पन्छाइन्। एकल पुम्सेको पुरुषमा एनटिएका भिजन तामाङ तथा महिलामा कोटेश्वरकी सन्ध्या लामा पहिलो हुँदै छनोट भए।

अनुगमनको जिम्मेवारी बोर्ड सदस्यलाई

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजनामा हुने १४औं केन्द्रस्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगितामा समावेश विभिन्न ६ खेलको अनुगमन गर्ने जिम्मेवारी राखेप बोर्ड सदस्यलाई दिइएको छ। भलिबलमा नन्दा बस्याल, एथलेटिक्समा विना श्रेष्ठ, कबड्डीमा पेमा डोल्मा लामा, कराँतेमा अञ्जना श्रेष्ठ, तेक्वान्दोमा अञ्जन धमला र उसुमा प्रकाशकुमार कुसारीले कार्यविवरणसहित अनुगमन गर्ने जिम्मेवारी पाएको राखेपले जनाएको छ। राष्ट्रपति रनिङ सिल्ड मंगलबारबाट सुरु हुँदै छ।

बागमती टिम च्याम्पियन

हेटौंडा/ बागमती प्रदेश खेलकुद विकास परिषद्ले आयोजना गरेको प्रथम अन्तरप्रदेश खेलकुदमा ६१ स्वर्णका साथ बागमती पहिलो भएको छ। बागमतीले ४३ रजत र ३६ कांस्य गरी जम्मा १४० पदक जितेको छ। २१ स्वर्ण जितेको सुदूरपश्चिम प्रदेश दोस्रो भएको छ। सुदूरपश्चिमले २१ रजत २९ कांस्य गरी कुल ७१ पदक जितेको छ। तेस्रो भएको कोशीले १६ स्वर्ण जितेको छ। कोशीले थप २३ रजत र ३६ कांस्य गरेर ७५ पदक जितेको छ।

अल्ट्रा म्याराथनमा धीर र प्रिया प्रथम

जुम्ला/ जुम्ला-रारा अल्ट्रा म्याराथन उपाधि जुम्लाका धीर बुढाले पुरुषतर्फ र खोटाङकी प्रिया राईले महिला विधामा जितेका छन्। धीरले खलंगादेखि



रारातालसम्मको ४९ किलोमिटर दूरी चार घण्टा ५७ मिनेट ३१ सेकेन्डमा पार गरेका थिए।

प्रियाले उपाधि हात पार्न ६ घण्टा सात मिनेट ५७ सेकेन्ड लगाइन्। पुरुषतर्फ जुम्लाकै दलबहादुर कुँवर दोस्रो र शेरबहादुर बुढा तेस्रो भएका छन्। दलबहादुरले चौथो संस्करणको उपाधि जितेका थिए। उनी यसपटक दोस्रो भए। महिलातर्फ जुम्लाकी राज्यलक्ष्मी रावलले ६ घण्टा १५ मिनेट नौ सेकेन्डका साथ दोस्रो स्थान रक्षा गरिन्।

म्याराथनमा चार विदेशी खेलाडीसहित ५४ जना दौडिएका थिए। कर्णाली स्पार्टस् क्लब जुम्लाको आयोजना भएको जुम्ला-रारा अल्ट्रा म्याराथनमा सोलुखुम्बु, खोटाङ, रुकुम पूर्व, कालिकोट, मुगु, ओखलढुंगा, सिन्धुपाल्चोक र जुम्लाका धावकले भाग लिएका थिए। म्याराथनमा प्रथम हुनेलाई एक लाख, दोस्रो हुनेलाई ७५ हजार र तेस्रो हुनेलाई ५० हजार रुपैयाँ दिइएको छ। म्याराथनमा सहभागी हुन सार्क राष्ट्रका धावकलाई १४ हजार पाँच सय र अन्य राष्ट्रका धावकलाई १६ हजार रुपैयाँ दर्ता शुल्क राखिएको थियो।

Gandaki Provincial Government
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate
Infrastructure Development Office
Nawalaparasi (Bardaghat Susta East)

Invitation for Bid

Date of publication: 2081-01-03

Infrastructure Development Office, Nawalparasi (Bardaghat Susta East) invites **online bids only** under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

S. N.	Name of Project	Contract ID	Estimated Cost (Excluding VAT and PS) (NRs.)	Cost of Bid Document (NRs)	Bid Security (NRs)	Remarks	Last Date of Bid Submission
1	Pradeshko antarastriya sima naaka Triveni (Nawalparasi BSE) ma surakshya nikayakaa lagi asthaiyi samrachana nirman	IDO-NAW(BSE)-W-NCB-28-2080/81(Re)	2153523.71	3000	75000	Single Stage Single Envelope	**2081-01-18 (30 April 2024)**
2	Hamal chowk dekhi dakshin sadak starunnati, Devchuli-17	IDO-NAW(BSE)-W-NCB-31-2080/81	2535303.15	3000	75000	Single Stage Single Envelope	**2081-02-02 (15 May 2024)**

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank:- Rastriya Banijya Bank Ltd.
Name of Office: - Infrastructure Development Office, Kawasoti, Nawalparasi (Bardaghat Susta East)
Office Code no. :- 3370146014
Office Account no(Rajaswa).: - 1000100200010000
Rajaswa (revenue) Shirshakno. : 14229

Office Chief

कर्जा चुक्ता गर्न बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०१/०३ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले बर्दघाट शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, जमानीकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

ऋणी संस्थाको नाम : श्री अनन्त बहुमुखी सहकारी संस्था लि रजिष्टर्ड ठेगाना : हकुई, रामग्राम–१६, नवलपरासी (ब.सु.प), हालको ठेगाना: हकुई, रामग्राम–१६, नवलपरासी (ब.सु.प) दर्ता नं: ५/३/२(२२)/०३३/०३४

संचालक तथा जमानीकर्ताको विवरण

१) **नाम : रामकृष्ण थारु (अध्यक्ष जमानीकर्ता)**
बाबु: चौधरी थारु
बाजे : दुधनाथ थारु
पत्नीको नाम: दुखनी थारु
ना प्र नं.: १५२१४ (नवलपरासी)
ठेगाना : नन्दन–०७, नवलपरासी

२) **नाम : वक्सीस अली नाउ (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : मुन्सरिफ नाउ
बाजे : अल्ला भेज नाउ
पत्नीको नाम: : हामिदुन निसा
ना.प्र.नं: ५६८४८ (नवलपरासी)
ठेगाना : हकुइ–०२, नवलपरासी

३) नाम: वाईस मुहम्मद पठान (सदस्य जमनीकर्ता)
बाबु : शाह मुहम्मद पठान
बाजे : बादुल्लाह पठान
पत्नीको नाम: हिरायतिन निसा पठान
ना.प्र.नं: २४१५९, नवलपरासी
ठेगाना: हकुई–०९, नवलपरासी

४) **नाम: चिन्ना केवट (सदस्य जमनीकर्ता)**
बाबु : लाल बिहारी केवट
बाजको : लोचन केवट
पत्नीको नाम: चिन्की केवट
ना.प्र.नं: १२३९६, नवलपरासी
ठेगाना: नन्दन–०८, नवलपरासी

५) **नाम: नारायण चौधरी (सदस्य जमनीकर्ता)**
बाबु : छेदी चौधरी
बाजे : गुलजार चौधरी
पत्नीको नाम: कोठारी देवी चौधरी
ना.प्र.नं: ११३२, नवलपरासी
ठेगाना: अमरौट, नवलपरासी

६) **नाम :राजाराम अहिर (सदस्य जमानीकर्ता)**
बाबु: मल्लु अहिर
बाजे: बासुदेव अहिर
पत्नीको नाम: बालकेशरी अहिर
ना.प्र.नं: १४२६७, नवलपरासी
ठेगाना : अमरवन–०१, नवलपरासी

७) **नाम: दुर्योधन केवट (सदस्य जमनीकर्ता)**
बाबु : स्व.अलगु केवट
बाजे : गोकुल केवट
पत्नीको नाम: तारा केवट
ना.प्र.नं: ३६३०७१/२७, नवलपरासी
ठगाना: शुक्रौली–०१, नवलपरासी

८) **नाम: गणेश अहिर (सदस्य जमनीकर्ता)**
बाबु : महाविर अहिर
बाजे : चिरकुट यादव
पत्नीको नाम: मानमती अहिर
ना.प्र.नं: ३७४१, नवलपरासी
ठेगाना: स्वाठी–०१, नवलपरासी

९) **नाम: रामकेवल यादव (सदस्य जमनीकर्ता)**
बाबु : जगेश्वर अहिर
बाजे : छविलाल यादव
पत्नीको नाम: वृन्दावती यादव
ना.प्र.नं: ३०६/३४१, (नवलपरासी)
ठेगाना: हकुइ–०९, नवलपरासी

१०) **नाम: गंगा प्रसाद यादव (सदस्य जमानीकर्ता)**
बाबु : शिव्वन प्रसाद यादव
बाजे : प्रताप यादव पत्नीको नाम: कमलावती देवी यादव
ना.प्र.नं: ६९/६५६ (नवलपरासी)
ठेगाना : शुक्रौली –०४, (नवलपरासी)

११) **नाम: ओम प्रकाश यादव (सदस्य जमनीकर्ता)**
बाबु : छेदी यादव
बाजे : बद्री यादव
पत्नीको नाम: संगिता कुमारी यादव
ना.प्र.नं: ८१६१९, नवलपरासी
ठेगाना : अमरौट–०५, नवलपरासी

धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :

१) श्री अनन्त बहुमुखी सहकारी संस्था लि. को नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला हकुइ–०३, नक्सा सिट ३क को कित्ता नं.८६३ को क्षेत्रफल ०-२-०-०/६७७.१७ को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत,

२) श्री वासु देव अहिरको नाति, श्री मल्लु अहिरको छोरा हालको नवलपरासी जिल्ला, रामग्राम १४, अमरौड बस्ने श्री शिव प्रसाद अहिरको नाममा मालपोत कार्यालय नवलपरासी मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला अमरौड–०१, नक्सा सिट १क को कित्ता नं. ७७१ को क्षेत्रफल ०-८-१६-०/२९८०.०३ र कित्ता नं ७७२ को क्षेत्रफल १-३-१२.२५-०/७९९६.१३ को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत,

३) श्री जय श्री अहिरको नाति, श्री शंकर यादवको छोरा, हालको नवलपरासी जिल्ला, रामग्राम १६, हकुइ बस्ने श्री अमिन अहिरको नाममा मालपोत कार्यालय परासी (नवलपरासी बर्दघाट सुस्ता पश्चिम) मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला हकुई –०३, नक्सा सिट ३ (क), को कित्ता नं. १२४१ को क्षेत्रफल ०-१-१४-०/५७५.५९ र कित्ता नं १२४३ को क्षेत्रफल ०-१-१६-०/६०९.४५ को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत,

४) श्री फुलेमान थारुको बुहारी, श्री बंश बहादुर चौधरीको श्रीमती हालको नवलपरासी जिल्ला, रामग्राम १६, हकुइ बस्ने श्रीमती अनिता देवी थारु को नाममा मालपोत कार्यालय परासी मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, हकुई–०५ नक्सा सिट ५क को कित्ता नं. १५७ को क्षेत्रफल १-०-२-०/६८०५.५२ को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत,

५) श्री वासु देव अहिरको नाति, श्री मल्लु अहिरको छोरा हालको नवलपरासी जिल्ला, रामग्राम १४, अमरौड बस्ने श्री शिव प्रसाद अहिरको मालपोत कार्यालय नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला अमरौड–०१, नक्सा सिट १क को कित्ता नं. २८२ को क्षेत्रफल ०-७-१०-०/२५३९.३७ र कित्ता नं २८४ को क्षेत्रफल ०-९-३-०/३०९८.०४ को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत,

६) श्री श्यामलाल अहिरको नाति, श्री राम सेवक अहिरको छोरा, श्री राम अवध अहिरको नाममा मालपोत कार्यालय नवलपरासी मा दर्ता श्रेष्ता कायम रहेको:
- नवलपरासी जिल्ला, हकुई–०५, नक्सा सिट ५क को कित्ता नं. ४२७ को क्षेत्रफल ०-१०-०३-०/३४३७.१९, को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत,
- नवलपरासी जिल्ला, हकुई ०२, नक्सा सिट नं २क, कित्ता नं ४६९ को क्षेत्रफल ०-३-१०-०.५/११८५.७२ को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत,
- नवलपरासी जिल्ला, हकुई ०८, नक्सा सिट नं ८, कित्ता नं ११०० को क्षेत्रफल ०-१८-०१-०/६११२.४४ को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत,

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com